वर्ष १

अङ्क ४

# पूर्णिमा



[इतिहास–प्रधान त्रैमासिक पत्रिका]



संशोधन–मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

वर्ष १ अङ्क ४

## [ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]


सम्पादक–
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक–
भोलानाथ पौडेल
( संशोधन-मण्डलद्वारा )

प्रबन्धक–
धनवज्र वज्राचार्य

सहयोगीहरू–
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
नयनाथ पौडेल
दिनेशराज पन्त

# विषयसूची

*कान्तिपुरका राजा प्रताप मल्लको चित्र*

[ यस चित्रको परिचय ४१ पृष्ठमा हेर्नुहोस् । ]

## ( ऐतिहासिक निबन्ध )


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | वैदिक संख्योच्चारणपद्धति र त्यसअनुसारको लिच्छविकालको संख्यालेखनपद्धति | —नयराज पन्त | १—१६ |
| २. | डोयहरू को हुन् ? | —धनवज्र वज्राचार्य | २०—३१ |
| ३. | प्रताप मल्लको शान्तिपुरप्रवेश | —गौतमवज्र वज्राचार्य | ३१—४४ |
| ४. | भक्तपुरको राजकुलो | —भोलानाथ पौडेल | ४४—४६ |
| ५. | पं. वाणीविलास पाँडेका केही कृतिहरू | —नयनाथ पौडेल | ४६—५४ |


## ( ऐतिहासिक सामान )


| | | | |
|---|---|---|---|
| ६. | स्थिति मल्लको पालाको वि.सं. १४४५ को मानचन्द्र शाक्यको ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या | —शङ्करमान राजवंशी | ५४—५७ |
| ७. | नरभूपाल शाहका समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ५७—६१ |
| ८. | श्री ५ रणबहादुर शाहले कुमाउँमा रहेका नेपाली राजदूत श्रीपति पन्थलाई लेखेको पत्र र त्यसको ऐतिहासिक व्याख्या | —दिनेशराज पन्त | ६१—६५ |
| ९. | नालापानीका लडाइँसम्बन्धी अरू ६ पत्र | —महेशराज पन्त | ६५—८२ |
| १०. | राजज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा लेखेको सिद्धान्तज्योतिष | —रामजी तेवारी | ८२—९५ |


## ( गणितविषयक निबन्ध )


| | | | |
|---|---|---|---|
| ११. | त्रिकोणमिति (उत्पत्ति) | —नयराज पन्त | ९६—११० |
| | *हाम्रो वक्तव्य* | | १११—११२ |



[ तात्कालिक चित्रपटबाट ]

## कान्तिपुरका राजा प्रताप मल्ल

जन्म— वि. सं. १६८० ज्येष्ठ २६ गते

मृत्यु— वि. सं. १७३१ वैशाख ६ गते

राज्यकाल—वि. सं. १६९८–१७३१

# वैदिक संख्योच्चारणपद्धति र त्यसअनुसारको लिच्छविकालको संख्यालेखनपद्धति

–नयराज पन्त

तीनवटा बोका, चार धार्नी कपास, पाँच हात कपडा, छ माना दूध इत्यादि प्रकारका भनाइ लोक-व्यवहारमा प्रतिदिन आइरहन्छन् । यहाँ तीन * चार छ यी संख्यावाचक शब्द आएका छन् । यहाँका यी उदाहरणबाट संख्यावाचक शब्द लोकमा नभए व्यवहार चल्न सक्तैन भन्ने स्पष्ट छ ।

वेद प्राचीनतम पुस्तक हो । वेदमा पनि संख्याको उल्लेख पाइन्छ । जस्तै–

"एका च मे तिस्रश्च मे तिस्रश्च मे पञ्च च मे पञ्च च मे सप्त च मे सप्त च मे नव च मे नव च म एकादश च म एकादश च मे त्रयोदश च मे त्रयोदश च मे पञ्चदश च मे पञ्चदश च मे सप्तदश च मे सप्तदश च मे नवदश च मे नवदश च म एकविंशतिश्च[1] म एकविंशतिश्च मे त्रयोविंशतिश्च मे त्रयो-विंशतिश्च मे पञ्चविंशतिश्च मे पञ्चविंशतिश्च मे सप्तविंशतिश्च मे सप्तविंशतिश्च मे नवविंशतिश्च मे नवविंशतिश्च म एकत्रिंशच्च म एकत्रिंशच्च मे त्रयस्त्रिंशच्च मे यज्ञेन कल्पन्ताम् ॥२४॥

चतस्रश्च मेऽष्टौ च मेऽष्टौ च मे द्वादश च मे द्वादश च मे षोडश च मे षोडश च मे विंशतिश्च मे विंशतिश्च मे चतुर्विंशतिश्च मे चतुर्विंशतिश्च मेऽष्टाविंशतिश्च मेऽष्टाविंशतिश्च मे द्वात्रिंशच्च मे द्वात्रिंशच्च मे षट्त्रिंशच्च मे षट्त्रिंशच्च मे चत्वारिंशच्च मे चत्वारिंशच्च मे चतुश्चत्वारिंशच्च मे चतुश्चत्वारिंशच्च मेऽष्टाचत्वारिंशच्च मे यज्ञेन कल्पन्ताम् ॥२५॥

( शुक्लयजुर्वेद १८ अध्याय )

[यज्ञबाट म एक, तीन, पाँच, सात, नौ, एघाह्र, तेह्र, पन्ध्र, सत्र, उन्नाईस, एक्काईस, तेईस, पच्चीस, सत्ताईस, उनन्तीस, एकतीस, तेत्तीस पाऊँ ॥२४॥

यज्ञबाट म चार, आठ, बाह्र, सोह्र, बीस, चौबीस, अट्ठाईस, बत्तीस, छत्तीस, चालीस, चौवालीस, अठचालीस पाऊँ ॥२५॥ ]

---

* तीनवटा बोका भन्दा बोकाको विशेषण भई तीन शब्द आएको छ । यस किसिमको संख्यावाचक शब्दलाई संख्येयवाचक शब्द भन्ने चलन छ । माथिका उदाहरणमा तीन, चार, पाँच, छ संख्येयवाचक भई आएका छन् ।

१ "विंशति" यो रूप यजुर्वेदमा "वि ꣳ शति" यसरी लेखिएको छ । ꣳ को उच्चारण "गूँ" जस्तो गरिन्छ। "त्रिंशत्, अंश" इत्यादिमा पनि यस्तै हुन्छ । यस कारण मूलअनुसारकै रूप लेख्नु बढिया थियो, तर छापाखानामा सो चिन्ह नहुँदा अनुस्वारले काम चलाइएको छ।

लिच्छविहरू "विंशति, त्रिंशत् , वंश" लाई "विङ्शति. त्रिङ्शत्, वङ्श" यसरी लेख्थे । यसैले वैदिक उच्चारणको नजीकै लिच्छवि-उच्चारण थियो कि भन्ने आभास पर्छ । विचार गरी यस विषयमा पछि लेखिनेछ ।

यहाँ ◉ चौबीसौं मन्त्रमा एकदेखि तेत्तीससम्मका बिजोर संख्या दिइएका छन् । पच्चीसौं मन्त्रमा चाहिं चारदेखि अठचालीससम्मका चारका दुनोट ( चार एकान चार, चार दुना आठ इत्यादि) परेका छन् ।

यी दुइ मन्त्रमा दिइएका संख्या—

| | |
|---|---|
| एका + | एक |
| तिस्रः | तीन |
| चतस्रः | चार |
| पञ्च | पाँच |
| सप्त | सात |
| अष्टौ | आठ |
| नव | नौ |
| एकादश (एक र दश) | एघाह्र |
| द्वादश (दुइ र दश) | बाह्र |

◉ यी मन्त्रमा एउटै संख्यालाई दोह्रोऱ्याई दोह्रोऱ्याई जो पढिएको छ, त्यो अत्यन्त आदर देखाउन गरिएको हो । यी मन्त्रमा स्तोम • द्वारा होम गर्ने विधान गरिएको छ । श्रौतसूत्रहरूमा यसको विशेष व्याख्या गरिएको छ ।

हुनत वेदमा धेरै माथिसम्मका संख्याको उल्लेख आएको छ । जस्तै—

"इमा मे अग्न इष्टका धेनवः सन्त्वेका च दश च दश च शतं च शतं च सहस्रं च सहस्रं चायुतं चायुतं च नियुतं च नियुतं च प्रयुतं चार्बुदं च न्यर्बुदं च समुद्रश्च मध्यं चान्तश्च परार्धश्चैता मे अग्न इष्टका धेनवः सन्त्वमुत्रामुष्मिंल्लोके ॥२॥

( शुक्लयजुर्वेद १७ अध्याय)

[ हे अग्नि देवता, यी ईंटहरू × मेरो लेखा इहलोक र परलोकमा एक, दश, शय, हजार, दश हजार, लाख, दश लाख, करोड, दश करोड, पद्म, दश पद्म, सय पद्म, हजार पद्म, दुधालु गाई जस्तै होऊन् ॥२॥ ]

तैपनि लिच्छविकालमा धेरै माथिका संख्या अहिलेसम्म नपाइएकाले यस विषयमा यस निबन्धमा विचार गर्नु प्रसङ्ग मिल्दो हुन आउँदैन ।

+ आहुति (होम) वा इष्टका (ईंट)को विशेषण पारी स्त्रीलिङ्गका रूप यहाँ प्रयोग गरिएका छन् ।

• लय स्वर मिलाई गाना जस्तो गरी पढिने मन्त्र साम भनिन्छन् । देवताको स्तुतिका लागि पढिएको सामविशेष स्तोम भनिन्छ ।

× यज्ञको निमित्त किसिम किसिमका वेदि र किसिम किसिमका ईंट बनाइन्थे । यतैबाट रेखा-गणितको विकास भएको हो । यस विषयमा वि. सं. २०१० भाद्रको "पुरुषार्थ" मा मैले अलिकता कुरा लेखेको छु ।

| | |
|---|---|
| त्रयोदश (तीन र दश) | तेह्र |
| पञ्चदश (पाँच र दश) | पन्ध्र |
| षोडश (छ र दश) | सोह्र |
| सप्तदश (सात र दश) | सत्र |
| नवदश (नौ र दश) | उन्नाईस |
| विंशतिः | बीस |
| एकविंशतिः (एक र बीस) | एक्काईस |
| त्रयोविंशतिः (तीन र बीस) | तेईस |
| चतुर्विंशतिः (चार र बीस) | चौबीस |
| पञ्चविंशतिः (पाँच र बीस) | पच्चीस |
| सप्तविंशतिः (सात र बीस) | सत्ताईस |
| अष्टाविंशतिः (आठ र बीस) | अट्ठाईस |
| नवविंशतिः (नौ र बीस) | उनन्तीस |
| एकत्रिंशत् (एक र तीस) | एकतीस |
| द्वात्रिंशत् (दुइ र तीस) | बत्तीस |
| त्रयस्त्रिंशत् (तीन र तीस) | तेत्तीस |
| षट्त्रिंशत् (छ र तीस) | छत्तीस |
| चत्वारिंशत् | चालीस |
| चतुश्चत्वारिंशत् (चार र चालीस) | चौवालीस |
| अष्टाचत्वारिंशत् (आठ र चालीस) | अठचालीस |

—यस प्रकारका छन् । यी संख्यावाचक शब्दलाई विचार गर्दा आउने नतीजाको विषयमा तल विचार गरिएको छ ।

लिच्छविकालका अभिलेखहरूमा शिव, बुद्ध, विष्णु, देवी आदि देवताको उल्लेख पाइन्छ । तिनमा पनि विशेष गरेर शिव,बुद्ध र विष्णुको उल्लेख पाइन्छ १ ।

तैपनि अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा वेदको पनि उल्लेख लिच्छविकालका अभिलेखमा आदिदेखि अन्त्यसम्म पाइन्छ + । जस्तै—

[ ई ]जे स [त्प]शुभिः सुरानृ[गुणैः] सम्पन्नमन्त्रद्धिभिः
[यज्ञैः कर्म्म] विशुद्धदेहहृदयश्चन्द्रद्युतिः पार्थिवः ५
यूपैश्चारुभिरुच्छ्रितैर्व्वसुमती पित्रा ममालङ्कृता
क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोहं स्थितः १४

( मानदेवको चाँगुको स्तम्भाभिलेखबाट )

---

१ लिच्छविकालका देवताविषयको विशेष विचार अर्को निबन्धमा गरिनेछ ।

+ लिच्छविकालमा शिव बुद्ध विष्णुका जस्ता प्रशस्त उल्लेख भने वेदको पाइँदैन । यस विषयमा पनि अर्को निबन्धमा विचार गरिनेछ ।

[ कर्म गरी शरीर तथा मन शुद्ध भएका, चन्द्रमा जस्ता उज्याला राजा (धर्मदेव) ले भने जस्तै भएका, मन्त्र र ऐश्वर्य पुगेका, असल पशु भएका यज्ञद्वारा देवताको पूजा गर्नु भयो ॥५॥

मेरा बुवाले राम्रा अग्ला मौलाहरूले पृथिवीलाई सिंगार्नुभएथ्यो। लडाइँ रूपी यज्ञको आड लिएर क्षत्रीको धर्मबमोजिम दीक्षा लिएर म बसिरहेछु ॥१४॥ ]

"राज्यं प्राज्यसुखोज्जितद्विजजनप्रत्यर्पिताज्याहुति–
ज्योतिर्ज्वलितशिखाविजृम्भणजिताशेषप्रजापद्रुजम्।
बिभ्रत्कण्टकवर्जितन्निजभुजावष्टम्भविस्फूर्जितं
शूरत्वात्परचक्रकाम इति यो नाम्ना परेणान्वितः॥१७॥"

( द्वितीय जयदेवको पशुपतिको शिलालेखबाट )

[ प्रशस्त सुख पाएका ब्राह्मणहरूले होमिएको घिउको आहुतिका ज्योतिले पैदा भएका ज्वाला मर्कनाले सारा प्रजाको विपत्ति र रोग हटाइएको, आफ्नै बाहुबलको आडले बढाइएको निष्कण्टक राज्य गर्ने भएका जो (राजा जयदेव) शूरा हुनाले परचकाम (शत्रुको मुलुक जित्न खोज्ने) भन्ने अर्को नामले युक्त भएका हुनुहुन्छ ॥१७॥ ]

वेदका अप्रत्यक्ष उल्लेखका यी संकेत हुन्।

"[नरैः] परान्नास्तिकताम्प्रपन्नैस्त्रयीविरोधेन [निवार्य्य]माणः
[धर्म्मो] व्य [वस्था] स्यत नाद्य लोके धर्त्ता त्वमस्या यदि [ना] भविष्यः ॥११॥
... ... कथं वेद इहाभविष्यत्त्वं भारतादिं यदि ना[तनि] ष्यः ॥१२॥"

( हाँडिगाउँको सत्यनारायण मन्दिरको स्तम्भाभिलेखबाट% )

[ हजुरले वेदलाई नअड्याइदिनुभएको भए वेदको विरोध गरेर ,अत्यन्त नास्तिक भइसकेका मनुष्यहरूले छोड्दै गइएको धर्मको व्यवस्था आज संसारमा रहने थिएन। ।११॥...हजुरले भारत आदि नबनाइदिनुभएको भए संसारमा वेद रहने थिएन ॥१२॥ ]

"महर्षौ वैशम्पायने श्रद्धेये...भट्टारकमहाराजश्रीवसन्तदेवे सम्यग्राज्यम्प्रशासति याज्ञिकविप्रसेनेन वेदकृताम्नाय भगवते कारणपूजार्थंब्राह्मणध्रुवसेनेन दत्तम्...भूशतद्वयम्"

[ पाटन खपिंछेको शिलालेखबाट ]

[ श्रद्धेय महर्षि वैशम्पायनमा (श्रद्धा राखी) ... महाराजाधिराज श्रीवसन्तदेवको सुशासनमा... याज्ञिक विप्रसेनले वेदमा अभ्यास गरेका भगवान् (उहाँ वैशम्पायन) को नैमित्तिक पूजा चलाउनाको लागि ब्राह्मण ध्रुवसेनले दुइ शय भूमि दिए।]

वेदका प्रत्यक्ष उल्लेख यी हुन्।

यी उल्लेख देखिनाले लिच्छविहरू वेददेखि सर्वथा अपरिचित थिए वा उनीहरूको वेदमा आस्था

% यो अभिलेखमा द्वैपायन (व्यास) को स्तुति गरिएको छ।

थिएन भन्न सकिँदैन। शिव बुद्ध विष्णुहरूको धेरै उल्लेख र वेदको उल्लेख कम पाइएकोले वैदिक परम्पराको अध्ययन तथा यज्ञहरू केही अंशमा मात्र चलेका थिए भनी भन्न सकिन्छ।

आजभोलि—

दश = १० (एकलाई शून्य दश)
एघाह = ११ (एक र एक एघार)
[ा] बाह = १२ (एक र दुइ बाह)
तेह = १३ (एक र तीन तेह)
... ... ...
उन्नाईस = १९ (एक र नौ उन्नाईस)
बीस = २० (दुइलाई शून्य बीस)
एक्काईस = २१ (दुइ र एक एक्काईस)
... ... ...
चौबीस = २४ (दुइ र चार चौबीस) +
.. ... ...
छब्बीस = २६ (दुइ र छ छब्बीस) +
... ... ...
उनन्तीस = २९ (दुइ र नौ उनन्तीस)
तीस = ३० (तीनलाई शून्य तीस)
एकतीस = ३१ (तीन र एक एकतीस) +
चौतीस = ३४ (तीन र चार चौंतीस) +
... ... ...
छत्तीस = ३६ (तीन र छ छत्तीस) +
सैंतीस = ३७ (तीन र सात सैंतीस) +
अठतीस = ३८ (तीन र आठ अठतीस) +
उनञ्चालीस = ३९ (तीन नौ उनञ्चालीस)
चालीस = ४० (चारलाई शून्य चालीस)
एकचालीस = ४१ (चार र एक एकचालीस) +
... ... ...
सतचालीस = ४७ (चार र सात सतचालीस) +
अठचालीस = ४८ (चार र आठ आठचालीस) +

—यस्तो लेख्ने बोल्ने चलन छ।

आजभोलि नेपाली भाषामा चौबीस भन्छौं, दुइ र चार लेख्छौं। माथि उद्धरण गरिएको मन्त्रमा

---

[ा] यहाँ दशस्थानी अंकलाई पहिले भनी एकस्थानी अंकलाई पछिबाट भनिएको छ।

चार र बीस चौबीस, भन्ने स्पष्ट उल्लेख भएको छ । हाम्रो संख्यावाचक शब्द चौबीस पनि वैदिक परम्पराकै छ । तर हाम्रो सङ्ख्यालेखनपद्धतिमा भने दुइ र चार चौबीस भने पनि चार र दुइ चौबीस भने पनि "चार र बीस चौबीस" भन्ने अर्थ सो लेखनपद्धतिले बुझाउँदैन ।

यसै गरी + यो चिह्न लाइएका छब्बीस, एकतीस, चौंतीस, छत्तीस, सैंतीस, अठतीस, एक-चालीस, सतचालीस, अठचालीस, यी संख्यावाचक नेपाली शब्दमा माथि उद्धारण गरिएको वैदिक संख्योच्चारणपद्धति स्पष्ट देखिन्छ । ÷

यति भन्नाको तात्पर्य वर्तमान संख्यालेखनपद्धति वैदिक वा वैदिक परम्पराका संख्योच्चारणपद्धतिसँग मिल्दैन भन्ने हो ।

... ... ...

लिच्छविकालका कुनै विद्वान्ले लेखेका प्रामाणिक पुस्तक हामीले अझसम्म पाउन सकेका छैनौं । यस कारण उनीहरूको गणितप्रक्रिया कस्तो थियो, सो अहिले ठोकेर भन्न सकिंदैन । तर मानदेवको चाँगुको स्तम्भको अभिलेखमा र मानदेवकी छोरी विजयवतीको पशुपति सूर्यघाटको शिवलिङ्गको अभिलेखमा प्रत्येक श्लोकको समाप्तिमा केही चिह्न दिइएका छन् । ती चिह्न दुवै अभिलेखमा एकै थरी परेका छन् । यस कारण ती चिह्न श्लोकका संख्याबोधक हुन् भन्ने देखिन्छ । ती अभिलेखमा पाइएका एकदेखि दशसम्मका अंकहरू—

... ... ...

 एक

 दुइ

 तीन

 चार

---

÷ हुनत एघाह बाह इत्यादिमा पनि यो कुरो छ । तर प्राकृत भई घुमी आएकोले कुरो अलि घुमाउरो हुनाले स्पष्ट देखिने ठाउँका उदाहरण यहाँ दिइएका हुन् ।



पाँच


छ


सात


आठ


नौ


दश

यहाँ दिइएका चार पाँचे छका अंक विजयवतीका अभिलेखका मात्र हुन्। किनभने मानदेवको चाँगुको अभिलेखमा चारौं पाँचौं छैटौं श्लोकका अङ्क फुटिसकेका छन्। एक र दुइका अङ्क रत्नसङ्घको देउपाटनको अभिलेखमा पनि पाइन्छन्।

विजयवतीको अभिलेखमा ६ श्लोक मात्र भएकाले ६ भन्दा माथिका अङ्क त्यहाँ पाइँदैनन्। मानदेवको चाँगुको अभिलेखमा १६ श्लोक भएकाले १६ सम्मका अङ्क त्यहाँबाट चिन्न सकिन्छ। तर मानदेवको सो स्तम्भाभिलेत्र छेउछेउमा फुटेकोले ११, १२ इत्यादि श्लोकका चिह्न त्यहाँ देखिंदैनन्,

तर सौभाग्यले पन्ध्रौं सोन्हौं,र सत्रौं श्लोकका चिह्न बचेका छन् । ती यस प्रकारका छन्—



पन्ध्र

सोह्र

सत्र

यताबाट पाँचको अङ्क र दशको अङ्क मिली पन्ध्रको अङ्क, छको अङ्क र दशको अङ्क मिली सोह्रको अङ्क सातको अङ्क र दशको अङ्क मिली सत्रको अङ्क बनेको स्पष्ट देखिन्छ ।

आजभोलि हामीहरू पाँच र दश मिलाई पन्ध्र, छ र दश मिलाई सोह्र, सात र दश मिलाई सत्र लेख्तैनौं । आजभोलिको प्रणालीअनुसार—

पाँच र दशका अंक मिलाउँदा १०५ (एक शय पाँच) हुन्छ ।
छ र दशका अंक मिलाउँदा १०६ (एक शय छ) हुन्छ ।
सात र दशका अंक मिलाउँदा १०७ (एक शय सात) हुन्छ ।

यी तीन उदाहरणबाट पञ्चदश ( पाँच र दश ) भनी वैदिकहरू बोल्दथे × । जस्तो वैदिकहरू बोल्दथे, त्यसै गरी पाँच र दश मिलाई मानदेवको अभिलेखमा पन्ध्रौं श्लोकको अङ्क लेखिएको छ । षोडश(छ र दश) सप्तदश ( सात र दश) भनी वैदिकहरू बोल्दथे । त्यसै गरी छ र दशको अङ्क मिलाई सोह्रौं श्लोकको अङ्क , सात र दशको अङ्क मिलाई सत्रौं श्लोकको अङ्क मानदेवको अभिलेखमा लेखिएको छ ।

यतिबाट पनि वैदिक संख्योच्चारणअनुसारको लिच्छविकालको संख्यालेखनपद्धति थियो भन्ने कुरा देखिन आउँछ । यसलाई बल दिने अरू पनि प्रमाण पाइन्छन् । जस्तै—

---

× वैदिकहरू संख्या कसरी लेख्दथे, सो अहिले हामीलाई थाहा छैन । किनभने, वैदिक कालका कुनै अभिलेखहरू हामीले पाउन सकेका छैनौं ।

" राज्ञः श्रीमानदेवस्य सम्य[क्पा]लयतः प्रजाः
तत्पादभक्त्या विधिवद्रत्नसङ्घेन सर्व्वदा ।
रत्नेश्वरः प्रयत्नेन स्थापितोयं सुरोत्तमः

भगवते रत्नेश्वराय रत्नसङ्घेन दत्तं क्षेत्रं यथा



दुंलङ्ग्रामप्रदेशे पञ्चानां शतानाम्भूमि


खोपृङ्ग्रामप्रदेशे त्रयाणां शतानाम्भूमिः

दुंप्रङ्ग्रामप्रदेशे शतस्य भूमिः

ह्मस्प्रिङ्ग्रामप्रदेशे द्व्यर्द्धस्य शतस्य भूमिः

बिलिविच्चप्रदेशे अर्द्धतृतीयस्य भूमिः

वाग्वतीपारप्रदेशे शतद्वयस्य भूमिः

बेम्मायामशीत्युत्तरस्य शतस्य भूमिः 

खैनष्पुप्रदेशे नवत्या भूमिः 

वल ... लप्रदेशे शतद्वयस्य भूमिः 

यूपग्रामक्षेत्रप्रदेशे शतद्वयस्य भूमिः 

( रत्नसंघको देउपाटनको अभिलेखबाट )

[ राजा मानदेवबाट प्रजाको राम्ररी पालना गरिरहनुभएको वेलामा उहाँको पाउको सधैं भक्ति गर्ने रत्नसंघले ठूला देवता रत्नेश्वरलाई विधिपूर्वक कोशिशसाथ स्थापना गरे।

भगवान् रत्नेश्वरलाई रत्नसङ्घले चढाएका खेत—दुलङ्ग्राममा पाँच शय ५०० भूमि, खोपृङ्ग्राममा छ शय ६०० भूमि, दुंप्रङ्ग्राममा एक शय १०० भूमि, झस्प्रिङ्ग्राममा अढाई शय २५० भूमि, विलिविच्चमा अढाई शय २५० भूमि, वाग्वतीपारि दुइ शय २०० भूमि, बेम्मामा एक शय असी १८० भूमि, खैनष्पुमा नब्बे ९० भूमि, वल ... लमा दुइ शय २०० भूमि, यूपग्राममा दुइ शय २०० भूमि ।]

यताबाट लिच्छविकालका मुख्य गरी मानदेवका पालाका—

नवतिः ÷  नब्बे

शतम्  एक शय

÷ अभिलेखमा दिइएको षष्ठ्यन्त रूपलाई यहाँ प्रथमान्त बनाई लेखिएको छ।

● अशीत्युत्तरं शतम्



एक शय असी

+ शतद्वयम्



दुइ शय

● अशीत्युत्तरस्य शतस्य

" अशीत्युत्तर शत " को अर्थ " असी बढ्ता भएको सय " भनी गर्न विशेष गाह्रो छैन । यस्ता प्रयोग अन्त पनि प्रशस्त पाइन्छन् । जस्तै—

त्रिशत्यह्नां सषट्षष्टिरब्दः षट् चर्त्तवोऽयने ।
मासा द्वादश सौराः स्युः ... ... ...

( याजुषज्यौतिष २८ श्लो. )

[ एक बर्षमा छयसट्ठी बढ्ता भएका तीन सय (तीन सय छयसट्ठी) दिन, बाह्र सौर महीना, छ ऋतु, दुइ अयन हुन्छन् । ]

षट्शती त्र्यधिका भवेत्

( याजुषज्यौतिष ३८ श्लो. )

[ तीन बढ्ता भएको छ शय ( छ शय तीन ) ]

सखे नवानां च चतुर्दशानां ब्रूहि त्रिहीनस्य शतत्रयस्य ।
पञ्चोत्तरस्याप्ययुतस्य वर्गं जानासि चेद्वर्गविधानमार्गम् ॥

न्यासः ९।१४।२९७।१०००५। एषां यथोक्तकरणेन जाता वर्गाः।—८१।१९६।८८२०९। १००,१०००२५।

(लीलवतीको वर्गप्रकरण)

[ हे साथी, वर्ग गर्न जान्दछौ भने नौ, चौध, दुइ शय सन्तानब्बे, दश हजार पाँचका वर्ग भन । ९।१४।२९७।१०००५। का वर्ग गरी आएका उत्तर—८१।१९६।८८२०९।१००,१०००२५।]

यही दश हजार पाँच भन्न "पञ्चोत्तरम् अयुतम् " ( पाँच बढ्ता भएको दश हजार ) भनिएको छ ।

+ शतद्वयस्य

' शतद्वय " को अर्थ दुइ शय हुन्छ भनी गर्न गाह्रो छैन । लीलावतीको माथि उद्धरण गरिएको श्लोकमा " दुइ शय सन्तानब्बे " भन्न 'त्रिहीनं शतत्रयम्' ( तीन घटेको तीन शय ) भनी लेखिएको छ । यहाँ शतत्रयले शयको तीन गुनालाई बुझाएको छ । यसै गरी शतद्वयले शयको दुइगुनालाई बुझाउँछ ।

● द्व्यर्द्ध शतम्
वा
× अर्द्धतृतीयं शतम्

# २५०

दुइ शय पचास

---

● द्व्यर्द्धस्य शतस्य

" द्व्यर्द्ध " यो शब्द कौटल्यले पनि प्रयोग गरेका छन् । जस्तै—

दन्तमूलपरीणाहद्विगुणं प्रोज्भय कल्पयेत् ।
अब्दे द्व्यर्धे नदीजानां पञ्चाब्दे पर्वतौकसाम् ॥२५॥

( कौटलीय अर्थशास्त्र २ अधिकरण ३२ अध्याय )

दन्तमूलपरीणाहद्विगुणं त्रिषाणमूलपरिच्छेपमानद्विगुणमानं भागं, प्रोज्भय परिहाय, कल्पयेत् छित्वा गृह्णीयात्, प्रोज्भितातिरिक्तं दन्तभागमित्यर्थः । छेदकालमाह—अब्दे द्व्यर्धे सार्धे वर्षद्वये अतीते, नदीजानां नदीचारिणां हस्तिनां, पञ्चाब्दे अतीते, पर्वतौकसां गिरिचराणाम् ॥

( गणपति शास्त्रीको टीका )

[ नदीका आसपासमा हुने हात्तीको द्व्यर्ध वर्षमा (आधासमेतको दुइ वर्षमा=अढाई अढाई वर्षमा) तथा पहाडी प्रदेशमा हुने हात्तीको पाँच पाँच वर्षमा फेदको मोटाइको दोबर भाग छोडेर दाह्रा काट्नू । ]

' अब्दे ' को विशेषण पारी कौटल्यले " द्व्यर्ध " यो एक वचनको रूप प्रयोग गरेका छन् । यहाँ रत्नसंघको अभिलेखमा पनि ' द्व्यर्द्धस्य शतस्य ' भनी एकवचन नै प्रयोग गरिएको छ ।

' द्व्यर्द्ध ' को अर्थ सादे दुइ (अढाई) भन्ने देखिन्छ । 'द्व्यर्द्धस्य' को विशेष्य "शतस्य" भएको हुनाले "द्व्यर्द्धस्य शतस्य" को अर्थ अढाई सय हुन आउँछ । यस अभिलेखमा हेर्दा "अर्द्धतृतीयस्य" को संगै रहेको अङ्क र द्व्यर्धस्य शतस्य, को सँगै रहेको अङ्क एकै नासका देखिन्छन् । यस कारण दुवैको अर्थ अढाई शय भन्ने देखिन्छ ।

नोलीको " नेपालीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारेक्टर्स् (नेपालका गुप्ताक्षरी अभिलेख)" को ६ पृष्ठमा " द्व्यर्द्धस्य शतस्य १००५०" "अर्द्धतृतीयस्य २००५०" लेखिएको छ । त्यसैको पछि लागी " इतिहास–संशोधनको प्रमाणप्रमेय" को २६४ पृष्ठमा र "इतिहास–संशोधन" ५६ क्रमागत संख्यामा "द्वर्द्धस्य शतस्य" को अर्थ डेढ शय लेखिएको छ । तर सो ठीक देखिदैन ।

× अर्द्धतृतीयस्य

"अर्द्धतृतीय" यो शब्द कौटल्यले पनि प्रयोग गरेका छन् । जस्तै—

एवमर्धतृतीयानामब्दानामधिमासकम् ।
ग्रीष्मे जनयतः पूर्वं पञ्चाब्दान्ते च पश्चिमम् ॥७१॥

( कौटलीय अर्थशास्त्र २।२०। )

एवम अनेन प्रकारेण, अर्धतृतीयानामब्दानाम् अर्धोनतृतीयानां वर्षाणाम् अर्थान्माघप्रभृतीनां त्रिंशतो मासानां, ग्रीष्मे पूर्वम्, अधिमासकम् अधिकमासं त्रिशत्तमं द्वितीयम् आषाढं, पञ्चाब्दान्ते अर्थात् पुनरर्धतृतीयवर्षात्मनां श्रावणप्रभृतीनां त्रिंशतो मासानामन्ते, पश्चिममधिमासकं च उत्तरमधिमासकं च अर्थात् त्रिंशत्तमं द्वितीयं पौषं च, जनयतः अर्कचन्द्रमसौ ॥

(गणपति शास्त्रीको टीका)

[ यसरी सूर्य र चन्द्रमाले अर्धतृतीय वर्षमा ( आधा घटेको तेस्रो बर्षमा=अढाई बर्षमा ) ग्रीष्म ऋतुमा (आषाढमा) पहिलो अधिमास पार्छन्, पाँच वर्षको अन्त्यमा ( पाँचौ वर्षको अन्त्यको पौषमा ) पछिल्लो अधिमास पार्छन् । ]

पूरणप्रत्ययान्त शब्दको अघिल्तिर अर्ध शब्द जोड्दा पूरणप्रत्ययान्त भएको सो संख्यावाचक शब्दमा आधा घटेको संख्यालाई बुझाउँछ भन्ने कुरा अन्तअन्तबाट पनि बुझिन्छ। जस्तै—

अर्धपञ्चमभस्त्वृतुः

( याजुषज्यौतिष १० श्लोक )

अर्धपञ्चमभस्त्वृतुः । ऋतौ ऋतौ सार्धश्चत्वार ऋक्षा ( सार्धानि चत्वारि ऋक्षाणि ) भवन्ति ।

( सोमाकरको भाष्य )

---

ऋतुश्चार्धपञ्चमभः । पञ्चमभस्य यदर्धं सार्धवेद=$४\frac{१}{२}$ सूर्यनक्षत्राणि चैकर्त्तौ भवन्ति । ......... अथैकस्मिन् वर्षे सूर्यनक्षत्राणि=२७। षड्भिर्हृतानि लब्धान्येकर्त्तौ सूर्यनक्षत्राणि=$\frac{२७}{६}$=$४\frac{१}{२}$

(सुधाकरको भाष्य)

[ अर्धपञ्चम (साढे चार) नक्षत्रको एक ऋतु हुन्छ ।

१ वर्षमा सूर्यले २७ नक्षत्र भोग गर्छन् । यस कारण एक ऋतुमा ( १ वर्षको ६ खण्डको १ खण्डमा ) सूर्यले साढे चार नक्षत्र भोग गर्ने हुनाले साढे चार सूर्यनक्षत्रको एक ऋतु हुन आयो । ]

" अर्धतृतीयस्य " यो शब्दको अघिल्तिर गएको " शतस्य" शब्दसँग सम्बन्ध देखिन्छ । " अर्ध-तृतीयानां शतानाम् " भएको भए व्याकरणको दृष्टिबाट राम्रो हुन्थ्यो । जे भए तापनि " अर्द्ध तृतीयस्य शतस्य" को अर्थ अढाई सय भन्ने कुरामा शङ्का देखिंदैन ।

•षट् शतानि  छ शय

— यी अंक चिह्निन्छन्

" श्रीमानदेवनृपतेश्वरणप्रसादात्... . . ...

प्रभुसङ्घनाम्नः लिङ्गाश्रिताकृतिरियञ्जगतो हिताय।

प्रभुकेश्वरस्य क्षेत्राभिलेख्यं यथा... (प्र) देशे (प)ञ्चाशतो भूमिः 

... प्रदेशे त्रिंशतो भूमिः 

... सीताटीजोल्प्रिप्रदेशे चत्वारिंशतो भूमिः 

( प्रभुसंघको देउपाटनको अभिलेखबाट)

---

• ' पञ्चानां |शतानां, षण्णां शतानाम्

यहाँ "शत" को विशेषण पारी पञ्च, षट् शब्द प्रयोग गरिएका छन्। यस्ता प्रयोग वेदमा पनि पाइन्छन्। जस्तै—

सप्त शतानि विंशतिश्च

( ऋग्वेद १।२२।१६४।११ )

सप्त शतानि विंशतिश्च विंशत्युत्तरसप्तशतसंख्याकाः

( सायण भाष्य )

' सप्त शतानि विंशतिश्च' को अर्थ बीस बढ्ता भएको सात शय अर्थात् सात शय बीस हुन्छ भनी सायणले बोलेका छन्। यसको प्रमाणको लागि उनले '' सप्त च वै शतानि विंशतिश्च संवत्सरस्याहोरात्राः- (ऐतरेयारण्यक ३।२।१)= एक वर्षमा दिन र त गरी सात शय बीस हुन्छन् ' यो उद्धरण गरेका छन्।

[राजा श्रीमानदेवको पाउको निगाहबाट प्रभुसंघले दुनियाँको हितको लागि यो शिवलिङ्गको स्थापना गरे।

... ... प्रभुकेश्वरको निमित्तको खेतको बेहोरा जस्तै— ठाउँमा ५० भूमि···ठाउँमा तीस ३० भूमि···सीताटीजोलप्रिं ठाउँमा चालीस ४० भूमि ]

यताबाट—

त्रिंशत्  तीस

चत्वारिंशत्  चालीस

पञ्चाशत्  पचास

यी अङ्क चिह्निन्छन्।

" देयधर्म्मीयम्परमोपासिकाया विशिष्टधर्म्मपालभोगिन्या मृगिन्या... ... गन्धकुटीप्रतिसंस्करणाय तदप्रयोजने च ... महायानप्रतिपान्नर्यभिक्षुणीसङ्घपरिभोगायाक्षयणीवी प्रतिपादिता पनप्फुनामपश्चिम-प्रदेशे भूमिशत (म्) 

पिण्डमान्या पञ्चाश (त्) 


ग्रामदक्षिणप्रदे (शे) भूमि षष्टि (:) 

पिरडमान्या षट्त्रिङ्श ( त्) 

( पाटन चपटोलको मृगिनीको अभिलेखबाट )

[बौद्ध धर्मकी ठूली भक्तिनी धर्मपालकी मुख्य भित्रिनी मृगिनीले धर्म गरी यो दान गरियो। गन्धकुटीविहार = (बहालविशेष ) को मरम्मत गर्नाको निमित्त सो काम नपरेमा महायान-संप्रदायका भिक्षुणीसंग ( बौद्ध संप्रदायका जोगिनीहरूको जमात ) लाई खानापिनाको निमित्त पनप्फु भन्ने ठाउँको पश्चिममा शय १०० भूमि, त्यसको कूत पचास ५० मानिका, गाउँको दक्षिणमा साठी ६० भूमि, त्यसको कूत छत्तीस ३६ मानिका कोइलाकाँटा गरी गूठी राखियो।]

यताबाट —

× षट्त्रिंशत्  छत्तीस

---

× यहाँ छ र तीसका दुइटा अंक मिलाई छत्तीसको अङ्क बनाइएको छ । यसलाई छ र तीस छत्तीस भने पनि हुन्छ, तीस र छ छत्तीस भने पनि हुन्छ। नेपालीमा छ र तीस छत्तीस भन्ने चलन छ। नेवारीमा स्वीखु ( तीस र छ ) भन्ने चलन छ। लिच्छविहरू छ र तीस छत्तीस भन्थे वा तीस र छ छत्तीस भन्थे, सो अहिलेसम्म पक्का गरी हामीले थाहा पाउन सकेका छैनौं, किनभने लिच्छविहरूको मातृभाषा के थियो भन्ने कुरो अहिलेसम्म निर्णय हुन सकेको छैन।

लिच्छविहरू राजकाजमा संस्कृत भाषाको प्रयोग गर्थे। लिच्छविकालका राजा, भारादार, विद्वान्, साहूमहाजन, भिक्षु ( बौद्ध जोगी ) तथा सामान्य गृहस्थहरूले पनि संस्कृतभाषामै आफ्नो लेख लेखाएर राखेका छन्। लिच्छविकालको लेख संस्कृतबाहेकको भाषामा अहिलेसम्म हामीले पाउन सकेका छैनौं। धर्मपालकी भित्रिनी मृगिनीले राख्न लाएको पाटन चपःटोलको यो अभिलेखमा विहार (बहाल) को मरम्मत गर्न र भिक्षुणी ( बौद्ध जोगिनीहरू )को खानपानको लागि जग्गा गूठी राखेको कुरा परेको छ। मृगिनी कुन जातकी थिइन्, उनको मातृभाषा के थियो, सो कुरो हामीलाई थाहा छैन । यहाँ षट्त्रिंश (त्) (छ र तीस) छत्तीस लेखी छ र तीसको अङ्क सँगसँगै लेखिएका छन् । यस कारण संस्कृतभाषाको प्रभावमा यो छत्तीस पनि छ र तीस अङ्क मिलाई लेखिएको हो भन्ने देखिन आउँछ।

बौद्धहरूमा केहीले पालि भाषामा र केहीले संस्कृत भाषामा आफ्ना धर्मग्रन्थ सुरक्षित गरी राखेका छन्। यस कारण पालि भाषाले नेपालमा प्रभाव पारेको थियो भनी माने पनि वैदिक भाषाबाट नै पालि भाषा निस्केकोले वैदिक संख्योच्चारणपद्धतिअनुसारकै संख्योच्चारणपद्धति पालिमा पनि छ।

×पञ्चाशत्  पचास

षष्टि :  साठी

यी अङ्क चिनिन्छन् ।

यति कुराबाट लिच्छविकालका अंकहरू एकदेखि दशसम्म भिन्न भिन्न प्रकारका थिए ।

---

जस्तै—

| वैदिक | पालि | नेपाली |
|---|---|---|
| षट् | छ | छ |
| सप्त | सत्त | सात |
| अष्ट, अष्टौ | अट्ठ | आठ |
| एकादश | एकादस, एकारस | एघाह्र |
| द्वादश | बारस, द्वादस | बाह्र |
| त्रयोदश | तेरस, तेलस | तेह्र |
| चतुर्दश | चुद्दस, चोद्दस, चतुद्दस | चौध |
| पञ्चदश | पञ्चदस, पन्नरस | पन्ध्र |
| षोडश | सोलस, सोरस | सोह्र |
| षड्विंशतिः | छब्बीसति | छब्बीस |
| षट्त्रिंशत् | छत्तिंसति | छत्तीस |

[ भिक्षु जगदीश काश्यपको पालिमहाव्याकरणको १६८-१७० पृष्ठको आधारमा ]

यस कारण वैदिक संख्योच्चारणपद्धतिको अनुकूल लिच्छविसंख्यालेखनपद्धति थियो भन्ने कुरामा पालिभाषाले बाधा दिंदैन । अरू बढ्ता प्रमाण पाएपछि बढ्ता विचार गरिनेछ ।

×रत्नसंघ र प्रभुसंघको अभिलेखमा पाइएका पचासको चिह्न र पाटनको चपःटोलको अभिलेखमा पाइएको पचासको चिह्नको आकार त मिल्छ, मुख भने उल्टोपुल्टो परेको छ । पहिलो (रत्नसंघ र प्रभुसंघको) पचास नै धेरै ठाउँमा पाइन्छ । अहिले यस विषयमा यसभन्दा बढ्ता भन्न सकिंदैन ।

एकको अङ्क र दशको अङ्क मिलाई एकादश (एघाह) •
दुइको अङ्क र दशको अङ्क मिलाई द्वादश ( बाह )
नौको अङ्क र दशको अङ्क मिलाई नवदश (उन्नाईस)
—लेखिन्थ्यो ।

बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी, नब्बेलाई बुझाउने भिन्न भिन्न अङ्क थिए । जस्तो दशलाई बुझाउने एउटा मात्र अङ्क थियो, त्यसै गरी दशका नौसम्मका दुनोट ( बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी, नब्बे )लाई बुझाउने पनि एउटा एउटा मात्र अङ्क थिए । एक र बीसको अङ्क मिलाई एकविंशतिः (एककाईस) एक र तीसको मिलाई एकत्रिंशत् (एकतीस) नौ र नब्बेको अङ्क मिलाई नवनवतिः (उनान्शय) लेखिन्थे ।

शयको अङ्क भिन्नै थियो । सो पनि एउटै अङ्कको थियो । एक शय एक लेख्नु पर्दा एक र शयको दुइटा अङ्क मिलाई लेखिन्थ्यो। एक शय दश लेख्नुपर्दा दश र शयका दुइटा अङ्क मिलाई लेखिन्थ्यो। एक शय पचास लेख्नुपर्दा पचास र शयको दुइटा अङ्क मिलाई लेखिन्थ्यो । एक शय एघाह लेख्नुपर्दा एक, दश, शयका तीनवटा अङ्क मिलाई लेखिन्थ्यो। शयको अङ्कमा दायाँतिर कान दिई दुइ शयको अङ्क लेखिन्थ्यो । दुइ शय पचास लेख्नुपर्दा पचास र दुइ शयका दुइ अङ्क मिलाई लेखिन्थ्यो । शयको अङ्क र पाँचको अङ्कलाई बीचमा धर्कोले जोडी एउटै पारी पाँच शयको एउटा अङ्क, शयको अङ्क र छ को अङ्कलाई बीचमा धर्कोले जोडी एउटै पारी छ शयको एउटा अङ्क बनाइन्थ्यो भन्ने कुरा स्पष्ट देखिन्छ ।

यसबाट लिच्छविकालमा एकदेखि नौसम्मका नौवटा अङ्क, दशका दुनोट ( दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी, नब्बे) का नौवटा अङ्क, शयका दुनोट ( दुइ शय, तीन शय, चार शय, पाँच शय,छ शय, सात शय, आठ शय, नौ शय) का नौवटा अङ्क जम्मा, सत्ताईस अङ्क अवश्य थिए भन्ने देखिन आउँछ । नौ शयभन्दा माथिका अर्थात् एक हजार आदि संख्या लिच्छविकालमा यसरी नै लेखिन्थे भनेर अहिले किटान गरेर भन्न हामीसँग कुनै साधन छैन ।

---

• यहाँ एकस्थानी अङ्कलाई पहिले भन्ने र दशस्थानी अङ्कलाई पछि भन्ने तथा एकस्थानी अङ्कको बायाँतिर दशस्थानी अङ्क लेख्ने चलन देखिन्छ ।

संस्कृतको एकादश, पालिमा एकारस, पालिको एकारस नेपालीमा एघाह बनेको छ । यताबाट संस्कृत पालि नेपालीमा एक र दश एघाह भनेको देखिन्छ ।

[ नेवारी भाषा र तामाङभाषामा भने दश र एक एघाह भनेको देखिन्छ। किनभने नेवारीमा 'झिमछि' ( दश र एक=एघाह) 'झिमनि' (दश र दुइ=बाह) भनिन्छ । तामाङभाषामा पनि चुकि (दश र एक=एघाह) चुङि (दश र दुइ=बाह) भनिन्छ।

—देवीप्रसाद भण्डारी ]

आजभोलि एकदेखि नौसम्मका नौवटा अङ्क र शून्यको एउटा अङ्कसमेत जम्मा दशवटा अङ्कबाट जुनसुकै संख्यालाई पनि हामी प्रकट गर्न सक्छौं। तीन हजार चार शय पचीस=३४२५ यहाँ सबभन्दा दायाँपट्टिको अङ्क ५ लाई एकस्थानको अङ्क, एकस्थानको ५ को अङ्कको सबभन्दा नजीक बायाँपट्टि रहेको अङ्क २ लाई दशस्थानको अङ्क, दशस्थानको २ को अङ्कको सबभन्दा नजीक बायाँपट्टि रहेको अङ्क ४ लाई शतस्थानको अङ्क, शतस्थानको ४ को अङ्कको सबभन्दा नजीक बायाँपट्टि रहेको अङ्क ३लाई सहस्रस्थानको अङ्क भनिन्छ। यी अङ्कले आफ्नो आफ्नो स्थानको मान बुझाउँछन्। ३ ले ३ बाजि आएको हजार (३०००), ४ ले ४ बाजि आएको शय (४००), २ ले २ बाजि आएको दश (२०), ५ले १ बाजि आएको पाँच (५) लाई बुझाउँछन्।

३००५=तीन हजार पाँच। यहाँ एकस्थानको अङ्क ५ छ, दशस्थानको अङ्क छैन, शतस्थानको अङ्क पनि छैन, सहस्रस्थानको अङ्क ३ छ भन्ने बुझिन्छ।

जुन स्थानको अङ्क छैन, त्यस स्थानमा शून्य लेख्ने अहिलेको चलन छ। यताबाट दायाँबाट बायाँतिर क्रमशः दश दश गुना स्थान बढाउँदै लाने र जुन स्थानका अङ्क छैनन्, त्यहाँ शून्य लेखिदिने चलन अहिलेको संख्यालेखनप्रणालीमा छ भन्ने स्पष्ट हुन्छ।

दश लेख्नुपर्दा एकस्थानी अङ्क नभएको र दशस्थानी अङ्क १ भएकोले १ लाई ०, १० लेखी अहिले काम चलाइन्छ। यसै गरी शय लेख्नुपर्दा एकस्थानी दशस्थानी दुवै अङ्क नभएका र शतस्थानी अङ्क १ भएकोले १ को दायाँतिर दुइटा शून्य लेखी काम चलाइन्छ।


लिच्छविकालमा ० को चलन नहुँदा+ जुन स्थानको अङ्क छैन, त्यसको ठाउँमा शून्य लेख्न सकिँदैनथ्यो। यस कारण स्थानीय मानअनुसार संख्या लेख्न सकिँदैनथ्यो भन्ने देखिन्छ।

लिच्छविकालका अङ्कविषयका यति कुराबाट लिच्छविकालको संख्यालेखनपद्धति संख्योच्चारणपद्धतिको अनुसार थियो र सो पद्धति वैदिक परम्पराबाट अनुप्राणित थियो भन्ने देखिन आउँछ ×।

---

+ शून्य शब्द लिच्छविकालमा थिएन भनेको होइन। शून्यलाई बुझाउने चिह्नविशेष थिएन भनेको हो।

शून्यलाई बुझाउने चिह्न भारतमै आविष्कार भएको हो भन्ने विषयमा सबै गणितज्ञहरूको प्रायः ऐकमत्य छ। यस विषयमा विद्वान्हरूले धेरै कुरा लेखिसकेका छन्। हामी पनि आफूले जानेको यस विषयको कुरा पछि प्रसङ्ग मिलाई लेख्नेछौं।

× यस निबन्धलाई तयार गर्दा  को विषयमा प्राध्यापक सोमनाथ पौडेलज्यूबाट मैले सल्लाह पाएको छु। मेरो इच्छा र विचारअनुसार नानी देवीप्रसाद, शङ्करमान, गौतमवज्र, महेशराज, नयनाथ, दिनेशराजले काम गरेका छन्। सबै लाई यथोचित धन्यवाद छ।

# डोयहरू को हुन् ?

—धनवज्र वज्राचार्य

विक्रमको चौधौं शताब्दीको शुरूदेखि पन्ध्रौं शताब्दीको शुरूसम्मको पूरा शय वर्षभित्र नेपाल उपत्यकाले धेरैचोटि बाहिरबाट भएका आक्रमणको सामना गर्नुपर्‍यो । पश्चिमबाट कर्नालीप्रदेशका खस राजाहरूका अनेक आक्रमण यही समयमा भए । बङ्गालका सुलतान शमसुद्दीनको भयङ्कर आक्रमण पनि यसै समयमा भएको थियो● ।

यसताका नेपालउपत्यकामा आक्रमण गरी यहाँको राजकाजमा हात हालिरहने "डोय" भन्ने एकथरीको उल्लेख गोपालराजवंशावलीमा धेरै ठाउँमा आउँछ । परन्तु अहिलेसम्म यस विषयमा कसैले कुनै प्रश्नसम्म पनि उठाएको जस्तो मलाई लाग्दैन । यस कारण यस महात्त्वपूर्ण विषयतिर इतिहास-प्रेमीहरूको दृष्टि तान्नु आवश्यक ठान्दछु ।

गोपालराजवंशावलीमा डोयहरूको सबभन्दा पहिलो उल्लेख ने. सं. २३१ (वि. सं, ११६८) को एक घटनामा भएको छ—

**"सम्वत् २३१ भाद्रपद कृष्ण सप्तमी तवलछेंस तव ··· श्रीश्रीनर मलदेव पोहस खण्डन लाक डोय यछि म्वोण्ड ड्यंङ."**

(३२–३३ पत्रबाट)

[ ने. सं. २३१ (वि. सं. ११६८) भाद्रकृष्ण सप्तमी ··· श्रीश्रीनर मल्लदेव पोहले डोयहरूलाई खड्गले काटे । ]

यहाँ नर मल्लले डोयहरूलाई काटेको उल्लेख स्पष्ट छ । तर कुन प्रसङ्गमा किन यो घटना भयो, केही खुल्दैन । फेरि नर मल्ल को हुन्, यो पनि निश्चित भएको छैन । यस कारण यस उल्लेखले विशेष कुरा बुझ्न हामीलाई मद्दत दिँदैन । खालि यस बेला डोयहरू उपत्यकामा पसेका रहेछन् भन्ने कुरा मात्र यताबाट थाहा पाइन्छ ।

यसको १३३ वर्षपछि डोय राजा रामसिंहले वि०सं० १३०१ मा यहाँ आक्रमण गरेको उल्लेख गोपालराजवंशावलीमा पाइन्छ —

**" सं० ३६४ ज्येष्ठ कृष्ण प्रदीपदा खण्डाधारगुंस डोय लासन वल्यम्. धाह्न याङ. तल म्वण्ड ड्यंङ द्वलआह्न रामसिंह राजास कटकः चोछे जगतब्रह्म भाटो धाह्नस ड्व। लिंज जय जुव जात्रा याङ लास्यं वया राजा श्री अनर्घ मलदेवस ॥"**

**( ३६ पत्रबाट )**

[ ने० सं० ३६४ ( वि० सं० १३०१. ) ज्येष्ठकृष्ण प्रतिपदाका दिन खण्डाधार डाँडोमा डोयहरू लड्न आए । (उनीहरूलाई) रोकेर राखियो । धेरै मानिस काटिए।... राजा रामसिंह लड्न आएका

● खस राजाहरूको र शमसुद्दीनको आक्रमणविषयको विशेष चर्चा अरू निबन्धमा गरिनेछन्।

थिए। रोकिराख्नेहरूमा चोर्लेका भारादार जगतब्रह्म पनि थिए। पछि जित भयो। ( अनि ) राजा श्रीअनर्घ मल्लदेव जात्रा गरी फर्केर आए। ]

यस वर्णनबाट स्वयं डोय राजा रामसिंह वि. सं. १३०१ मा यहाँ उपत्यकामा लड्न आएका थिए, तर हारेर फर्के भन्ने बुझिन्छ। यी राजा रामसिंहको परिचय दिने केही आधारसामग्री पाइन्छ। यस विषयमा अलि तल पुगेपछि विचार गरिनेछ। यहाँ उल्लिखित राजा अनर्घ मल्लको परिचय पाउन सकिएको छैन।

यसको डेढ वर्ष जतिपछि फेरि डोयहरूले नेपाल–उपत्यकामा आक्रमण गरेका थिए। त्यस बेला पनि डोयहरूकै हार भएको थियो। यसको उल्लेख गो. रा. वंशावलीमा यसरी गरिएको छ —

"सं. ३६६ मार्गशिर शुक्ल सप्तमी कंपा हाथार भोयोथलिटो वव डोय फुङा, तल म्वएड ब्यङालि जय जुवः॥"

( ३८ पत्रबाट )

[ ने. सं ३६६ ( वि. सं. १३०२ ) मार्गशुक्ल सप्तमीका दिन कंपा ( कपन )बाट लड्दै भोयोथलि (भुंथली) सम्म आएका डोयहरू घेरिए, धेरै मानिस काटिएपछि जित भयो।]

यहाँ उल्लिखित ठाउँ कपन र भुंथली दुवै गोकर्णभेकमा पर्छन्। गोकर्णेश्वरको मन्दिरदेखि पाउभर पश्चिम कपन पर्छ, पाउभर उत्तरपूर्वमा भुंथली पर्दछ।

यसपछि केही वर्ष डोयहरू यता पसेको उल्लेख पाइंदैन। यसको पचास वर्ष जतिपछि भने केही कालसम्म नेपालउपत्यकामा डोयहरूको प्रभुत्व नै जम्यो। नेपाल–उपत्यकाका शासकहरूमा गृहकलह भएको हुँदा एक पक्षले यी डोयहरूको सहायता लिन थाल्यो र यसबाट केही काल यहाँको राजकाजमा समेत डोयहरूको असर पर्न गयो। यी घटनाको वर्णन गोपालराजवंशावलीमा यसरी गरिएको छ —

"स ४२० प्वसला गाक्क अमावास्या कोन्हु चा असनिमण्टो जारवा दिवस काठ डंङा मशिलासला गाक्क द्वादशी कोन्हु डोय हाथारण भङ्गरपं ववः तिपुर दल वयि असनिमम्भङ्ग चेतला थ्वव पञ्चमी भरणि बृहस्पिवार कुह्न खण्डखुरिधाया खापिंथलि नयं मितिलीं नये फास्यं डोय हथार ओमूङवो, दिवससंती चुनिगल दुपुंद वव मचाल्व। वाद्यं निम बखुरिबहिरिस डोय म्वएड ड्यंङा ह्म ७ त्यंख्याडोल ह्म ३, बलुंखा जलधुनि नया ब्रह्मपुरटो दुंपुङ्ता। थ्वतेस तिपूरण डण्ड मन्द्रपाल गु...प्रजायाके ह्स्यकं बिलं रोवप्रति दम्म६ सार बिल दम्म ३ छेंखाप्रति दम्म४,चगुङ्णला थोव सति कन्हु डोय लास्य वंग्व. वट्कढिया दलचो.. सलछें जयजु पंडियास भोन्त श्रीजय शक्तिदेवस श्री अनन्त मल्लदेवस डोय हवः॥"

( ४०—४१ पत्रबाट )

[ ने. सं. ४२० ( वि. सं. १३५६ ) पौषकृष्ण अमावास्याका दिन राति (डोयहरू) असनिमंमा लड्न आए। त्यहाँ ठाना हालियो। माघकृष्ण द्वादशीका दिन डोयहरू लड्दै जित्दै आए, तिपुर र

अर्सनिमं दखल गरे। फाल्गुनशुक्ल पञ्चमी भरणी नक्षत्र बृहस्पतिवारका दिन● खण्डखुरी भन्ने ठाउँ बाट खापिंथली कब्जा गरी मितिली कब्जा गर्न डोयहरू लड्दै आए। भोलिपल्ट चुनिगलमा पस्न खोजे, तर खुलेन। वाद्यंनिमं बखुरिबद्दीमा सात जना डोयहरू काटिए, त्यंखाडोलमा तीनजना काटिए। बलुंखा जलधुनी कब्जा गरी (डोयहरू) ब्रह्मपुरमा पनि पसे। यति भएपछि तिपुरले दण्ड तिऱ्यो। मन्द्रपालले... रोपनीपिच्छे ६ द्रम्म... ३ द्रम्म, घरपिच्छे ४ द्रम्मको दरले प्रजासंग उठाई (डोयहरूलाई) बुझाइदिए। चैत्रशुक्ल सप्तमीका दिन डोयहरू फर्के। ... सलछेका पण्डित जयजु, बनेपाली श्रीजयशक्तिदेव, श्रीअनन्त मल्लदेवद्वारा डोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो। ]

यस वर्णनबाट वि. सं. १३५६ मा डोयहरूले नेपाल–उपत्यकामा आक्रमण गरी दण्डको रूपमा प्रजासंग पैसा उठाएका थिए तथा डोयहरूको यहाँ प्रभाव जम्न गएको थियो भन्ने बुझिन्छ। यहाँ उल्लिखित धेरैजसा ठाउँहरूको ठीक ठीक परिचय पाउन सकिएको छैन। तिपुरचाहिं वर्तमान भक्तपुर राजदरबारको आसपासमा पर्दथ्यो ÷।

यहाँ डोयहरूलाई साथ दिनेमा अनन्त मल्ल र जयशक्तिदेवको पनि उल्लेख परेको छ। अनन्त मल्ल यस बेला गद्दीनशीन राजा थिए। जयशक्तिदेवचाहिं युवराज जयादित्यदेवका छोरा हुन् ×। यसरी राजा र राजपरिवारका व्यक्तिले डोयहरूको साथ दिएको देखिएकोले निकै ठूलो रहस्य यसभित्र लुकेको छ भन्ने अनुमान गर्न सकिन्छ। परन्तु यस बेलाको यथावत् अवस्था बुझ्ने सामग्री पाइएको छैन। गोपालराजवंशावलीमा पनि जम्मै घटना खुलस्त रूपमा दिइएका छैनन्। तैपनि त्यहाँ फाटफुट उल्लिखित घटनाबाट हामी केही अनुमान गर्न सक्छौं।

---

● यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ४२० ( वि. सं. १३५६ ) चिल्लाथ्व=फाल्गुनशुक्लपक्ष

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| चैत्र | २ | बृहस्पति | पञ्चमी | ५४।४८ | भरणी | ३२।५४ |

[ यो गणना देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीले गर्नु भएको हो। यस निबन्धमा परेका अरू गणना पनि उहाँहरूले नै गर्नु भएको हो। ]

÷ यस विषयको विचार अर्को निबन्धमा गरिनेछ।

× "स. ३९६ वैशाखकृष्ण षष्ठी श्रीजोराजः जयादीतदेवस्य पुत्र श्रीजयशक्तिदेवस जातः"

(गोपालराजवंशावली २६ पत्रबाट)

[ ने. सं. ३९६ (वि. सं. १३३३) वैशाखकृष्ण षष्ठीका दिन श्रीयुवराज जयादित्यदेवका छोरा श्रीजयशक्तिदेवको जन्म भयो। ]

जयशीह मल्लपछि मूल राजगद्दीमा अनन्त मल्ल बसे + । उनका उत्तराधिकारीका रूपमा युवराजको पद जयभीमदेवका छोरा जयादित्यदेवले पाए । युवराज जयादित्यदेव राजा अनन्त मल्लभन्दा आठ वर्षले जेठा थिए × । यसो हुँदा राजकाजमा जयादित्यदेवको केही प्रभाव जमेको थियो । जयादित्यदेवले आफ्नो प्रभुत्व जमाउने काममा सहोदर आनन्ददेवबाट बाधा पर्ने संभावना देखेका थिए । यसैले उनले आनन्ददेवलाई कैद गरी पलांचोकमा थुनेर राखे + । वि. सं. १३४९ फाल्गुनमा युवराज जयादित्य_देवको मृत्यु भयो ≶ । यसको पाँच महीनापछि आनन्ददेव बलैले कैदबाट उम्की बाहिर निस्के । यो कुरा

---

+ पुष्पाभिषेक राजा श्रीजयशीह मलदेव वर्ष २ मास ७ तेन प्रजा अपीडितम् राष्ट्र सुखीभवति॥... पुष्पाभिषेक राजा श्रीअनन्त मलदेव वर्ष ३२ मा १० ”

(गोपालराजवंशावली २६ पत्रबाट)

[ पुष्पाभिषेक गरिएका राजा श्रीजयशीह मल्लदेवले २ वर्ष ७ महीना राज्य गरे । उनले प्रजाको दुःख हरे । राष्ट्र सुखी भयो ।... पुष्पाभिषेक गरिएका राजा श्रीअनन्त मल्लदेवले ३२ वर्ष १० महीना राज्य गरे । ]

अनन्त मल्लका पालामा लेखिएका वि. सं. १३३५ देखि १३६४ सम्मका पुस्तक पाइन्छन् । इतिहास-संशोधन ५४ संख्या हेर्नुहोस् ।

× “ सं ३५८ ज्येष्ठशुक्ल प्रदीपदा श्रीजयभीमदेवस्य पुत्र श्रीजयादीत युवरायस जात ॥ ”

“सं. ३६६ वैशाष शुक्ल पञ्चमी श्रीराजदेवस्य पुत्र श्रीअनन्त मल्लदेवस जातः । ... श्रावणकृष्ण त्रयोदशी अस्तदिनः ॥ ”

( गो. रा. वंशावली ३५ पत्रबाट )

[ ने. सं. ३५८ ( वि. सं. १२९५) ज्येष्ठशुक्ल प्रतिपदाका दिन श्रीजयभीमदेवका छोरा युवराज श्रीजयादित्यको जन्म भयो ।

ने. सं. ३६६ ( वि. सं. १३०३ ) वैशाखशुक्ल पञ्चमीका दिन श्रीराजदेवका छोरा श्रीअनन्त मल्लदेवको जन्म भयो । ... श्रावणकृष्ण त्रयोदशीको दिन मृत्यु भयो । ]

+ “जौरा श्रीजयादित्यदेवेन सहोदर श्रीजयानंददेव निगडबंधनं करोतिः वर्ष १२ मा ३”

गो. रा. वंशावली २६ पत्रबाट )

[ युवराज श्रीजयादित्यदेवले सहोदर श्रीजयानन्ददेवलाई नेल ठोके । १२ वर्ष ३ महीना ]

≶ “स ४१३ फाल्गुणशुक्ल अष्टमी श्रीजयादीतदेवस अस्त”

( गो. रा. वंशावली ४४ पत्रबाट )

[ ने. सं. ४१३ (वि. सं. १३४९) फाल्गुनशुक्ल अष्टमीका दिन श्रीजयादित्यदेवको मृत्यु भयो । ]

थाहा पाएर जयशक्तिदेव पलांचोकमा पुगे, अनि काका आनन्ददेवलाई नेल ठोकी फेरि कैदमा हाले ÷ । यसपछि आनन्ददेव कैदबाट कहिले कसरी छुटे, त्यसको उल्लेख गोपालवंशावलीमा परेको छैन ।

यसरी राजपरिवारमा भित्र भित्र कलह चलिरहेको थियो भन्ने संकेत यस घटनाबाट हामी पाउन सक्छौं । राजा अनन्त मल्ल अलि कमजोर प्रकृतिका देखिन्छन् । उनले राजपरिवारका अरू व्यक्ति तथा भारादारहरूलाई राम्ररी कज्याउन सकेका थिएनन् + । जयादित्यदेवको मृत्युपछि उनका युवक

---

÷ "स. ४१३ श्रावणशुक्ल त्रयोदशी चा पलाखचोस बंधनस च्वोङ्ग्व जयानन्ददेवस थव बलनं मुक्ति जुवटोम् । लिचोस जयशक्तिदेवश पलाखचो वंङ ह्ङवु निवहकंताटो"

( गो. रा. वंशावली ४० पत्रबाट )

[ने. सं. ४१३ (वि.सं. १३५०) श्रावणशुक्ल त्रयोदशीका दिन राति पलांचोकमा बन्धनमा परिरहेका जयानन्ददेव आफ्नै बलले कैदबाट छुटे । पछि जयशक्तिदेव पलांचोकमा गई (जयानन्ददेवलाई) फेरि नेल ठोके । ]

+ गोपालराजवंशावलीमा परेका तलका घटनाले राजा अनन्त मल्लको पालामा ठाउँ ठाउँमा विद्रोह, कलह भएका थिए भन्ने देखाउँछन् —

"४१६ भाद्र्पदशुक्ल त्रयोदशी बुधवार कोन्हु तिपुर ग्वह यह त्रिभेसन तंङ यङ्गल यंम्बु फनपिं थ्वते गह याङ वंप्याछे जारवा दिवस"

( ४० पत्रबाट )

[ने. सं. ४१६ (वि. सं. १३५६) भाद्रशुक्ल त्रयोदशी बुधवारका= दिन तिपुर देउपाटन ललितपुर तीनै मिली यङ्गल, यम्बु, फनपिंमा गढ़ बनाई वंप्याछेंमा आक्रमण गरियो । ]

" ४२३ वैशाष शुक्ल तृतीया ड्यमगु क... तिपुर मनिगल हाथार "

" सं. ४२४ चैत्र वदि दशमी वखार्छेक्राठस कुल याथ... "

" सं. ४२५ आषाढ शुक्ल पञ्चमी ख्प्वंन हाथार न्ह्याङ, फनपीं देश चोल्व, मे चोस्य "

" सं. ४२५ श्रावण शुक्ल द्वितीया भोन्तन चोछेंस जारवा, वीद्यापीठिस तिपुरण तेल "

(४१पत्रबाट)

[ ने. सं ४२३ ( वि. सं. १३६० ) वैशाखशुक्ल तृतीयाका दिन ड्यमगुमा...तिपुर, मनिगल लडाइँ गर्न गए ।

ने. सं. ४२४ (वि. सं. १३६१) चैत्रकृष्ण दशमीका दिन वखाछें किल्लामा विद्रोह भयो ।

ने. सं. ४२५ ( वि. सं. १३६२) आषाढशुक्ल पञ्चमीका दिन भक्तपुरबाट लडाइँ गर्न प्रस्थान गरियो । फर्पिङ शहर खुल्यो । आगो लाइयो ।

ने. सं. ४२५ (वि. सं. १३६२) श्रावण शुक्ल द्वितीयाका दिन बनेपाले चोछेंमा आक्रमण गर्‍यो । विद्यापीठमा तिपुरले दखल जमायो । ]

---

=यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ४१६ ( वि. स. १३५६ ) भाद्रशुक्लपक्ष

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | १२ | बुध | त्रयोदशी | ३६ | ४५ |

छोरा जयशक्तिदेव चलतापुर्जा भई शक्तिशाली हुँदै आएका थिए≈। उनकै प्रभावमा परी राजा अनन्त मल्लले पनि डोयहरूको साथ दिएको देखिन्छ।

यसको दश वर्ष जतिपछि पनि डोयहरूलाई बोलाएर ल्याई नेपाल–उपत्यकामा आतङ्क फैलाउने काम जयशक्तिदेवले नै गरेका थिए। सो घटना यस प्रकारको छ —

"सं. ४३१ माघकृष्ण चतुर्दशी स्वं पहर बेरस यह्र डोयन दुंचाल्यका; ठंठिविन मनिगलटो तेल्व लुंयिती गजुह्निदेव तम्वकं सहया ब्राह्मणस पात्र समस्त बन्धी ह्या गलनो देश धोसरपा थ्वतेस दण्ड कासन, कटक वंयास माक· माभयंपाट समस्त में चोया· श्रीवेतनदेवस श्रीजयशक्तिदेवस मेगचन्दश ढ्वाका रवतस थ्वतेवुव प्वंस डोयन बोडता, डोय बोड ह्व श्रीजयशक्तिदेवस ॥ "

≈ कैदबाट उम्केका काका आनन्ददेवलाई १७ वर्षकै उमेरमा जयशक्तिदेवले फेरि कैद गरेको माथि उद्धृत घटनाले जयशक्तिदेव त्यसै वेला शक्तिशाली भइसकेका थिए भन्ने देखाउँछ। योबाहेक गोपालराजवंशावलीमा उल्लिखित तलका घटनाले जयशक्तिदेव चलतापुर्जा भई निस्केका थिए तथा उनको शक्ति बढेको थियो भन्ने देखाउँछ।

"स ४१७ माघशुक्ल दितीया युथेनिमं श्रीजयतुङ्ग मलदेवस वो भोंत जयशक्ति प्वह्स तोसन स्वंखा हाथार चलरपका वन, ङन्हुन चाल्यका।"

(४० पत्रबाट)

[ने. सं. ४१७ (वि. सं. १३५३) माघशुक्ल द्वितीयाका दिन···श्रीजयतुङ्ग मल्लदेव र बनेपाली जयशक्तिदेव दुवै जना स्वंखामा लडाइँ गर्न हिंडे। पाँच दिनपछि खुल्यो।]

"सं. ४२५ चैत्रकृष्ण चतुर्दशी शुक्रवार अस्निमटो तिपुर··· जारवङा, श्रीजयशक्तिदेवसन पींपाल,··· शिक्व संत्ता ह्र ५०"

(४२ पत्रबाट)

[ने. सं. ४२५ (वि. सं. १३६२) चैत्रकृष्ण चतुर्दशी शुक्रवारका ∴ दिन असनिमंबाट तिपुरमा···आक्रमण गरियो। श्रीजयशक्तिदेवले काटे।···जम्मा ५० जना काटिए।]

"सं.४२७ पौषशुक्लाष्टमी वंप्याछें क्वाठ कुलन, ह्निनस चालका श्रीभोंत जयशक्तिदेवसन।"

(४१ पत्रबाट)

[ने. सं. ४२७ (वि. सं. १३६३) पौषशुक्ल अष्टमीका दिन वंप्याछें किल्लामा विद्रोह भयो। दिउँसो बनेपाली जयशक्तिदेवले किल्ला खुलाए।]

∴ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ४२५ (वि. सं. १३६२) चैत्रकृष्ण पक्ष

| गते | | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| वैशाख | ३० | शुक्र | चतुर्दशी | ३६ | १२ |

"सं. ४३२ कार्तिकशुक्ल द्वादशी उत्रभद्र रविवार...समस्त देवालय आदिन अग्निदाह याङ धोश्रपा, जयशक्तिदेवस थोस अफह बिस्यं माङा प्रजा समस्तवो,... डोयनवु क्वयला गाक्व अ...कोह्‌ ग्वलया सर्व्व भण्डार कोस एकबीस कासन यंङा, थ्व लित्र संङान वं, थ्यनापेसन्थानं तरीटो म्वण्ड ड्यङा, फाल्गुनशुक्लाष्टमी कोह डोय भास्य वङ्‌ग्व लिंस राज याये मफ्वास्यं॥"

( ४२–४३ पत्रबाट )

[ ने. सं. ४३१ ( वि. सं. १३६७ ) माघकृष्ण चतुर्दशीका दिन तीन प्रहर जाँदा डोयहरूले ललितपुर खुलाए, ठंठिविबाट मनिगल ( मङ्गलबजार भेकको ठाउँ )सम्म दखल गरे। सुनधारा गजुहि देवता...। ब्राह्मणहरू र सारा पात्रहरू (ललितपुरका तात्कालिक शासकहरू) पनि कैद गरिए। किल्ला आदि ठाउँहरू ध्वस्त पारिए। यति भएपछि (डोयहरूले) लड्न आउँदा लागेको खर्च दण्डको रूपमा ( प्रजाहरूसंग ) उठाए। जम्मै माभ्र्यँपाटमा आगो लाइयो। श्रीवेतनदेव, श्रीजयशक्तिदेव, मेघचन्द्र, द्वाका राउत यी चार जनालाई डोयहरूले बोलाएर राखे ( आश्रय दिए )। श्रीजयशक्तिदेव-द्वारा डोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो।

ने. सं ४३२ ( वि. सं. १३६८ ) कार्तिकशुक्ल द्वादशी उत्तरभाद्र नक्षत्र आदित्यवारका दिन. ...सारा देवलहरू, आगो लाइए, ध्वस्त गरिए, जयशक्तिदेवले यस वेला...सारा प्रजा....डोयहरूलाई.... कार्तिककृष्ण...का दिन देउपाटनको (पशुपतिनाथको मन्दिरको ? ) सारा कोश, एक्काइसवटै झिकेर लगियो। यसपछि साँगातिर लागे। बनेपादेखि तरी ( तराइ भेक ? )सम्मका मानिस ( केही ) काटिए। फाल्गुनशुक्ल अष्टमीका दिन डोय भारादारहरू (यहाँ) राज्य गर्न नसकी फर्केर गए। ]

यसबाट वि. सं. १३६७ मा डोयहरूले ललितपुरमा पसेर त्यहाँ आफ्नो अधिकार जमाएका थिए भन्ने बुझिन्छ। ललितपुरका भारादार प्रजाहरूले डोयहरूको प्रभुत्व खुरुक्क स्वीकार गरेनन्। यसो हुँदा डोयहरूले ललितपुरका सारा पात्रहरूलाई कैद गरे तथा प्रजाहरूलाई दण्ड गरे। यसरी एक वर्षभन्दा बढी समयसम्म यहाँ डोयहरूको प्रभुत्व जम्यो। परन्तु उनीहरूले लब्धप्रशमन गरी विधिपूर्वक यहाँ शासन कायम गर्न भने सकेका थिएनन्। उनीहरूको त्यस्तो इच्छा पनि नभएको बुझिन्छ। यसै हुँदा डोयहरूले यहाँ देवलहरूमा समेत आगो लाउने,ध्वस्त पार्ने, देवस्व हरण गर्ने आदि काम गरे।

यस ताकाका शासकहरूको मनोभावना विजित प्रदेशमा आफ्नो शासन विधिवत् कायम होस् भन्नेभन्दा विजित प्रदेशबाट बढीसे बढी अर्थलाभ होस् भन्नेतिर नै बढ्ता ढल्केको देखिन्छ। पश्चिम कर्णालीप्रदेशका खस राजाहरूले अनेक पटक नेपाल–उपत्यकामा आक्रमण गर्दा खेरि पनि यहाँ आफ्नो शासन कायम होस् भन्ने प्रयास उनीहरूले गरेको देखिंदैन। 'करद' बनाएकोमै उनीहरू सन्तुष्ट भएका देखिन्छन्। यी डोयहरूले पनि यस्तै नीति लिए।

---

* यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ४३२ (वि. स. १३६८) कार्तिकशुक्ल पक्ष

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| २६ | आदित्य | द्वादशी | ६०।० | उत्तरभाद्र | ४५। १ |

पश्चिमका खसहरूको आक्रमणमा र डोयहरूको पछिल्लो आक्रमणमा एउटा कुरामा ठूलो अन्तर परेको देखिएको छ। खसहरूले यहाँ आक्रमण गर्दा गाउँका गाउँ आगो लाउने आदि गरेका थिए तापनि यहाँका देवमन्दिरमा आगो लाउने, भत्काउने, देवस्व हरण गर्ने काम गरेका थिएनन्। प्रत्युत यहाँका प्रसिद्ध देवता पशुपतिनाथ, स्वयम्भूनाथ, राता मछिन्द्रनाथ आदिको दर्शन पूजन गर्ने गरेका थिए +। डोयहरूले चाहिं पछिल्लो आक्रमणमा ( वि. सं. १३६८ मा ) यहाँका देवमन्दिरमा आगो लाउने, ध्वस्त पार्ने, देवस्व हरण गर्ने कामसमेत गरे। यो कुरा विचारणीय प्रश्नको रूपमा हाम्रो सामुन्ने रहेको छ।

यस बेला नेपाल-उपत्यकाको राजकाजको अवस्थामा पहिलेभन्दा निकै अन्तर आइसकेको थियो। राजा अनन्त मल्लको यस समय मृत्यु भइसकेको थियो। उनी वि. सं. १३६४ मा आफ्नो सारा सम्पत्ति पशुपतिनाथलाई चढाई एक किसिमले राजकाजबाट संन्यास लिए झैं गरी बनेपा गई बसेका थिए। यसको एक वर्षपछि उनको मृत्यु भयो। उनको दाहसंस्कार गर्ने कुरामा कचिङ्गल उठ्यो। चार दिनसम्म दाहसंस्कार गरिएन। त्यसपछि मात्र राजदीपमा ल्याई उनको दाहसंस्कार गरियो=।

यसपछि गद्दीमा आनन्ददेव बसे। उनको राज्याभिषेकको स्पष्ट मितिसहितको उल्लेख पाइंदैन। गोपालवंशावलीमा 'तत्रान्तरे राजा श्रीजयानन्ददेव प्रवर्तते=त्यसपछि ( अनन्त मल्लपछि ) श्रीजयानन्द-देव राजा हुन्छन्' यति मात्र उल्लेख परेको छ। ने. सं. ४३१ ( वि.सं. १३६८ ) वैशाखको एक अभिलेखमा 'राज्ये श्रयानन्ददेवस्य' भन्ने उल्लेख परेको छ ×। यताबाट गोपालवंशावलीको उक्तिको पुष्टि हुन्छ।

---

+ 'इतिहास-संशोधनको प्रमाणप्रमेय' को १४८ पृष्ठ हेर्नुहोस्।

= "स ४२७ श्रावणशुद्धि सप्तमी श्रीअनन्त मलदेवस प्रभुतन थव भण्डीरिगण भारा पशुपतिसके दुन्तम् भण्डार पिङ्काया, तिपुर सास्यं देव भण्डार लिकाढरपम् श्रीपशुपतिस डोहरपा भोंत वङ दछि लिब अभाग जुवटोम् पेन्हुटो संस्कार मजुव ... ... राजदीप यङाटोम्।"

(गो.रा. वंशावली ४२ पत्रबाट)

[ ने. सं. ४२७ ( वि.सं. १३६४ ) श्रावणशुक्ल सप्तमीका दिन श्रीअनन्त मल्लदेवले आफ्नो प्रभुत्वद्वारा आफ्नो भण्डारका सारा सरसामान झिकी पशुपतिनाथलाई चढाए, तिपुरको देवभण्डार झिकी त्यो पनि पशुपतिनाथलाई चढाई बनेपा गए। यसको एक वर्षपछि ( वि.सं. १३६५) श्रावणकृष्ण त्रयोदशीका दिन) उनको मृत्यु भयो। चार दिनसम्म दाहसंस्कार हुन सकेन...यसपछि राजदीपमा + लगी दाहसंस्कार गरियो। ]

× 'अभिलेख-संग्रह' दोस्रो भागको १५ पृष्ठ हेर्नुहोस्।

---

+ राजदीप देउपाटनमा ( पशुपति आर्यघाटमा ? ) थियो भन्ने कुरा तलको वाक्यबाट बुझिन्छ-
"संवत् ८०० ज्येष्ठकृष्ण एकादशी प्र द्वादशी शनिश्चरवार कुन्हु जया नृपेन्द्र मल्ल जुजु मोक... गोलस रायदीपस अग्निसंस्कार याक जुरो ॥"

( ऐतिहासिक घटनावली १० पृष्ठबाट )

[ ने.सं. ८०० ( वि.सं. १७३७ ) ज्येष्ठकृष्ण एकादशीउप्रान्त द्वादशी शनैश्चरवारका दिन कान्तिपुरका राजा नृपेन्द्र मल्लको मृत्यु भयो।...... देउपाटन राजदीपमा अग्निसंस्कार गरियो। ]

यसरी आफ्ना बापवैरी काका आनन्ददेव गद्दीमा बसेका हुँदा नै जयशक्तिदेवले फेरि डोयहरूलाई बोलाएर ल्याउने काम गरेका हुन् तथा यस पालीको डोयहरूको आक्रमण शमसुद्दीनको आक्रमण जस्तै विनाशकारी हुनामा पनि यही कारण प्रमुख भएको हुन सक्छ ।

माथि उल्लिखित घटनाहरूबाट डोयहरूले नेपाल–उपत्यकाको मध्यकालको इतिहासमा एक शताब्दीसम्म भने जस्तै असर पारेको स्पष्ट बुझिन्छ । यस कारण तात्कालिक इतिहास राम्ररी बुझ्न 'यी डोयहरू को हुन्' भनी बुझ्नु आवश्यक भएको छ । अब यस विषयमा विचार गरिन्छ ।

ने. सं ४३१ ( वि. सं. १३६७)माघमा डोयहरूले ललितपुरमा पसी त्यहाँका पात्र भारादारहरूलाई कैद गरी त्यहाँका प्रजासंग दण्डको रूपमा पैसा उठाएको उल्लेख गोपालराजवंशावलीको आधारमा माथि गरियो । स्वर्गवासी हिज हाइनेस श्रीकेसरशमशेर ज. ब. रा. को पुस्तकालयमा गोपालवंशावलीकै अर्को प्रति जस्तो एउटा वंशावली रहेको छ [१] । त्यसमा ने. सं. ४३१ माघमा ललितपुरमा तिरहुतेहरूले आक्रमण गरी सारा भारादारलाई कैद गरी प्रजासंग दण्ड लिएको वर्णन परेको छ ।

जस्तै—

" सम्वत् ४३१ माघमास तिरहुतिया ललितग्रामे प्रविष्टः । राष्ट्रे अतिसन्तापः दण्ड् प्रच्यते पात्र सृष्ट बन्धनं महत्पीडा ॥ "

[ ने. सं. ४३१ ( वि. सं. १३६७ ) माघ महीनामा तिरहुतेहरू ललितपुरमा पसे । राष्ट्रमा ठूलो पीर पऱ्यो । दण्ड गरियो । पात्रहरू श्रेष्ठहरू कैद गरिए । ठूलो दुःख भयो । ]

एकै साल, एकै महीना, एकै ठाउँमा भएको एकै थरी घटनाको वर्णन उपर्युक्त दुइ वंशावलीमा पाइएको हुनाले ती दुवै वर्णनको सम्बन्ध एउटै घटनासंग छ भन्ने कुरा स्वतः थाहा हुन्छ । यताबाट डोय र तिरहुते पर्यायवाचक शब्द हुन कि भन्ने आभास पर्छ ।

यति भएपछि हामीले फेरि गोपालराजवंशावली पल्टाएर हेऱ्यौं भने यस कुरालाई पुष्टि गर्ने अरू उल्लेख हामी त्यहाँ पाउँछौं । जस्तै—

" सं. ३५२ + भाद्रपदकृष्ण नवमी डोय श्रीनानेदेवस पुत्र जात श्रीअर्जुनदेव "

( ३४ पत्रबाट )

[ ने. सं. २५२ ( वि. सं ११८९) भाद्रकृष्ण नवमीका दिन डोय श्रीनान्यदेवका छोरा श्रीअर्जुनदेवको जन्म भयो । ]

---

[१] श्रीलुशिएनो पेटेकद्वारा 'मेडिईभल्हिस्ट्री अफ् नेपाल' मा यो प्रकाशित भएको छ ।

+ यो संवत् २५२ हुनुपर्छ । त्यसो भएको खण्डमा मात्र कुरा मिल्न आउँछ । मूल प्रतिमा हेर्दा २ जस्तो पनि देखिन्छ । अङ्क अलि अस्पष्ट छ ।

यहाँ नान्यदेवको अगाडि लाइएको 'डोय' शब्दले प्रस्तुत विषय बुझ्न निकै मद्दत दिन्छ। यी नान्यदेव सिम्रौनगढमा राज्य बसाल्ने प्रसिद्ध नान्यदेव नै हुन्। यसको पुष्टि तलको अर्को वाक्यले गर्छ—

'सं ३०३ चैत्रशुक्ल त्रयोदशी श्रीनरसिंहदेवस्य पुत्र श्रीरामसिंहदेव जातः ॥ डो ठाकुर ॥

( ३५ पत्रबाट )

[ ने. सं. ३०३ (वि. सं. १२४०) चैत्रशुक्ल त्रयोदशीका दिन श्रीनरसिंहदेवका छोरा श्रीरामसिंहदेवको जन्म भयो। डो ठाकुर। ]

वि. स. १२४० मा नरसिंहका छोरा 'डोय ठाकुर' रामसिंहको जन्म भएको थियो भन्ने यताबाट बुझिन्छ तथा माथि उल्लिखित वि. सं. १३०१ मा नेपाल–उपत्यकामा आक्रमण गर्ने डोय राजा रामसिंह यिनै नरसिंहका छोरा रामसिंह हुन् भन्ने कुरामा सन्देह छैन।

यति भएपछि अब सिम्रौनगढमा राज्य बसाल्ने प्रसिद्ध नान्यदेवका वंशजहरूका नामतिर ध्यान दिनुपरेको छ। कान्तिपुरका राजा प्रताप मल्लले कृष्णदेवलको आफ्नो अभिलेखमा यस विषयमा यस्तो बोलेका छन्—

" आसीच्छ्रीसूर्य्यवंशे रघुनृपकुलजो रामचन्द्रो नृपेश–
स्तद्वंशे नान्यदेवोवनिपतिरभवत्तत्सुतो गांगदेवः।
तत्पुत्रोभून्नृसिंहो नरपतिरतुलस्तत्सुतो रामसिंहः"

...ह्नव सूर्य्यवंशस श्रीरामचन्द्र अवतार जुर, थ्वया वंशस नान्यदेव, थ्वया काय गांगदेव, थ्वया काय नरसिंह, थ्वया काय रामसिंह "

[ सूर्यवंशमा राजा रामचन्द्र हुनुभयो। उहाँको वंशमा नान्यदेव हुनुभयो। उहाँका छोरा गांगदेव× हुनुभयो। उहाँका छोरा नरसिंह हुनुभयो। उहाँका छोरा रामसिंह हुनुभयो। ]

---

× यी गाङ्गदेवको पालामा वि. सं. १२११ मा लेखिएको रामायणको एउटा पुस्तक वीरपुस्तकालयमा छ।

" सम्वत् १०७६ आषाढवदि ४ महाराजाधिराजपुण्यवलोक( श्लोक )सोमवंशोद्भवगरुडध्वज श्रीमद्गाङ्गेयदेवभुज्यमानतीरभुक्तौ कल्याणविजयराज्ये नेपालदेशीयश्रीभाण्डशालिकश्रीआनन्दस्य कृते पाटकावस्थितपण्डितश्रीश्रीकरस्यात्मजश्रीगोपतिनालेखीदम् "

( वीरपुस्तकालयको बृहत्सूची द्वितीय भागको १४१ पृष्ठमा यो छापिएको छ। यसभन्दा अघि श्रीलुशिएनो पेटेक आदिद्वारा पनि यो प्रकाशित भइसकेको छ। )

[ शकसंवत् १०७६ (वि. सं. १२११) आषाढकृष्ण चतुर्थीका दिन असल कीर्ति फैलिएका महाराजाधिराज चन्द्रवंशी गरुडध्वज श्रीगाङ्गेयदेवले राज्य गरिरहेको तीरभुक्तिमा ( तिरहुतमा ) नेपालदेशका भाण्डशालिक श्रीआनन्दको निमित्त पाटकमा बस्ने...पण्डित श्रीश्रीकरका छोरा श्रीगोपतिले यो पुस्तक सारेको हो। ]

यति कुराबाट माथि गोपालराजवंशावलीमा उल्लिखित नान्यदेव, नरसिंह, रामसिंह सिम्रौनगढका प्रसिद्ध नान्यदेव र उनका नाति, पनाति नै हुन् भन्ने सिद्ध हुन्छ तथा तिरहुते नान्यदेव र उनका वंशजहरू त्यस ताका नेपाल–उपत्यकातिर 'डोय' भनी प्रसिद्ध थिए भन्ने सिद्ध हुन्छ ।

यसरी डोयहरूको परिचय पाइएको हुँदा मध्यकालमा तिरहुत र नेपाल–उपत्यकाको कस्तो सम्बन्ध रहेको रहेछ भन्ने विषयमा यताबाट निकै प्रकाश पर्छ । नान्यदेवले सिम्रौनगढमा आफ्नो राज्य स्थापना गरेदेखि नै तिरहुतेहरूले नेपाल–उपत्यकातिर, पनि आँखा लाउन थालेका थिए । पछि पछि यता कमजोरी बढेपछि यहाँको राजकाजमा पनि तिरहुतेहरूको असर पर्न थाल्यो र वि. सं. १३६७ तिर त केही काल यहाँ उनीहरूको शासन पनि कायम भएको थियो भन्ने कुरा माथिका घटनाबाट व्यक्त हुन्छ । यसै हुँदा तिरहुतका प्रसिद्ध मन्त्री चण्डेश्वरले—

"श्रीचण्डेश्वरमन्त्रिणा मतिमतानेन प्रसन्नात्मना
नेपालाखिलभूमिपालजयिना धर्मेन्दुदुग्धाब्धिना ।
वाग्वत्याः सरितस्तटे सुरधुनीसाम्यं दधत्याः शुचौ
मार्गे मासि यथोक्तपुण्यसमये दत्तस्तुलापूरुषः ॥

रसगुणभुजचन्द्रैः सम्मिते शाकवर्षे
सहसि धवलपक्षे वाग्वतीसिन्धुतीरे ।
अदित तुलितमुच्चैरात्मना स्वर्णराशिं
निधिरखिलगुणानामुत्तरः सोमनाथः ॥"

( विवादरत्नाकरबाट❁ )

[ नेपालका सारा राजाहरूलाई जितेका, बुद्धिमान्, प्रसन्न मन भएका, धर्मात्मा, मन्त्री श्रीचण्डेश्वरले गङ्गाजी जस्तो वाग्वती नदीको किनारमा मार्गशुक्लमा तुलादान गरे ।

शकसंवत् १२३६ (वि. सं. १३७१) मार्गशुक्लमा वाग्वतीनदीको किनारमा सारा गुणहरू भएका... ( चण्डेश्वरले ) सुवर्णतुलादान गरे । ]

यसो लेख्न सकेका हुन् । परन्तु यहाँ आक्रमण गरी यहाँका बासिन्दाहरूबाट कर उठाए जस्तै गरी दण्डको रूपमा पैसा उठाए तापनि केही काल त शासनै कायम गर्न सके तापनि तिरहुतेहरू यहाँ दीगो भएर रहन सकेका थिएनन् । यसो हुँदा यहाँको तात्कालिक राजवंशको स्थिति पनि पूर्ववत् कायमै रह्यो ।

तिरहुतेहरूको यही घटनालाई लिएर पछि पछिका वंशावलीकारहरूले नान्यदेव हरसिंहदेवहरूले नेपाल–उपत्यकामा राज्य कायम गरेका थिए आदि कुरा भ्रमवश लेख्न थाले तथा प्रताप मल्ल आदि मल्ल राजाहरूले पनि यस्तै कुरालाई शिलापत्र आदिमा कुँदाई गएका हुँदा 'मुसलमानी सैन्यले सिम्रौनगढ ध्वस्त पारेपछि हरसिंहदेवयतातिर आई भक्तपुरमा उनले शासन कायम गरे, भन्ने भ्रम फैलिएको हो ।

---

❁ यो पुस्तक 'एशियाटिक् सोसाइटी अफ् बङ्गाल' द्वारा प्रकाशित भएको छ । यो पुस्तक राष्ट्रिय पुस्तकालय ( सिंहदरबार) मा छ ।

परन्तु यो कुरा सत्य होइन । वि.सं. १३८१ मा दिल्लीका सुलतान गयासुद्दीन तुगलक बङ्गालको विद्रोह दबाई दिल्ली फर्कंदा तिरहुतको बाटो गरी फर्केका थिए । त्यस वेला सो मुसलमानी सैन्यले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने संभी प्रजा उठाई हरसिंहदेव लड्न तयार भई निस्के । यसैले हरसिंहदेवको सैन्यसंग गयासुद्दीन तुगलकको सैन्यको लड़ाइँ भयो । लडाइँमा गयासुद्दीनको सैन्यले सिम्रौनगढ ध्वस्त पारिदियो र हरसिंहदेव त्यताबाट भागे । त्यसपछि केही महीना यताउति लागी हरसिंहदेव नेपालको पहाडी भागमा पसे । उनको साथमा उनका छोरा मन्त्री भारादारहरू पनि थिए । दोलखातिर आउँदा तीनपाटन भन्ने ठाउँमा ने.सं. ४४६ ( वि.सं. १३८२ ) माघशुक्ल तृतीयाका दिन हरसिंहदेवको मृत्यु भयो । उनका छोरा मन्त्री कैद गरिए, राजग्रामका भारादारले उनको सारा सम्पत्ति हात लाए । यस घटनाको स्पष्ट उल्लेख गोपालराजवंशावलीमा परेको छ । यसको सप्रमाण उल्लेख अन्त हामीले गरिसकेका छौं +। यस कारण सिम्रौनगढबाट भागेर आई हरसिंहदेवले भक्तपुरमा आफ्नो राज्य स्थापना गरे भन्ने कुरा सर्वथा अशुद्ध हो ।

'डोय' शब्दको अर्थ के हो, तिरहुते नान्यदेवहरूलाई 'डोय' भनी किन भनेको हो, तिरहुततिर पनि यस 'डोय' शब्दको प्रचलन थियो थिएन इत्यादि कुरा खोजीको विषय बनेको छ । यस कारण यस विषयमा अरू बढ्ता कुरा बुझ्न बढ्ता खोजी गर्दै जानुपरेको छ ।

——)०(——

# प्रताप मल्लको शान्तिपुरप्रवेश

—गौतमवज्र वज्राचार्य

वि. सं. १५४१ मा कान्तिपुर एक स्वतन्त्र राज्यको रूपमा खडा भएदेखि लिएर वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले कान्तिपुर विजय नगरुन्ज्यालसम्म कान्तिपुरमा १५ जना* राजा भएका थिए । यी राजाहरूमा प्रताप मल्ललाई उनको धेरैतिर छरिएको व्यक्तित्वले गर्दा अरूभन्दा निकै भिन्न राजाको

+ 'इतिहास-संशोधनको प्रमाणप्रमेय' को २३२—२३६ पृष्ठ हेर्नुहोस् ।

*रत्न, सूर्य, अमर, महेन्द्र, सदाशिव, शिवसिंह, लक्ष्मीनृसिंह, प्रताप, नृपेन्द्र, पार्थिवेन्द्र, भूपालेन्द्र, भास्कर, जगज्जय, जयप्रकाश, ज्योतिःप्रकाश ।

रूपमा पाउँछौं । प्रताप मल्ल शस्त्र शास्त्र संगीत आदिमा कुशल छु भनेर दावा गर्दथे +। यस्तो दावा गर्ने राजाहरू त्यस ताकाको नेपालका अरू राज्यमा पनि नपाइने होइनन्। परन्तु प्रताप मल्लले दावा गरेको 'शस्त्रशास्त्रसंगीतादिपारग' भन्ने विशेषण उनमा केही सार्थक थियो ।

सिद्धिनरसिंहले आफ्ना दाज्यू लक्ष्मीनरसिंहलाई छक्याएर ललितपुर राज्य कान्तिपुर राज्यबाट स्वतन्त्र पारेको घटनाले सानै उमेरदेखि प्रताप मल्लको मनमा असर पारेको थियो । यसैले ललितपुर-सँगको स्पर्धामा प्रताप मल्लले अनेक पटक शस्त्र धारण गरेको घटना तात्कालिक लेखहरूमा ठाउँ-ठाउँमा पाइन्छ। कुती खासासम्म प्रताप मल्लले विजय गरेका थिए। अरू छिमेकी राज्यहरूसँग पनि उनको बराबर लडाइँ परिरहन्थ्यो । यस कारण शस्त्रमा कुशलता हासिल गर्नु उनको लागि आवश्यक थियो ।

प्रताप मल्लका अनेक अभिलेखहरूमा विभिन्न राग र तालको उल्लेख पाइन्छ । यताबाट उनलाई विभिन्न राग र तालको अभ्यास भएको अनुमान हुन्छ । कवीन्द्रपुरको अभिलेखले स्वयं प्रताप मल्ल रङ्गमञ्चमा नर्त्तकको रूपमा पनि उत्रन्थे भन्ने देखाउँछ ×। यति कुराबाट पनि नृत्य तथा संगीतमा प्रताप मल्लको विशेष प्रेम थियो भन्ने कुरा सिद्ध हुन्छ ।

प्रताप मल्ल काव्यकलामा विशेष रुचि भएका जिज्ञासुप्रकृतिका पुरुष थिए । हनूमान्ढोकाको पटाङ्गिनीको चौध लिपि भएको अभिलेखमा प्रताप मल्लले त्यस वेलाका अरू पण्डितहरूलाई हाँक दिएका छन्। यता उताका विभिन्न कुराको ज्ञान हासिल गर्नुपर्दछ, नत्र ज्ञानको घेरा सीमित भएकालाई पण्डित

---

+ शस्त्रे शास्त्रवरे सदा सुखकरे संगीतविद्यावरे
सानन्दं किल केलिकर्मकुशलव्यापारकण्ठीरवः ।
स्वर्गे भूमितले तथा दशदिशां प्रान्ते गिरौ कानने
कोऽप्यस्तीति निगद्यते मम समो राजेन्द्रचूडामणिः ॥

[ पशुपतिको प्रताप मल्लको वि.सं. १७१३ को अभिलेखबाट । पं. भगवानलालद्वारा 'इन्स्क्रिप्शन्स् फ्रम् नेपाल' मा यो छापिएको छ ]

(रसरङ्ग खेलबडहरूमा सिपालु,शस्त्र शास्त्र तथा आनन्ददायक सङ्गीतविद्यामा मबराबरको कुनै ठूला राजा पृथ्वी तथा दशै दिशाको छेउछेउमा अथवा पहाड तथा जङ्गलमा कतै छन् भनेर कसले भन्न सक्छ।)

यसरी प्रताप मल्लले शस्त्र शास्त्र संगीतमा कुशल छु भनेर भनेका छन्। यही भावका कविताहरू प्रताप मल्लले अन्त पनि लेखेर गएका छन्।

× कवीन्द्रपुरको अभिलेखमा यस्तो लेखिएको छ–

"महाराजाधिराज भूपकेसरी श्रीश्रीश्रीकवीन्द्रजयप्रताप मल्लदेव प्रभु ठाकुर थम, श्रीश्रीश्रीनरसिंह अवतार जुयाव प्याखन ह्लसे बिज्याङाव श्रीश्रीश्रीनृत्यनाथ स्थापन याङ बिज्याङा।"

( यो अभिलेख योगी शङ्करनाथ फलेग्रहिद्वारा संस्कृत सन्देश १ वर्ष ४ अङ्कमा प्रकाशित भएको छ )

( महाराजाधिराज भूपकेशरी श्रीश्रीकवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकुरले स्वयं श्रीश्रीश्रीनरसिंह-को अवतार लिएर नाच्नुभयो र श्रीश्रीश्रीनृत्यनाथ स्थापना गर्नुभयो । )

भन्न सुहाउँदैन भन्ने भाव प्रताप मल्लले त्यस शिलालेखमा पारेका छन् ≈ । कान्तिपुर राज्यका पशुपति स्वयम्भू आदि प्रसिद्ध देवस्थलमा प्रताप मल्लका रचनाहरू परेका निकै अभिलेखहरू पाइन्छन् । त्यतिबाट पनि प्रताप मल्ल विद्याव्यसनमा लागेका थिए भन्ने प्रकट हुन्छ । यसरी प्रताप मल्लको 'शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग' भन्ने विशेषण केही अंशमा सार्थक थियो ।

धर्मविषयक कुरामा पनि प्रताप मल्ल अरू मल्ल राजाभन्दा अलि भिन्न थिए । नेपालमा चलेका विभिन्न संप्रदायका धर्ममा केवल आदर मात्र होइन कि आफ्नो जिज्ञासु स्वभावअनुसार प्रताप मल्लले ती ती धर्ममा विशेष अभिरुचि नै लिएका थिए। यसै हुँदा बौद्ध संप्रदायअनुसार चलेको लोकधारणालाई प्रताप मल्लले ठूलो महत्त्व दिई प्रचार गर्न लाएको एउटा घटनाको विस्तृत वर्णन दिने उद्देश्यले यो निबन्ध थालिएको छ ।

वि.सं. १७१५ को कुरा हो । बर्साद बितिसक्दा पनि पानी परेन । यसो हुँदा रोपाइँको काम हुन सकेन । जनतामा ठूलो हाहाकार फैलियो। दुर्भिक्षको आशङ्काले राजा प्रताप मल्ललाई पनि आच्छुआच्छु पाऱ्यो। अनि राजा प्रताप मल्लले ब्राह्मणहरू तथा वज्राचार्यहरूसंग सल्लाह गरी पशुपति गुह्येश्वरी स्वयम्भू वज्रयोगिनी चाँगु गोकर्णेश्वर आदि प्रसिद्ध देवस्थलहरूमा पाठपूजा गर्न लाए । तैपनि पानी परेन।

शान्तिपुरभित्र + नागको रगतले लेखिराखेको पौवा ( कपडामा लेखिएको चित्रविशेष ) र पुस्तक छ, सो पौवा र पुस्तक बाहिर ल्याउन सके पानी पर्छ भन्ने कुरा उब्ज्यो । त्यसो भए सो पौवा र पुस्तक

---

≈ मनुलिपिलिखितं यत्पद्यमत्यद्भुतं वै

कविकुलमुकुटेन श्रीप्रतापेन राज्ञा ।

स भवति बुधवर्य्यो वाचयित्वार्थकर्त्ता

निगदितमतिविज्ञैर्नान्यथा चौरवाच्यः ॥

थ्व आखर बोङा व श्लोकया अर्थ याय फुह्म मनुख्य जन्मस श्रेष्ठ धाय, थ्व आखर बोङाओ श्लोकया अर्थ याय मफत ओह्म धाय पशुजन्म ॥

[राजराजेन्द्र कवीन्द्र प्रताप मल्लले बनाएको १४ लिपिमा लेखिएको गजबको यो पद्य बाँचेर जसले अर्थ गर्न सक्छ, त्यही मान्छे विद्वान् कहिन्छ, नत्र विद्वान्हरू त्यस्ता मानिसलाई चोर भन्दछन् ।

यो अक्षर पढेर श्लोकको अर्थ गर्न सक्ने मनुष्यको जन्मलाई श्रेष्ठ जन्म भन्दछौं, यो अक्षर पढेर श्लोकको अर्थ गर्न नसक्ने मनुष्यको जन्मलाई पशुजन्म भन्दछौं । ]

+ शान्तिपुर नेपालका बौद्ध धर्मावलम्बीहरूको प्रसिद्ध देवस्थल हो । स्वयम्भूको डाँडामाथि उत्तरतिर शान्तिपुर छ । शान्तिपुरको विषयमा स्वयम्भूपुराणमा विस्तृत वर्णन पाइन्छ । गौड देशका राजा प्रचण्डदेवले राजपाठ छोडी प्रव्रज्या (संन्यास ) ग्रहण गरी शान्तिकराचार्य भन्ने नाउँले प्रसिद्ध भई

बाहिर ल्याउनुपर्‍यो भनेर प्रताप मल्लले वज्राचार्यहरूलाई अह्राए। तर वज्राचार्यहरुले ल्याउन सकेनन्। त्यसपछि स्वयं प्रताप मल्लले नै शान्तिपुर प्रवेश गरे। यस कुरालाई प्रताप मल्लले शान्तिपुरको शिलालेखमा तथा भिन्नै यस विषयको चित्र लेखाई प्रचार गरेका छन्। शान्तिपुरको अभिलेखमा सो यात्रासम्बन्धी वर्णन यसरी गरिएको छ—

वृष्टिनिवृष्टिमवेदय सुयुक्तं, साधकगणमाहूय मयोक्तं।
सान्तिपुरात्कुरु साधक यत्नं, झटिति समानय पुस्तकरत्नं ॥२४॥
तेन तथैव कृतं कलिदोषात पुस्तकमन्यदभूत् किल मोहात्।
पश्य पुनः स्वयमेव गृहीतुं, तत्र मनो विदधे खलु गन्तुं ॥२५॥
गच्छन् फणिगणमुख्यश्वलितः, क्रूरपिशाचशतैराकुलितः।
तवमिदमुग्रं मनसा गीतं, शान्तिशतैस्सकलं खलु शमितं ॥२६॥
सप्ताधिकविंशतिमितकोष्ठे, सिद्धगणैष्प्रकटकृतगोष्ठे।
मणिगणभूषितचित्रवितानं, नित्यं भयदं राजति सदनं ॥२७॥
वसुमितखण्डं पश्य सुहृष्टं, नवमे सुललितमासनयुष्टं।

---

नेपालमा आई शान्तिपुरको निर्माण गरेका हुन् भनी त्यसमा लेखिएको छ+। स्वयम्भूपुराण मल्लकालदेखिको प्रसिद्ध ग्रन्थ हुनाले तात्कालिक लोकधारणा बुझ्न उपयोगी छ। प्रताप मल्लभन्दा अघिका राजाहरूले पनि अनावृष्टिनिवारणको लागि शान्तिपुरभित्र पसेको वर्णन सो पुराणमा गरिएको छ। राजा प्रताप मल्ललाई पनि सोही पुराणले शान्तिपुर प्रवेश गर्नामा उत्साहित पारेको थियो भन्ने देखिन आउँछ। शान्तिपुरको बारेमा प्रताप मल्लले लेखाएर गएको वर्णन र स्वयम्भूपुराणमा लेखिएको वर्णन तुलना गरी हेर्दा यो थाहा हुन्छ। यस कारण यस निबन्धमा ठाउँठाउँमा टिप्पणीको रूपमा स्वयम्भूपुराणबाट त्यस विषयका केही श्लोक उद्धृत गरिएका छन्।

---

+अथ कालान्तरे गौडे आसिद्धे मत्प्रियो ऽभवत्।
प्रचण्डदेवभूपालः ...........॥ ३६८ पृष्ठ
तस्मात् गौडाच्च नेपाले समायातः प्रचण्डकः। ४०४ पृ.
प्रव्रज्याचर्य्यकं कृत्वा वज्राचार्य्यपद लभेत्
इति सञ्चिन्त्य भूपालः ..............
शिषाच्छेदं स्वेन कृतम्। ...............
वज्राचार्य्यपदं लब्ध्वा शान्तिकरं च नामकम् ४०५ पृ.
पूर्वे शान्तिकराचार्यः शान्तिपुरं प्रथापितम्। ४२५ पृ.

(एशियाटिक् सोसाइटी अफ् बङ्गालबाट प्रकाशित स्वयम्भूपुराणबाट)

[अनि कालान्तरमा प्रसिद्ध गौड देशमा मेरा प्यारा प्रचण्डदेव राजा भए। ती प्रचण्डदेव राजा गौड देशबाट नेपालमा आए। प्रव्रज्या ग्रहण गरी वज्राचार्य हुने विचारले प्रचण्डदेव राजाले आफैंले टुपी काटे। वज्राचार्य भएर शान्तिकर भन्ने नाउँ लिए। पहिले शान्तिकर आचार्यले शान्तिपुर बनाए।]

दृष्ट्वा मे किल चेतश्चलितं, पश्य सुपुस्तं दलमपि दलितं ॥२८॥
तत्र पुन: सुचिरर्च्चिष्कलितं, तत्तु तथा हि शमं खलु नीतं।
नागसुशोणितलिखितं चित्रं, पुस्तकमपरं गृह्य विचित्रं ॥२९॥
आगतवान्खलु प्रमुदितहृदय,स्सकलप्रजासु सदा खलु सदय :।
तत्क्षणमेव जगज्जलपूर्णा जातमहो खलु वृष्ट्या तूर्णं ॥३०॥
दृष्टं पुष्टकमद्भुतकथनं, केन निपत्य गृहीतं नूनं।
तत्क्षणमेवर्भयैव कलितं, तत्र मुदा तद्वृतमपि ललितं ॥३१॥
विविधजन्मसंचितकलिदावं, संदीपितभवजलधिसुनाव ।
नम्थ मुदा स्तवमुग्र रचितं, मल्लप्रतापमहीपतिना तं ॥३२॥
नेपाले सम्मतेस्मिन् वसुहयमुनिभिस्संयुते कृष्णपक्षे,
चाषाढे वै चतुर्थ्यां शतत्रिषसहिते शोभने योगराजे।
वारे वाचामधीशे फणिरुधिरकृतं चित्रकं श्रीकवीन्द्रै—
दृष्ट्वानावृष्टिमुग्रामकृत वहिरहो शान्तिपूराविधानात् ॥
तस्मिन् काले सुकाले सकलजनमनोल्लासिनी वारिपूर्णा,
जाता वृष्टिस्समन्ताद्विमलतरवरे भूतले सारभूता।
कृत्वा तत्कर्म्म चोग्रं विविध खलु प्रजापालनार्थं कृपार्थं,
राजेन्द्रश्रीप्रतापो निखिल किल सदा प्राणिनां मोदमाप ॥३४॥

इति श्रीमहाराजाधिराजश्रीश्रीराजराजेन्द्रकवीन्द्रजयप्रतापमल्लदेवविरचितं वृष्टिचिन्तामणिर्न्नाम स्तोत्रं सम्पूर्णं ॥

अत्यन्तनं वा मगाङाओ चों निमित्तिनं प्रजा लद्दा याय कारणस शान्तिपुरस गुरुबहार बदेतो सुनो दुहाय मछालस चोले. महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकुरसन शान्तिपुरया कथा सकल्यं खापा चालाकाओ दुहा बिज्याङाओ सोयाओ पतिबहार पुथि पिकायाओ सोयाओ दुन्यं थम श्लोक चिङ बिज्याङाव स्तोत्र याङाव वागचक बिज्याङा जुरो। थननलि पतिवाहार पुथि दुतस्यं बिज्याङा॥"

[ संस्कृत–सन्देश १ वर्ष १०–११–१२ संयुक्ताङ्कमा यो अभिलेख प्रकाशित भएको छ। ]

[पानी पर्दै नपरेको देखेर मैले ( प्रताप मल्लले ) तान्त्रिकहरूलाई बोलाएर भनें–तान्त्रिकहरूहो शान्तिपुरबाट असल पुस्तक ल्याउन छिटै कोशिश गर ॥२४॥

तिनीहरूले मैले भने जस्तै गरे। तर कलियुगको दोषले गर्दा पुस्तक अकैं पऱ्यो। त्यो देखेर शान्तिपुरभित्र आफैं पसेर त्यो पुस्तक लिएर आउने विचार गरें ॥२५॥

त्यहाँ जाँदा सर्पहरूमा टेकेर जानुपऱ्यो र डरलाग्दा पिशाचहरूले घेर्न आए, मनमनै यो स्तुतिपाठ गरी शान्ति स्वस्ति गर्दा सबै शान्त भए ॥२६॥

डरलाग्दो त्यो (शान्तिपुरभित्रको) घरमा जम्मा २७ कोठा छन्। कहीँ सिद्धहरू बसेर सभा गरिरहेका छन्। मणिहरूले सिंगारिएको छिरबिरे चँदुवा छ। आठौँ कोठा हेर्दै नवौं कोठामा पुग्दा बासा भएको राम्रो पत्र पत्र छुट्टिएको असल पुस्तक देखेर म दङ्ग भएँ। मेरो मन चञ्चल भएर आयो॥२८॥

त्यहाँ फेरि उज्यालो ज्वाला निस्क्यो, त्यसलाई पनि त्यसै गरी शान्त पारियो। सबै दुनियाँउपर दया भएको हुँदा सर्पको रगतले लेखिएको तसवीर भएको गजबको त्यो अर्को पुस्तक लिएर दङ्ग भएर आएँ। तुरुन्तै पानी परिहाल्यो। संसारै पानीले भरिभराउ भयो + ॥२९—३०॥

अद्भुत कुरा भएको त्यो पुस्तक कसले तल गएर लिएर आयो भन्ने देखाउन तुरुन्तै मैले त्यहाँ भएका रमाइला घटनाहरू खुशी भएर लेखिराखेँ ॥३१॥

अनेक जन्ममा जम्मा भएका पापलाई नाश गर्ने, दुःखमय संसारबाट पार लाइदिने, डरलाग्दा ती देवतालाई ढोगेर राजा प्रताप मल्लले खुशीसाथ यो स्तोत्र बनाउनुभयो ॥३२॥

भयङ्कर खडेरी परेको देखेर कवीन्द्र (कविहरूमा श्रेष्ठ) श्रीप्रताप मल्लले ने. सं. ७७८ (वि.सं. १७१५) आषाढकृष्ण चतुर्थी शतभिषा नक्षत्र शोभन योग बृहस्पतिवारको दिन शान्तिपुर भन्ने ठाउँबाट सर्पको रगतले लेखिएको तसबीर बाहिर ल्याउनुभयो ॥३३॥

त्यस बखत चारैतिर सारा मानिसको मनलाई प्रसन्न पार्ने मुसलधारे पानी पऱ्यो। यसबाट सहकाल भयो, पृथ्वीतल सफासुग्घर भयो। यसरी आफ्नो प्रजाको पालना र सारा प्राणीमाथिको दयाले जोखिमको त्यस्तो काम गरेर महाराजाधिराज श्रीप्रताप मल्ल प्रसन्न हुनुभयो ॥३४॥

महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेवले बनाएको 'वृष्टिचिन्तामणि' भन्ने स्तोत्र समाप्त भयो।

पानी कत्ति नपरेको हुनाले प्रजारक्षा गर्नाको लागि महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव प्रभुठाकुरले गुभाजूहरू तथा बाँडाहरू कोही पनि भित्रसम्म पस्न डराएकाले आफैं

---

+ पानी नपरेको वेलामा शान्तिपुर आदि ठाउँमा शान्ति स्वन्ति गराए पानी पर्छ भन्ने धारणा पछिसम्म रहेको उल्लेख पाइन्छ—

"सम्वत् ९९७......ज्येष्ठकृष्णस वा मगाना श्री ३ रणउदिपसिं महाराजानं दाम विया त्वा २ले थान थाने पुजा याका लं फोनकल गैह्न पल्टनंस्मेत्. वा मगाना हानं तका ३३९ मोह बिया स्येगु. सान्ति-पूर तदह जाया तुंठि थ्व ४ थास दाम बिया पुरश्चरण तयकल गोभाजुपिंत।"

(गुह्यहर्ष वज्राचार्यको संग्रहबाट)

[ने.सं. ९९७(वि.सं. १९३४) ज्येष्ठकृष्ण (पूर्णन्तिमानले आषाढकृष्ण)मा पानी नपरेको हुँदा श्री ३ रणोद्दीपसिंह महाराजले पैसा दिएर टोल टोलमा, ठाउँठाउँमा पूजा गराई पल्टनलाई समेत पानी माग्न लाए। तैपनि पानी नपरेको हुँदा फेरि ३३९ रुपियाँ दिई स्वयम्भू, शान्तिपुर......को इनार आदि चार ठाउँमा गुभाजूहरूद्वारा पुरश्चरण गराए]

शान्तिपुरका सबै कोठाका खापाहरू उघारेर भित्र पसेर हेर्नु भयो र पौवा र पुस्तक बाहिर निकालेर हेरी त्यहाँ (शान्तिपुर) भित्रै आफैंले श्लोक बनाई स्तुति गरी पानी पारिदिनुभयो । त्यसपछि सो पौवा र पुस्तक भित्रै राखिदिनुभयो । ]

प्रताप मल्ल शान्तिपुरभित्र पसेदाखेरिको विभिन्न दृश्यहरू भएको हरिताल लाएको नेपाली पाको कागतमा लेखिएको आकर्षक चित्रपट गुह्यहर्ष वज्राचार्यका पुत्र देवहर्षको घरमा छ [१] । शान्तिपुरको अभिलेखमा भन्दा विस्तारपूर्वकको वर्णन त्यस चित्रपटको वरिपरि नेवारी भाषामा लेखिएको छ [२] । प्रताप मल्लका विभिन्न मुद्राका रङ्गीन चित्रहरू भएका हुनाले त्यसको झन् बढी महत्व हुन गएको छ ।

चित्रमा शान्तिपुरभित्र जमीनमा जम्मा तीन तला छन् भन्ने देखाइएको छ । प्रत्येक तलालाई ६ कोठामा विभक्त गर्न सकिन्छन् । तीनै तलामा विशेष कुरा भएका कोठाहरूको उल्लेखनीय दृश्यहरू मात्र त्यसमा चित्रण गरिएका छन् । देवता नभएको शून्य कोठामा 'देवमदु क्वथा=देवता नभएको कोठा' भनेर लेखिएको छ ।

उठानमा शान्तिपुरको सबभन्दा बाहिरको ढोकाको दृश्य छ । सो ढोकाको नगीचै ढोकाभित्र पस्न लागेका प्रताप मल्ल देखिन्छन् । उनको दायाँ हातमा सुकुण्डा ( एक प्रकारको बत्तीको भाँडो ) तथा अर्को हातमा पूजासामाहरू छन् । त्यस दृश्यको वरिपरि कालो मसीले नेवारी भाषामा परिचयवाक्य दिइएका छन् । सो यस प्रकारको छ—

'श्रीश्रीराजराजेन्द्र कवीन्द्र जय प्रताप मल्ल देव सामासबुनि, ङा, म्वात, सादुदु जोङाओ दुहा बिज्यात'

[ श्रीश्री राजराजेन्द्र कवीन्द्र जय प्रताप मल्ल देव पूजासामा, माछा, भटमास, गाईको दूध लिएर भित्र पस्नुभयो । ]

एउटा तलाबाट अर्को तलामा जाने भऱ्याङ पनि चित्रमा देखाइएको छ । 'लोहोगनसले=ढुङ्गाको सिंढी' भनी त्यहाँ परिचय लेखिएको छ ।

दोस्रो तलामा बीचको कोठामा एउटा चाक्लो जन्त्र छ । त्यसको अगलबगलमा खड्ग, पौवा राख्ने ढुङ्गो, तथा कलश जस्तो≶ पदार्थ छन् । कोठाको भित्तामा एउटा खोपा जस्तो पनि देखाइएको छ । सो कोठाको परिचय दिंदा तत् तत् वस्तुको मुनि यस्तो लेखिएको छ—

---

१ यस्तै चित्र पं. अमोघवज्र वज्राचार्यसँग पनि छ। पाठ ठम्याउन त्यताबाट पनि सहायता मिलेको छ ।

२ देवहर्ष वज्राचार्यले सो चित्रपटको परिचय 'गोरखापत्र' मा प्रकाश गर्नु भएको छ ।

≶ कलश जस्तो पदार्थको परिचय चित्रपटमा दिइएको छैन । स्वयम्भूपुराणमा भने यस्तो लेखिएको छ —

चिन्तामणिकल्पवृक्षं चिन्तामणिघटमपि ।

चिन्तामणिमणिश्चापि यत्र भूमौ स्थिते अपि ॥४८६ पृ.

[ जहाँ शान्तिपुरको भुइँतलामा चिन्तामणि कल्पवृक्ष चिन्तामणि कलश र चिन्तामणि मणि रहेको छ । ]

—यहाँ उल्लिखित चिन्तामणि कलश नै सो कलश हो भन्ने देखिन्छ ।

खङ्ग तशिक

थ्वगुलि दथुत शुन्याकारया जन्त्र जक्व

दथु कथास देव श्री ३ महासम्बल दत ॥ श्री २ राजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेवन थम दर्शन याङा। सफुलि महासम्बल तन्त्र पतिबाहाल छगुलिनापं सिजकपस थङा दत।

[ खङ्ग खोपा ( ? )

यसको बीचमा शून्याकारको जन्त्र मात्र । बीचको कोठामा श्रीमहासम्बर × भेट्टाइयो । श्री २ राजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल देवले आफूले त्यो दर्शन गर्नु भयो । किताबमा महासम्बर तन्त्रको एक प्रति पनि तामाको ढुङ्ग्रोमा राखिएको भेट्टाइयो । ]

दोस्रो तलाबाट तेस्रो तलामा ओर्लने सिंढी पूर्वपट्टिको कोठासँगै देखाइएको छ । सो कोठामा लेखिएको परिचयवाक्य यस्तो छ—

ह्नवनेगुलि दुवालन पिहायाव स्वक्व था ओने दु. सोको थासं देव मदु। थ्वलोतो गुतबाहार पनि ओने फग. लं मसेओ लं मखङ ॥ लोहो खापा खङाव गनसलेन क्वहायक थगुलितं वने लं ॥

[ अघिल्लो ढोकाबाट पसेर हेर्नु भयो । माथि जान सकिन्छ । हेरेहेरेको ठाउँमा देवता छैनन् । यहाँसम्म त गुभाजूहरू पनि जान सके, बाटो नदेखेकोले जान सकेनन् । ढुङ्गाको खापा उघारेर भऱ्याङबाट ओर्लेर यस तलामा जाने बाटो । ]

तेस्रो तलाको सबैजसा कोठाहरूमा विशेष आकर्षक दृश्यहरू छन् । दोस्रो तलाबाट ओर्लनेबित्तिकै तेस्रो तलाको पूर्वपट्टिको कोठा आउँछ । सो कोठामा तीनवटा पुतलीहरू उडिरहेको दृश्य छ । त्यसको परिचय त्यहाँ यस्तो लेखिएको छ —

"कोहायतुनं ह्नपागुलि कथा, राधा मूकसेन मत स्यात वओ, थगुलिन नि क्वथा वने दु ।"

[ तल ओर्लनेबित्तिकै आउने पहिलो कोठा । पुतली लाटो कोसेरा (?) हरूले बत्ती निभाउन आए । यस कोठाबाट अरू दुइ कोठामा जान हुन्छ । ]

पुतली उडिरहेको दृश्य भएको यस कोठासँगै हेर्दैमा डरलाग्दा राक्षसहरू नाचिरहेको दृश्य छ । सो दृश्यको परिचय त्यहाँ यसरी लेखिएको छ ।

"थ्व क्वथास भूतप्रेत पिशाच, थ्वपनिसेन फोन ओयिव, शान्ति याय मफतसा दुःख बियिव, लिहा ओय मजियक जोङतयिव ।"

[ यस कोठामा भूत प्रेत पिशाचहरू छन् । यिनीहरू माग्न आउँछन्, शान्त पार्न सकिएन भने दुःख दिन्छन्, फर्कन नहुने गरेर समातेर राख्छन् ।]

---

× अभ्यन्तरे नवकोष्ठे मध्ये सहस्रभूजकम् ।
महावीरसम्बरञ्च प्रज्ञोपायञ्च स्थापितम् ॥ ४२५ पृ.

( स्वयम्भुपुराणबाट )

[ भित्र नवौं कोठाको बीचमा हजार हात भएका महावीरसम्बर प्रज्ञोपाय स्थापना गरिए । ]

तेस्रो तलाको दक्षिणतिरको जम्मै भागमा पोखरीमा जलतरङ्ग उठिरहेको दृश्य छ। त्यसको परिचयमा —

"थन लं मदु ॥ थन प्वाल जक्व दत, प्वालन लख खने दु, ल ह्लवओ फसं ओव"

(यहाँ बाटो छैन, यहाँ प्वाल मात्र भेट्टाइयो, प्वालबाट पानी देखिन्छ, पानीका छिटा मिसिएको बतास आउँछ।)

—भनेर लेखिएको छ।

पश्चिमपट्टिको कोठामा एउटा रूख ÷ छ। सो कोठामा पस्ने ढोकामा ठूलठूला ढुङ्गा छन्। त्यसको परिचयमा —

"द्वाल लोहोन दङाव तल"··· ( ढुङ्गाले छोपेको ढोका )

यसपछि पश्चिम उत्तरको कुनाको कोठा आउँछ। त्यहाँ भयङ्कर सर्पहरूको दृश्य चित्रित गरिएको छ। त्यसको परिचयको लागि लेखिएका वाक्य यी हुन्—

"थ्वगुलि क्वथास, वि सुक दुदुलुयान. शान्ति थने मफतसा लिहाओय मजियक हिङाओ तयिव, शान्ति दनसा बिया ह्लस तुति तयाव ओने, गनसल याङाओ बियिव, थननं दुहाय।

[ यस कोठामा सर्पहरू + पछिपछि आउँछन्। शान्ति स्वस्ति गर्न सकिएन भने फर्कने नहुने गरेर बेरेर राख्छन्। शान्ति स्वस्ति गर्न सक्यो भने सर्पको जिउमा खुट्टा टेकेर जान पाइन्छ। ( ती सर्पहरू ) भन्याङ्ग भएर बसिदिन्छन्।

यहाँबाट पनि ( अर्को कोठामा ) जानुहुन्छ ]

यसपछि उत्तरतिरको कोठा आउँछ। जुन कुराको खोजीमा प्रताप मल्ल गएका हुन्, सो कुरा यही कोठामा उभ्याइराखेको दृश्य चित्रले प्रस्तुत गरेको छ। यहाँ लेखिराखेको त्यसको परिचय यस्तो छ—

"वा मगाङाओ.पितहयागुलि नवनागया हीन चोया पतिबाहार, सिजलकपस थङाओ तालन दयाव ताथा"

---

÷ स्वयम्भूपुराणको आधारमा यो रूख चिन्तामणि कल्पवृक्ष हो भन्ने देखिन्छ। ( यस निबन्धको ३७ पृष्ठको टिप्पणी हेर्नुहोस् )

+ अथ शान्तिकराचार्य्यं शान्तिपूरस्याभ्यन्तरे।

विशेषेण नागकोष्ठे नागाञ्च साधनं कृतम्॥४७२ पृ.

( स्वयम्भूपुराणबाट )

[ अनि शान्तिकराचार्यले शान्तिपुरभित्र विशेष गरेर नागहरूको कोठामा नागहरूलाई साधन गरी राखे। ]

[ पानी नपरेर बाहिर ल्याइएको नौवटा नागको रगतले लेखिराखेको+ पौवा तामाको ढुङ्ग्रोमा राखेर ताल्चा मारेर राखेको थियो । ]

यही कोठाको मध्यभागमा हाडछाला मात्र बाँकी रहेको ध्यानमग्न तपस्वीको दृश्य छ । त्यसको परिचय त्यहाँ यस्तो लेखिएको छ—

" शान्तिकल आचार्य समाधि चोङाव सिद्ध जुव, रा छुङ मदुतो कसजक दतानि, जिओ दनिथ्व श्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेवन नापलाङाव ओनके ङात तिन दुहा बिज्याङा । "

+अथ पुनः शान्तिकरः कपाटं प्रावृतं कृतात् ।
अभ्यन्तरे शान्तिपुरे गत्वा नागानुवाच सः... ॥
सत्वानाञ्च हितार्थाय सदा वृष्टिकृताय च...
युष्माकञ्च शरीरस्य स्तोकञ्च रुधिरमपि... ।
समागृह्य सुशीघ्रेण लङ्गेण सह मीलितम् ... ॥
अत्र कृतमण्डलवञ्चित्रयापि च पट्टकम् ... ।
दुःखमपि क्रीयते सत्वानां हितकाम्यया ... ।
एवमुक्ते ऽपि ते सर्वे वरुणादिनागाष्टकाः
एकवागैकस्वरेण प्रत्युवाचे शान्तिकरम् ...
भवतः यत्कार्य्यमस्ति तत्प्रकारञ्च क्रीयताम् ... ।
एवमुक्ते स आचार्य्य शान्तिकरः सिद्धगुरुः...
मन ऋद्धि सङ्कुर्वन् एकं पटं चित्रं कृतम् ... ॥
पटे नवनागराजा शान्तिकरेण लेखितम् ... ।
ततस्ते स्थापितास्तेन पट नागपूरे शुभे ... ।
अनावृष्टे प्रसार्य्यतः वृष्टिस्यान्निश्चयं द्रुतम् ।
ततः प्रभृति मैत्रेय काले वृष्टि सुजायते ॥४७५–४७८पृ.

( स्वयम्भुपुराणबाट )

[ अनि फेरि शान्तिकराचार्यले ढोका लाएर शान्तिपुरभित्र पसेर नागहरूलाई भने । प्राणीहरूको हितको लागि खडेरी हटाउन तिमीहरूको अलिकति रगत लिएर रङ्गमा भ्रटपट मिलाएर यहाँ बनाएको मण्डल जस्तैको एउटा पौवा लेख्दछु । प्राणीहरूको हितको इच्छाले दुःख पनि सहनुर्छ ।

शान्तिकर आचार्यले यस्तो भनेपछि वरुण र अरू आठै नागले एकै बोली एकै स्वरले उनलाई भने- यहाँलाई जे गर्नु पर्ने हो, त्यसै गर्नुहोस् ।

उनीहरूले यस्तो भनेपछि सिद्ध शान्तिकराचार्यले खुशी भएर एउटा पौवा बनाए । पौवामा शान्तिकराचार्यले नौवटा नाग लेखे । त्यसपछि उनले त्यो पौवा नागपुरमा राखे ।

त्यसै वेलादेखि हे मैत्रेय, खडेरी परेको वेलामा त्यो पौवा फिंजाइदिएपछि निश्चयपूर्वक पानी पर्ने भयो । ]


[ शान्तिकर आचार्य समाधिमा बसी सिद्ध भए। ( जीउमा ) मासु कत्ति छैन, हाड मात्र बाँकी छ, प्राण भने बाँकी छ+, श्रीश्रीराजराजेन्द्र कवीन्द्र जय प्रताप मल्लदेवले उनलाई भेट्नुभयो, उनीसँग सोधेर मात्र भित्र पस्नुभयो। ]

तेस्रो तलाको बीच कोठामा रत्न जडेको श्रीपेज लाएका, दाह्री जुङ्गा पालेका, कानमा चौगडी घाँटीमा मोतीको माला तथा सुनको सिक्री लाएका, रातो झल्लरी अङ्गा र जामाको बीचमा नीलो नीलो बुट्टे दार पटुका बाँधेका प्रताप मल्लको चित्र छ। त्यस चित्रमा प्रताप मल्ल बत्ती अगाडि राखी पलेटी मारेर सनाथि गरिरहेका देखिन्छन्। त्यहाँ दिइएका परिचयवाक्य यी हुन्—

"श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल देवन सकल क्वथास सोयाव प्रजा रक्षा याय यात, वा मगाङान वा गातकेयात थे शान्तिपुर दुहायाव थनं दु लख जुयाओ वने मजियाव थन ध्यान याङाव बिज्याङा दक्वस कोथुत गुलि, थ्वते मालक्व कर्म धुनकाव लिहा बिज्याङा।"

[श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेवले सबै कोठा हेरेर प्रजारक्षा गर्न पानी नपरेकोले पानी पार्न यसरी शान्तिपुरभित्र पसेर यहाँभन्दा पनि भित्र पानी भएको हुनाले जान नभएकोले यहाँ ध्यान गर्नुभयो र सबै ठाउँमा(गएर)कैयौं कुरा हेर्नुभयो। यति चाहिने जति जम्मै यी काम सिद्ध्याएर फर्कनुभयो।]

यहाँ चर्चा गरिएका चित्रपटका केही दृश्य यस प्रकारका छन्–



+ सिंहासने प्रतिस्थित्वा वज्रासनेन मुद्रया... यद्वत् सुखावती स्थाने अपरीमितायुषः स्थितम्। तद्वत् तत्र भूमौ चापि शान्तिकरःप्रतिष्ठितम्॥..तत्रस्थसमाधिकृतनिश्चयः।..(स्वयम्भू पुराण४८६-४८७पृष्ठबाट)

[ सिंहासनमा बसेर वज्रासन बाँधेर सुखावतीमा झैं अपरिमित आयु लिएर त्यहाँ शान्तिपुरको भुइँ-भित्र शान्तिकर आचार्य समाधि गर्ने विचारले बसे। ]

सो चित्रको एकातिर संस्कृतमा शान्तिपुरको शिलालेखमा रहेको चक्रसंवरको स्तुति र संक्षेपमा प्रताप मल्लको शान्तिपुरयात्राको वर्णन छ। अर्कोतिर नेवारी भाषामा विस्तारपूर्वक सोही यात्रावर्णन लेखिएको छ। यस कारण शान्तिपुरको शिलालेखमा नपरेको, नेवारी भाषामा लेखिएको विस्तृत वर्णन मात्र यहाँ उद्धृत गरिन्छ–

ओं स्वस्ति ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारक देवन, वा मगाङाव ब्राह्मनपनि सकलेङ मुनकाओ, गुतबाहालपनि सकलेङ मुनकाओ, हाङबिज्यात, श्री ३ पशुपति, गुह्येश्वरी, वज्रयोगिनी, चंगु, सेगु, गोकर्णेश्वर आदिन तेषुहो, ह्नुति आदिन, जप यायेमाल थास जप यातकल, बलि बियमाल थास बलि बियकल, सातक चोनेमाल थास, सातक चोन, जज्ञ होम यायमाल थास जज्ञ होमं यात, नाना उपाय यातकल, येलनं ब्राह्मनं बदेनं आदिन सकलभिनं जप, बलि, सातक, जज्ञ होम यातकल, ख्वपनं, ब्राह्मन बदेन खुहोदो आदिन सकलभिन जप, बलि, सातक, जज्ञ, होम यातकल, थथेनं वा मगाङाओ, गुतबाहालपनि मुनकाओ, हाङबिज्यात, सान्तिपुरस चोङ सफुल, पतिबाहार पिकाय फुला धक हाङबिज्यात, सुनानं फया मधायाओ, सेगु बदे ओ मखनबाहारया गुतबाहार ओ हाङबिज्यात छमिसेन फुला धक, थ्वपनिसेन धार, जिपनि सदाजुया शयेतो नि शोय धक धार, थायाथेङ ओङाव शोल, सफुलिङ पतिबाहारङ लुयकेमफु, चिता यातक तया क्वतवारपनिसेन लुयकेमफु धक लिसर कन ओयाव, सामग्री मालक्व दयकाओ, थम बिज्यात, बिज्याङाव सान्तिपुरया पिवने, गुतबाहारपनिस ख्वालस भोजिनिन मुनकाओ चोङ खंङबिज्याङाओ, ह्नेलाव आदेश दयकर, छमिसेन मफतङाओ प्रजारक्षा थायनिमित्तिन जे ओने धकं आज्ञा दयकल, सुनानंङ छु धायङ मफु, थ्वते आज्ञा दयकाओ, सेगु बदेनं मतन केन, मखनबाहारया गुतबाहारन सामग्रि जोन, श्री २ जुजु दुहाबिज्यात, मखनबाहारया गुतबाहार कहाय थास थललन नुयकाओ मूर्च्छान कयकाव अनं चोन, सेगु बदे जुक्व निपरा जुक्व क्वहा ओल. ओरस मिखान मखंङाओ, थललन नुयकाओं लिहा ओर, ओरस सामग्री मत थम जोङबिज्याङाओ थम जुक्व दुहाबिज्यात, दुहाबिज्याङा शान्तिकर आचार्य नाप लाङाव बिज्याङाओ क्वथापतिङ माल मालगुलि सोसे बिज्याङाओ, नवनागया हिन चोयागुलि पतिबाहारओ, सफुलि ओ पिजोङबिज्यात, सिजलन निगुलि यातङ, थल कायकलहसेबिज्याङओ थङाओ तसेबिज्यात, श्री २ जुजु दुवने बिज्यातोलेन धू. मूहालओयाओ, दुने पिने नाना सब्द ओओ, मुषा बोओ थेङ भुँतुक, पिवने फलस चोङ प्रमान क्वथामोचा आदिन सकलेङ शाङाओ, सान्तिपुरया फलस चोने मछालाओ फलेपतिङ चोनवन. श्रीश्रीजुजु पिहाँ बिज्याङाव थ्वपनि सकलेङ बोङाओ थ्वगुलि वृत्तान्त आज्ञा दयकर, थ्व कुन्हुनिसे वा गात, थ्वते याङबिज्याङा प्रजापनि रक्षा याङबिज्यात, क्रथास थायथायस चोङपनिसेन नाना मथन दुःख बिव, हर्गण भूत बि आदिन गुगुलि ओमिस्त भक्त जुर, ओगुलि २ बियाओ सान्ति जुव, इमा बह आकारन रापा ओयाओ मतँ स्याययात ओओ थ्वतेङ सान्ति याङाओ दुहाबिज्याङा सान्ति जुस्येलीं.. बिज्यात, भोयुस्वान थोयाओ हस्थ बिज्यात तोयु बेंङ पित हसेबिज्यात, नीयन्हस क्वथा सोसेबिज्यात, ओलस अथाहा लँखपुषुलि थेङाओ थ्वनलि पतिवाहार सफुली पि जोङाओ पिहाबिज्यात, न्हस घरि च्याघरि दुवने बिज्याङाओ पिवने चोङपनि सकलेङ हतास त्राओ, पिहाबिज्यासेनलि तुनि सकरसं मनस आनन्द जुर, थ्वते धुनकाओ लिहाबिज्यात॥ थ्वगुलि दंन जाके धाना फं. २२ वा फं ५० जुल, सुभिक्ष जुल, श्रीश्रीकवीन्द्र जयप्रताप मल्ल देवनं थ्वतेओ प्रजाया कारणसयाङबिज्याङा जुल ॥ सान्तिपुरया दुवने सकरभिं सोसेबिज्याङाओ थेदुवने चोङ ततिन स्तोत्र

दयकबिज्याङा॥ सम्वत् ७७८ आषाढमासे कृष्णपक्षे चतुर्थ्यान्तिथौ सतविष नक्षत्र सौभन योग बृहस्पतिवार थ्व कुन्हु दुहाबिज्याङा दिन जुरो । शुभमस्तु सर्व्वदा काले, दीर्घमायुरस्तु ॥

[ ॐ कल्याण होस् । शस्त्र शास्त्र संगीत आदि सबै विद्यामा पारङ्गत भएका, महाराजाधिराज, नेपालका राजा, विद्वच्छिरोमणि, सबै राजसमूहका मालिक, राजराजेन्द्र ( ठूला राजा ), कवीन्द्र (कवि-हरूमा श्रेष्ठ) श्रीश्रीजयप्रताप मल्ल परमभट्टारक देवले पानी नपरेकोले ब्राह्मणहरू तथा गुभाजूहरू सबैलाई जम्मा गरेर सोध्नुभयो । श्री ३ पशुपति, गुह्येश्वरी, वज्रयोगिनी, चाँगु, सिम्भू, गोकर्णेश्वर आदि र टेखुदोभान, बालाज्यू आदि जप गर्नुपर्ने ठाउँमा जप गराउनुभयो, बलि दिनुपर्ने ठाउँमा बलि दिन लाउनुभयो। पुरश्चरण गर्नुपर्ने ठाउँमा पुरश्चरण गर्न लाउनुभयो । होम गर्नुपर्ने ठाउँमा होम गराउनुभयो । यसरी नाना उपाय गराउनुभयो । पाटनमा पनि ब्राह्मण बाँडा आदिद्वारा सबै ठाउँमा जप, बलि, पुरश्चरण, जज्ञ होम गर्न लाइयो । भक्तपुरमा पनि ब्राह्मण, बाँडा, खुहोदो (?) आदिद्वारा सबै ठाउँमा जप, बलि, पुरश्चरण होम गर्न लाइयो ।

तैपनि पानी नपरेकोले गुभाजूहरूलाई जम्मा गरेर " शान्तिपुरमा रहेको पुस्तक र पौवा बाहिर ल्याउन तिमीहरू सक्छौ " भनी सोध्नुभयो । कसैले पनि सक्छु भनी नभनेको हुँदा सिम्भूका बाँडा र मखनबहालका गुभाजूहरूलाई 'तिमीहरू सक्छौ कि ' भनी सोध्नुभयो । हामीहरू सधैं गइरहने ठाउँ-सम्म गई हेरौं भनी तिनीहरूले भने । अनि भने जस्तै (तिनीहरूले) गएर हेरे, पुस्तक पनि पौवा पनि भेट्टाउन सकेनन् । हेरचाहको लागि राखिएका क्तवार ( रक्षक )हरूले भेट्टाउन सकेनन् भन्ने जवाफ सुनाउन आए ।

त्यसपछि प्रताप मल्ल चाहिने जति सामग्री जम्मा गरेर आफैं जानुभयो र शान्तिपुरको बाहिर गुभाजूहरूलाई मुखमा झिंगा भन्काएर बसिरहेको देखेर हाँसेर भन्नुभयो—तिमीहरूले सकेनौ, प्रजारक्षा गर्नाको लागि म आफैं जान लागें । कसैले केही भन्न सकेन । यति भनी सिम्भूको बाँडालाई बत्ती समाउन लाई, मखनबहालका गुभाजूलाई सामान लिन लाई श्रीश्रीराजा भित्र पस्नुभयो। मखन-बहालका गुभाजू तल ओर्लने ठाउँमा थरथर काँपेर मूर्छा पर्‍यो र त्यहीं बस्यो। सिम्भूको बाँडा पनि तीन पाइला के ओर्लेको थियो, आँखाले केही देख्न छोड्यो र थरथर काँपेर फर्क्यो । त्यसपछि बत्ती र सामान आफैंले लिनुभयो र आफू एकलै भित्र पस्नुभयो। भित्र शान्तिकर आचार्यलाई भेटेर, कोठापिच्छे चाहिने जति खोजी हेर्नुभयो र नौवटा नागको रगतले लेखिराखेको पौवा र पुस्तक लिएर बाहिर आउनुभयो ।...त्यहीँ उभ्याइदिनुभयो ।

श्री २ राजा भित्र पस्नुभएको वेलामा भित्र बाहिर बाघ गर्जेको जस्तो नाना प्रकारको आवाज आयो । भूकम्प भए जस्तै भयो । बाहिर पेटीमा बसिरहेका भारादार र बैठकेहरू सबै डराएर शान्तिपुरको पेटीमा बस्न नसकी पाटी पाटीमा बस्न गए । श्रीश्रीराजा बाहिर पाल्नुभएर यिनीहरू सबैलाई बोलाई यो वृत्तान्त सुनाउनुभयो । यस दिनदेखि पानी पर्‍यो । यस्तो गरेर प्रजाहरूको रक्षा गर्नुभयो । कोठा-मा ठाउँठाउँमा रहेकाहरूले अनेक तरहले दुःख दिएका थिए । हर्गण ( भूतविशेष ) भूत सर्प आदिलाई उनीहरूको जुन जुन खानेकुरा हो, त्यो त्यो दिएर शान्त गरियो । चील बकुल्ला जत्रा पुतलीहरूले बत्ती निभाउन आए । यिनीहरूलाई पनि शान्त गरेर भित्र पस्नुभयो । .. भोयुस्वाँ ( फूलविशेष) टिपेर ल्याउनु-भयो । सेतो भ्यागुतो पनि लिएर आउनुभयो । ... सत्ताईसवटै कोठा हेर्नुभयो । अनि अथाह पानीले भरिएको पोखरीमा पुग्नुभयो र त्यस पछि पौवा र पुस्तक लिएर बाहिर आउनुभयो ।

सात आठ घडीसम्म ( तीन घण्टा जति ) भित्र बस्नुभएको हुँदा बाहिर बसेका सबै हताश भएका थिए । बाहिर आउनुभएपछि मात्र सबैको मनमा आनन्द भयो । यति गरेर ( दरबारमा )फर्कनुभयो । यस वर्ष ( मोहरको ? ) २२ पाथी चामल ५० पाथी धान भयो । सुभिक्ष भयो । श्रीश्रीकवीन्द्र जयप्रताप मल्ल देवले प्रजाको निमित्त यस्तो गर्नुभएको हो ।

शान्तिपुरभित्र सबै कुरा हेरिरहुनञ्ज्यालसम्ममा स्तोत्र बनाउनुभयो ।

ने.सं. ७७८ (वि.सं. १७१५) आषाढकृष्ण चतुर्थी शतभिषा नक्षत्र शोभन योग बृहस्पतिवारको दिन शान्तिपुरभित्र पस्नुभएको हो । सर्वदा कल्याण होस् दीर्घायु होस् । ]

यसरी प्रताप मल्लले आफ्नो शान्तिपुरप्रवेशको प्रचार गराएका थिए । यो कुरा यस्तै हो भनी भन्न अहिले विशेष साधन हामीसँग छैन । आफ्नो आफ्नो विश्वासअनुसार यस विषयमा मानिसहरू विचार गर्न सक्छन् । प्रताप मल्लले प्रचार गराएको कुरो विक्रमको अठाह्रौं शताब्दीको नेपालको एक भागको लोकविश्वासको विषयमा विचार गर्न चाखलाग्दो हुनेछ भन्ने सम्झी सानुवाद यो लेख यहाँ प्रकाश गरिएको हो ।

—०—

# भक्तपुरको राजकुलो

—भोलानाथ पौडेल

भक्तपुरदेखि २ कोश जति पूर्वतिर महादेवपोखरी नाउँको पहाड छ। त्यस पहाडको चुचुरैमुनिको खोंचमा महादेवपोखरी भन्ने नाउँले प्रसिद्ध एउटा सानो पोखरी छ । त्यसै पोखरीबाट निस्केको पानी त्यस पहाडका अरु साना ठूला मूलहरूलाई बटुल्दै नगरकोटको फेदीमा आइपुग्छ । त्यहाँ आइपुग्दा त्यसै बीचका साना ठूला धेरै मूलहरू जम्मा भइसकेकाले त्यस प्रवाहले खोलाको रूप लिएको हुन्छ र त्यस खोलाका किनारामा धेरै घट्टहरू भएका हुँदा मानिसहरू उक्त खोलालाई घट्टेखोला भन्दछन् ।

उक्त घट्टेखोलाका वासुकिघाट वा तल्लोघट्ट भन्ने ठाउँमा बाँध बाँधी उक्त खोलाको पानी दायाँ किनारामा चढाइएको छ । सो पानी कुलाको रूप लिएर घट्टेखोलालाई छोडी नगरकोटको फेदीलाई फनको मार्दै तेलकोटको फेदीमा पुग्छ । तेलकोटबाट आउने खहरेले हुल्याउन नपाओस् भनी तेलकोटबाट आएको खहरेमा पुल हाली त्यसै पुलबाट उक्त कुलो चलाइएको छ । यसरी तेलकोटको फेदीलाई समेत फनको मार्दै आफ्ना बायाँतिरका खेतलाई भिजाउँदै सो कुलो खरीपाटीमा पुग्छ । त्यताबाट पनि आफ्ना दुबै पाखाका खेतलाई भिजाउँदै नागवेले नाकानाकै बाँसबारीतिर+ लाग्दछ ।

---

+ यो बाँसबारी भक्तपुरभन्दा कोशभर जति पूर्वमा पर्ने बाँसबारी हो, महाराजगञ्जभन्दा उत्तरको बाँसबारी होइन ।

खरीपाटीबाट तलतिर लागेपछि नाकानाकै कुलो बगेको हुँदा अलिकता असावधानी भएमा पनि कुलै टुट्ने डर हुँदा ठाउँ हेरी कतै कुलाको दुवैतिर र कतै एकातिर मात्र अलिअलि जग्गा पर्ती राखिएको छ। त्यस पर्ती जग्गामा गाईं भैंसी आदि चराउन नदिई दङ्गी घाँस पालिएको छ। यति गर्दा पनि ठाउँठाउँमा नाका भासिएको हुँदा त्यो त्यो ठाउँमा पक्की पर्खाल लाइएको छ। सोही नाकानाकै नगरकोट जाने मूल सडकसमेत बनाइएको हुँदा बाटाको समेत सम्भारको लागि कति ठाउँमा त सो कुलो आजभोलि सिमन्तीको जडान गराई पक्की बनाइएको छ। यसरी कतै पक्की कतै कच्चीको रूपमा सो कुलो बाँसबारीको पानीपोखरीभन्दा [१] केही तल दगुगा भन्ने ठाउँमा आइपुग्छ।

दगुगामा दुइटा पोखरी छन्। तिनमा माथिल्लो पोखरी अलि सानो र उत्तानो छ। तल्लो पोखरीचाहिं निकै ठूलो र गहिरो पनि छ। दगुगामा आइपुगेपछि उक्त कुलाको अलिकता भाग माथिल्लो पोखरीमा खस्छ र बाँकी भाग खेतीकै कामका लागिको कुलाबाट खेतखेतै बग्न थाल्छ।

दगुगाको माथिल्लो पोखरीमा खसेको पानीचाहिं त्यताबाट तल्लो ठूलो पोखरीमा खस्छ। त्यस ठूलो पोखरीबाट पनि माटाका पाका (पोलेका) डूँड र ईंटले बनेको बाटो (पाइप=ढल=नल)ले सोझै भक्तपुर शहरमा पुग्छ। शहरभित्र पसेपछि पनि त्यस कुलाले राजदरबारको सुनधारा, खौमाटोलको धारा, नासुमनाटोलका धारा, भैरवस्थानको सुनधारा आदि अनेक धाराहरू चलाएइका छन्।

यो राजकुलो भक्तपुरका सुनधारा ढुङ्गे धाराहरूका लागिको मात्र नभई खेतीका लागिको समेत भएको हुनाले खेतीका लागि पानीको बढ्ता आवश्यता परेका वेलामा प्रायः भक्तपुरका सबै सुनधारा ढुङ्गे धाराहरू एकैसाथ सुक्तछन्। तर राजदरबारकै सुनधाराको पानीले तलेजु भवानीको पूजा गर्नुपर्छ। सो धारामा पानी नआएमा त्यसको मुहानसम्मै पुगी त्यसै राजकुलोको चोखो पानी ल्याउनुपर्छ [२] भन्ने नियम बसेको हुँदा खेतीको काममा खाँचै भए तापनि यो कुलो अहोरात्रसम्म टम्मै सुक्न पाउँदैन। कुनै दिन यो कुलो टम्मै सुकेर राजदरबारको सुनधारामा बेहान सबेरै पनि पानी आएन भने भक्तपुरमै बसेका त्यहाँका विशेष अधिकारीले अरू अधिकारी खटाई कुलाका ढलपाहरूलाई सचेत गराउने काम पनि बराबर गर्दथे +। त्यसैले आषाढमा खेतमा धान रोप्न पानी लाउनुपरेको वेलामा पनि दिन-

---

१ भक्तपुरका कलधाराहरूमा पानी जाने पानीपोखरी यही हो। यसमा पनि पानी घट्टेखोलाबाटै ल्याइएको छ। राजकुलाको बाँध वासुकिघाटभन्दा अलिमाथि एउटा बाँध बाँधी त्यसको पानी बायाँ किनारामा लगाई त्यताबाट फलामे ढलबाट सोझै ल्याइएको छ। यसो गर्दा बीचमा पर्न आएको खोलामा साँगु हाले जस्तै गरी सो ढल तारिएको छ।

२ "तलेजु भवानीका पूजाका लागि चोखो पानी दरबारकै सुनधाराबाट ल्याउनुपर्छ। कदाचित् सो सुनधारा सुक्न गएमा माथि कुलैमा पुगी उतैबाट चोखो पानी ल्याउनुपर्छ। तलेजु भवानीलाई अन्तको चोखो पानी चल्दैन भन्ने नियम छ। अचेल केही दिन यता राजकुलो भत्केको छ। त्यसैले सुनधारामा पानी आउँदैन। त्यस कारण अचेल दिनहुं एकजना सुवाल चोखो पानी लिन कुलो भत्केको ठाउँसम्मै जान्छन्, उनलाई चोखो पानी ल्याउन दुइ घण्टाभन्दा बढ्ता समय लाग्दछ" भनी तलेजुका मुख्य पुजारी उपेन्द्रराज राजोपाध्यायले मलाई भन्नुभयो।

+ केही काल यता भने यस कुलाको अभिभारा भक्तपुरमै बस्ने त्यहाँका विशेषाधिकारीको हातमा छैन, यसका लागि अर्कै स्थिति बसेको छ भन्ने कुरा ढलपाका मद्दतका लागि खटिएका पानीकाजका हवलदारले बताउनुभएको छ।

भर यस कुलाको पानी खेतमा छोडे तापनि बेहान सबेरै तलेजुलाई चोखो पानी चाहिने हुँदा ढलपा र तिनीहरूका मद्दतका लागि गएका अरू पानीकाजका मानिसहरूसमेतले आधा रातदेखि खेतमा लाएका मुहान थुन्दै बेहानसम्ममा यस कुलोलाई चलाएर दरबारका सुनधारामा पानी पुऱ्याउने गर्दछन् ।

यति कुराबाट भक्तपुर राजकुलोको सामान्य परिचय र अहिले चलिरहेको त्यसको स्थितिबन्धेज तथा मर्यादाको केही झल्को पाइन्छ । तर यति कुराबाट यस कुलालाई कसले बनायो, कस कसले कुन कुन बन्धेज बाँधे इत्यादि कुरा भने खुल्दैनन् । अब यस विषयमा आफूले जानेबुझेका कुरा यहाँ लेखिन्छन् ।

वि.सं. १७३५ मा राजा जितामित्रले थंथुदरबार ( अग्लो दरबार ) बनाए । त्यस दरबारको साथ-साथै उनले बगैंचा र त्यसमा धारासमेत बनाए। जितामित्रले बनाएको सो धारा नै दरबारभित्रको प्रसिद्ध सुनधारा हो र तलेजुलाई चोखो पानी लैजाने सुनधारा यही हो+ । यसरी राजकुलाका पानीले चलेका धाराहरूमध्ये मुख्य धारा गनिएको सुनधारा जितामित्रले बनाएको हो भन्ने स्पष्ट उल्लेख भएबाट यस धारामा पानी आउने कुलो पनि उनै राजा सुमति जितामित्रले बनाएका हुन् कि भन्ने देखिन्छ ।

धारा चलाएको पाँच वर्ष पनि नपुग्दै सो केही बिग्रेको र त्यस कुलाका अधिकारी (ढलपा)हरूले कुलोसँग सम्बन्ध भएका खेतीवाल र देवल पाटी आदि बनाउने प्रजालाई पनि भएनभएका बिङ्गा लाएर केही दुःख दिन थालेकोसमेत सुइँको पाई राजा जितामित्रले प्रजाहरूका उपरमा निगाह गरी अबउप्रान्त ढलपाले खेतीवालसँग यतिसिवाय उठाउन पाउँदैनन्, पानी लाउँदा पनि फलानाको पहिलो पालि ढिस्कानाको पछिल्लो पालि इत्यादि खिचोला गरी ढलपाले वा अरू कसैले कसैलाई दुःख दिन पाउँदैनन्, कुलो बनाउन प्रतिवर्ष सबै प्रजाले जानुपर्छ, नगएमा दण्ड लाग्छ, ढलपाहरूले कचिंगल उठाएमा तिनीहरूलाई कड़ा दण्ड गर्नुपर्छ इत्यादि व्यवस्था र पछि पछि पनि कुलो बिग्रन नपाओस् भनी त्यस कुलाको बन्धेज बाँधी वि सं. १७४० ज्येष्ठशुक्ल पूर्णिमाका दिन प्रजाका नाउँमा एउटा शिलापत्र × गरिदिए । सो यस प्रकारको छ —

१. ॐ स्वस्ति ॥ श्रीश्रीश्रीभवान्यै नमः ॥ श्रीश्री–
२ सुमतिजयजितामित्रमल्लदेवेन देवाल–
३. यादि–सत्रादि–संपादिकप्रजाभ्य, इत्थं प्रसादो द–
४. त्तः॥निर्झराधिपैर्धान्यरोपन(ण)जलदत्यां, दामस्याद्धं प्रति–
५. रोपणि प्रजाभ्यः ग्(ग्र)हीतव्यं ॥ निर्झरसंस्कारार्थं, प्रजाभिरेकस्मि–
६. न्,दिवसे गत्वा कार्यं संपादनीयं च॥ तस्मिन्दिवसे सूर्य्यास्तपर्यन्तं निर्झ–
७. रसंस्कारः कर्तव्यः॥ ततः निर्झराधिपैः प्रजाभ्यः चिह्नमुद्रा दातव्या ॥ यो न
८. गच्छति तस्य दामत्रयं दण्डः॥ समये गन्तव्यं कार्यमपि कर्तव्यं ॥ प्रजाभिर्निर्झ–
९. राधिपानां विष्टिर्न्न कार्या । निर्झराधिपैः ताभ्यः प्रजाभ्यः किमपि न ग्राह्यं इन्धनम-
१०. पि निर्झराधिपेभ्यो न देयं ॥ क्रमेर्यथाक्रमं धान्यरोपना (णा) र्थं जलं देयं । तत्राधिकार्यनधि–
११. कारिपौर्वापर्यविचारो न कार्य्यः ॥ ॥ अथ नेपालभाखा, श्रीश्री सुमति जयजितामित्र म–

---

+पूर्णिमा १ वर्ष २अङ्कका १२, १३ पृष्ठ हेर्नुहोस् ।

×यस शिलापत्रको परिचय 'पूर्णिमा' १ वर्ष २ अङ्कका १३ पृष्ठमा हेर्नुहोस् ।

१२. ल्ज देवसन देवलज्या फलेज्या याङास परजायाता धरवापनिसेन धरस कचंगर
१३. थाङास, परिमिति दयक प्रसन्न जुया, सकले धरयां वापेज्यास लंखमूल पेक जव२
१४. धर छा ज्यास सकले हायमाल, नखातमज कुन्हु ज्यातान मजुव वेरस धरज्या याङके बेर-
१५. स ज्या छ्वयमाल प्रजापनिसेन तेवल ज्या जुयमाल न्हिछिं ज्या यास्केमाल, धरस न्हिसार
१६. काव मुदि बिय, मवरसा मवकोस्के दंम स्व ३ बरि काय थ्वतेस उपर काय मदु
१७. दंदु ज्या यने मदु, दंदुन तेयाय दाम काय मदु, दंदु सि काय मदु ज्या यने मदु थ-
१८. रया नामन लंख बोयकाव बिय मदु, कथन बियमाल तव धाङ जुरसा चुकुत
१९. धाङा जुरसा थ्वते मयातसा श्रीश्रीराजान विचार यायमाल गोह्म परमान या-
२०. ङा तरो, ओह्मन विचार यायमाल थ्वतेस धरवान कचंगर थाङाव सानसा
२१. राजदण्ड मोहोर टङ्का षु ६ कायमाल, थ्वतेथे चोक यातसा ईश्वरीया सु-
२२. दृष्टि जुयुव, मयातसा कुदृष्टि जुव मान थ्व ज्या याङा श्रीश्रीउग्र मल्ल श्री-
२३. श्रीभूपतीन्द्र मल्ल, चवतारा दुखि, भागिराम ॥ श्रेयोस्तु सम्वत् ८०३
२४. ज्येष्ठशुक्ल महाज्येष्ठि पूर्णिमा कुन्हु याङा ॥ ॥ पूर्वैः कैरपि पार्थि-
२५. वैरकृतया कीर्त्युद्भटैर्द्धार्मिकैर्भक्तग्रामनिवासिलोकक्र-
२६. पया दत्यानया सर्व्वत ःॽ भूयात्सावरजात्मजस्य कुशलं
२७. भूपालचूडामणेरश्रान्तं सुमतेर्धराधिपजितामित्रस्य राज्यस्य
२८. च ॥ ॥ अनेन कर्म्मणेन ( कर्मणा ) स्वेष्टदेवता प्रीणातु ॥ शुभमस्तु

अनुवाद

ॐ कल्याण होस् । श्रीश्रीश्रीभवानीलाई नमस्कार छ । श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले देवल पाटी आदि बनाउने प्रजालाई यस किसिमको निगाह गर्नुभएको छ । ढलपाले ( कुलाका अधिकारीले ) धान रोप्न पानी लाउनुपर्ने सबै खेतबाट रोपनीका आधा दामका हिसाबले प्रजाहरूसंग पैसा उठाउनू । प्रजाहरूले एक दिन कुलो बनाउन ( कुलोको मरम्मत गर्न ) जानू । कुलो बनाउन जाने मानिसले ठीक समयमा गई जाँगर लाएर साँझसम्म नै कुलोको मरम्मत गर्नू । ढलपाहरूले पनि कुलो बनाउन आएका मानिसलाई काम गरेको निस्सा दिनू । जो कुलो बनाउन जाँदैन, त्यसलाई तीन दाम दण्ड गर्नू । प्रजाले ढलपाको विष्टि ( झाराबेठी ) गर्नुपर्दैन । ढलपाहरूले प्रजाहरूबाट केही पनि लिन पाइन्न । ढलपाहरूकहाँ दाउरा पनि पुऱ्याइदिनुपर्दैन । धान रोप्न खेतमा पानी लाउँदा मुहानका क्रमले लाउनू । त्यहाँ (पानी लाउने काममा ) ठूला सानाको अघि पछि पालो भनी कसैले पनि मुहानको पालो मिच्न पाउँदैन ।

अब नेवारी भाषाको अनुवाद

देवल पाटी बनाएको कामबाट प्रसन्न हुनुभएका श्रीश्रीसुमति जय जितामित्र मल्लदेवले, ढलपाहरूले ढलको (कुलाको) विषयमा कचिंगल उठाइरहने हुँदा प्रजाउपर निगाह गरी यो बरबन्धेज बाँध्नुभयो । यसबाट खेतमा पानी लाउनुपर्ने सबैले रोपनीका २ जवा ( आधा दाम ) का÷ दरले पैसा दिनुपर्छ ।

÷ संस्कृतभागमा रोपनीका आधा दामका दरले उठाउनू भनेको र यहाँ प्रतिरोपनी २ जव उठाउनू भनेकोबाट एक जव भनेको एक दामको चार भागको १ भाग हो भन्ने देखिएको छ ।

कुलो बनाउन सबैले जानुपर्छ । चाड़बाड नपरेको दिन... ... कुलो बनाउन जानेले बेलैमा गएर दिनभर मिहिनतसँग काम गर्नुपर्छ । कुलो बनाउन आएका मानिसलाई काम गरेपछि मुदि=मुद्रा (काम गरेको निस्सा) दिनुपर्छ । कुलो बनाउन गएन भने नजानेसँग ३ दम्म बरि=(बलि दण्ड) गरी लिनू । यसभन्दा बढी लिन पाइँदैन । दंदु=दण्डको बलले दाम उठाएर लिन पाइन्न । दण्डद्वारा दाउरा लिन पाइन्न, काम लाउन पाइन्न । कुलाको पानी लाउँदा फलानालाई भनी मुख हेरी कसैलाई दिन पाइन्न । ठूलालाई भए पनि सानालाई भए पनि पालैसंग दिनुपर्छ । यस नियमको पालना गरेनन् भने श्रीश्रीराजाले विचार गर्नुपर्छ । जसलाई यस कामको अधिकार दिइएको हुन्छ, त्यही भारादारले विचार गर्नुपर्छ । यसमा ढलपाले कचिङ्गल उठाए भने ६ रुपियाँ राजदण्ड गर्नुपर्छ । यसमा लेखिएबमोजिम गरे भने ईश्वरीको सुदृष्टि पर्नेछ, गरेनन् भने कुदृष्टि पर्नेछ । यसमा दृष्टसाक्षी श्रीश्रीउग्र मल्ल, श्रीश्रीभूपतीन्द्र मल्ल । चौतारा दुखि भागिराम । इति ने. सं. ८०३ ( वि.सं. १७४० ) ज्येष्ठ शुक्ल पूर्णिमाका दिन ( यो शिलापत्र ) राखियो ।

ठूलो कीर्ति भएका अघिका कुनै धार्मिक राजाले पनि नगरिएको, भक्तपुरका प्रजाका दयाका लागि गरिएको यस दानद्वारा भाइ छोरासमेतका, राजाहरूका चूडामणि भएका, राजा सुमति जितामित्रको र राज्यको समेत सबै तरहबाट रक्षा होओस् ।

यस कामले आफ्ना इष्टदेवता प्रसन्न होउन् । शुभ

यस पछि यिनै राजा सुमति जितामित्र मल्लले वि. सं. १७४५ मा यस कुलाको मुहानको रक्षाको लागि १० रोपनी जग्गा गूठी राखिदिएका थिए[१] । त्यसपछि पनि उनका उत्तराधिकारीहरूले यसको रक्षार्थ कुनैनकुनै व्यवस्था गर्दै गएका हुँदा हुन् । तर ती तात्कालिक प्रमाण अहिलेसम्म हामीले भेट्टाउन सकेका छैनौं। "जितामित्रपछि उनका छोरा भूपतीन्द्रले वि.सं. १७६० मा यस कुलाको जीर्णोद्धार गरेका थिए । त्यसपछिपनि जीर्णोद्धार हुँदै आएको थियो र हाल सो कुलो ज्यादै बिग्रिसकेको हुँदा मैले जीर्णोद्धार गरें" भनी एउटा ताम्रपत्र श्री ३ जुद्धले गरिदिएका थिए । सो ताम्रपत्रको[२] केही भाग यस प्रकारको छ—

·········श्रीश्रीश्री महाराज जुद्धशम्शेर जङ्गबहादुर राणा ······कस्य रुक्का—

नेपाली राजा सुमति जय जितामित्र मल्लदेवले विक्रमसम्वत् १७३५ साल आषाढशुक्ल १० रोज ४ मा राजकुलो तयार गरी ढुङ्गे धाराहरू चलाउनुभएको थियो । वाहाँपछी नेपाली राजा भूपतीन्द्र मल्लदेवले विक्रमसम्वत् १७६० सालमा ठाउँठाउँका धारा कुलाहरू भत्के बिग्रेको बनायी जीर्णोद्धार गर्नु भयो । वाँहापछी विक्रमसम्वत् १८७५ सालमा "भादगाउँ चार वर्ण छतीस जातले कुलो नजीक नपरी नकाटनु गायी भैंसी नचडाउनू बेकाइदा गर्नेलाई दण्ड लाग्छ।" भन्ने व्हहोराको लालमोहोर काजी भीमसेन थापाद्वारा हुन गयि कुलोको जीर्णोद्धार भयो । वाहापछी हाम्रा श्री ६ बुवाज्यू ···धीर–

१ पूर्णिमा १ वर्ष २ अङ्कका १४, १५ पृष्ठ हेर्नुहोस् ।

२ श्री ३ जुद्धको यो ताम्रपत्र भक्तपुर राजदरबारको सुनढोकाको उत्तरपट्टि भित्तामा टाँसिएको छ । संपूर्ण यो ताम्रपत्र अभिलेख–संग्रह ८ भागको ७,८ पृष्ठमा छापिएको छ ।

शम्शेर जङ्गबहादुर राणाबाट विक्रमसम्वत् १९१२ सालमा साबिक ६ जना ढलपाले मद्दत नपुगेको हुनाले फेरी ३ जना ढलपा थपीबक्सी नाईके ढलपाहरूलाई "सनातनपर्यन्त सो काम चलायी खानू" भन्ने अक्त्यारीको दस्तखतसमेत् गरीबक्सेको रहेछ। वाहाँपछि भत्के बिग्रेको मर्मत् भएको रहेनछ र धाराहरू बन्ध भयिरहेका रहेछन्, कोही कोही धाराहरू पुरियीकन बेपत्तासमेत् भयीशकेका रहेछन्। सोही असरले भाद्गाउका ठाउठाउका श्रीदेवताहरूलाई सोही राजकुलोको जलले नित्यपूजा गर्नुपर्ने नियम बाधीएको हुनाले पूजाहरीहरूलाई जल लीन मुहानसम्म जानूपर्ने भैरहेको रहेछ। रैती दुनिया पनी अघीभन्दा घेरै नै बढ्दै आएका हुनाले श्री ३ राजलक्ष्मीधाराबाट मात्रै पानी दुनिबालाई नपुग्ने भयीरहेको रहेछ। सो सबै ब्यहोरा हाम्रा हजुर्मा श्री नानी मेजर जनरल धनशम्शेर जङ्गबहादुर राणाले जाहेर गरेका हुनाले नीज······ ······लाई सर्कारी चाहीदो मद्दत नीकासा बक्सी राजकुलो मुहान धाराहरू भत्के बिग्रेको मर्मत गरायी बेपत्ता भएका धाराहरूसमेत् पत्ता लगायी खुलायी हामीबाट जीर्णोद्धार गरीबक्स्यौं। र अब उप्रान्त-लाई पनी यस विषयमा चाहिदो सालबसाली बृगेडको नाममा सनद गरीबक्सी गैहधारामा जीर्णोद्धारको तामापत्र राखीबक्सेका छौं।······इति सम्वत १९८९ साल माघ ७ गते ६ रोज शुभम्॥

यसरी राजा जितामित्रका पालादेखि जुद्धशमशेरका पालासम्ममा यस कुलाको ५,६ पटक जीर्णोद्धार भएका कुरा माथिका अभिलेखहरूबाट देखिन आएको छ तथा खोजी गर्न सकेमा अझ बढ्ता कुरा खुल्नेछन् भन्ने आशा पनि छँदैछ। किनभने श्री ३ जुद्धले थाहा पाएका कति कुरा हामीले अहिलेसम्म अन्तबाट पत्ता लाउन सकेका छैनौं। श्री ३ जुद्धले पत्ता नपाएका यस कुलाका बन्देजविषयका शिलालेख अहिले पत्ता लाग्न आएका छन्।

यसरी धेरै अघिदेखि भक्तपुरको जनजीवनसंग यस राजकुलोको घनिष्ठ सम्बन्ध रहेर आएको थियो तथा अहिलेसम्म पनि यसको निकै प्रतिष्ठा रहेको छ। यस कारण यस राजकुलोको ऐतिहासिक महत्त्व पनि कम छैन भन्ने कुरा माथिको अलिकता विवरणबाट पनि बुझ्न सकिन्छ।

—०—

## पं. वाणीविलास पाँडेका केही कृतिहरू

— नयनाथ पौडेल

पं. वाणीविलास पाँडेका अहिलेसम्म सातवटा ग्रन्थ पाइएका छन्। तीमध्ये 'पूर्णिमा' का यस-भन्दा अघिका तीन अङ्कमा पं. वाणीविलासका अप्रकाशित तीन पुस्तक 'प्रशस्ति-रत्नावली', 'वाणीवि-लाससिद्धान्त' 'दुर्गाकृत्यकौमुदी' का परिचय, तिनबाट आउने ऐतिहासिक सार तथा पं. वाणीविलासको परिचय आदि कुरा परिसकेका छन्। अहिले यस लेखमा पं. वाणीविलास पाँडेका बाँकी रहेका यी चारवटा कृति 'पुरश्चरणप्रयोगरत्नदीपिका, वेदान्तसारसंग्रह, गङ्गास्तोत्र, नवरत्नयुगलस्तोत्र' का परिचय दिइएका छन्।

### पुरश्चरणप्रयोगरत्नदीपिका

नेपाल राष्ट्रिय पुस्तकालयमा पं. वाणीविलास पाँडेको पुरश्चरणप्रयोगरत्नदीपिका पुस्तकका तीन प्रति छन्। ती तीन प्रति २५३४, २५३५, २५३६ हस्तलिखित संख्याका हुन्। यी तीनै पुस्तक एका-

तिर हरिताल लाएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएका छन् । पहिलो प्रतिको पुस्तकमा ११८ पत्र छन् । यी पत्रको लमाइ १६½ अंगुल चौडाइ ६½ अंगुल छ । यस पुस्तकमा पंक्ति अनियमित छन् । बीच बीचमा केरमेट गरिएको छ ।

दोस्रो प्रतिमा पत्रसंख्या १११ छ । यी पत्रको लमाइ १४½ अंगुल चौडाइ ६ अंगुल छ । यहाँ १ पृष्ठमा बढीमा १० घटीमा ६ पंक्ति छन्। केरमेट नगरिएको हुँदा यो प्रति साफी गरिएको देखिन्छ ।

तेस्रो प्रतिमा पत्रसंख्या ६७ छ । यी पत्रको लमाइ १५ अंगुल चौडाइ ५ अंगुल छ । यहाँ एक पृष्ठमा ६ पंक्ति छन् । यस पुस्तकको एक दुइ ठाउँमा थपत्रट गरिएको छ । यो प्रति अपूर्ण छ ।

यस पुस्तकको तीनै प्रतिमा उठानमा यस्तो लेखिएको छ–

स्वेष्टदेवीं प्रणम्यैषा पुरश्चरणपद्धतिः ।
त्रिद्वद्वाणीविलासेन तन्यते ऽन्यानपेक्षिणी ॥

[ आफ्नो इष्टदेवीलाई नमस्कार गरेर पण्डित वाणीविलासले अरू शास्त्र हेर्न नपर्ने गरीकन यो पुरश्चरणपद्धति बनाइएको हो । ]

दुवै प्रतिको अन्त्यमा यस्तो लेखिएको छ—

इति श्रीमद्रामहृदयपण्डितात्मजवाणीविलासपण्डितकृतायां पुरश्चरणप्रयोगरत्नदीपिकायां क्रियावद्दीक्षाविधिकथनं नाम नवमः प्रकाशः ॥९॥

[ श्रीरामहृदय पण्डितका छोरा वाणीविलास पण्डितले बनाएको पुरश्चरणप्रयोगरत्नदीपिकामा क्रियावद्दीक्षाविधिकथन ( विधिपूर्वकको दीक्षाविधिको कुरा ) नाम गरेको नवौं प्रकाश सिद्धियो । ]+

## वेदान्तसारसङ्ग्रह

नेपाल राष्ट्रिय पुस्तकालयको हस्तलिखित पुस्तकसंख्या ५५२२ मा पं. वाणीविलास पाँडेको 'वेदान्त-सारसंग्रह' नामक पुस्तक छ । यो पुस्तक एकातिर हरिताल लाएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएको छ । यसमा जम्मा ४४ पत्र छन् । यी पत्रको लमाइ १४ अगुल चौडाइ ६ अंगुल छ । यहाँ एक पृष्ठमा बढीमा ८ घटीमा ५ पंक्ति छन् ।

यस पुस्तकको अन्त्यमा यस्तो लेखिएको छ—

पुत्रेण रामहृदयाभिधपण्डितस्य
वाणीविलासविदुषा प्रकटीकृतेन ।
वेदान्तवारिनिधिमन्थननिःसृतेन
सारामृतेन परितुष्यतु सारविज्ञः ॥

इति श्रीमद्रामहृदयपण्डितात्मजवाणीविलासपण्डितकृतो वेदान्तसारसंग्रहः समाप्तः

[ रामहृदय पण्डितका छोरा पण्डित वाणीविलासले प्रकाशमा ल्याएको वेदान्तरूपी समुद्रमन्थनबाट निस्केको साररूपी अमृतले ( वेदान्तसारले ) सार बुझ्न सक्ने विद्वान्हरू खुशी होऊन् ।

श्रीरामहृदय पण्डितका छोरा वाणीविलास पण्डितले बनाएको वेदान्तसारसंग्रह सिद्धियो । ] *

---

+यस ग्रन्थमा परेका विषयको विशेष परिचय पछि दिइनेछ ।

* यस ग्रन्थमा परेका विषयको विशेष परिचय पछि दिइनेछ ।

## गङ्गास्तोत्र

श्रीगुरु पं. नयराज पन्तको संग्रहमा गङ्गास्तोत्रका २ प्रति छन्। दुवै प्रति मदिसे कागतमा देवनागरी लिपिले लेखिएका छन्। यिनमा पहिलो प्रतिमा ५ पत्र छन्। यी पत्रको लमाइ ८३⁄४ अंगुल चौडाइ ४३⁄४ अंगुल छ। यहाँ एक पृष्ठमा बढीमा ६ घटीमा ५ पंक्ति छन्। अक्षर राम्रा छन्। यस प्रतिको अन्त्यमा "सम्वत् १८९३ माघ शु. १३ त्रयोद" यस्तो लेखिएको छ।

दोस्रो प्रतिमा ३ पत्र छन्। यी पत्रको लमाइ ६३⁄४ अंगल चौडाइ ३ अंगुल छ। यहाँ एक पृष्ठमा ७ पंक्ति छन्। अक्षर राम्रा छन्।

यस स्तोत्रमा जम्मा ९ श्लोक छन्। गङ्गास्नानको महिमालाई स्तोत्रको विषय बनाई पं. वाणीविलासले रचना गरेका यी नौवटा पद्य प्रौढ संस्कृतमा छन्। उदाहरणार्थ यहाँ २ श्लोक उद्धृत गरिन्छन्-

तस्मात् काश्यां ममास्यां सुरधुनि वसतिः स्यात् सदा त्वत्प्रसादात्
स्नानं श्रीपञ्चगङ्गोदक उषसि सति बृह्मनालेपि तत्र।
मध्याह्ने यत्र नारायणपरमशिवौ यस्य कस्यापि जन्तो-
दत्तः प्राणप्रयाणोत्सववरसमये देवि सायुज्यमुक्तिम ॥६॥
संसारे दुःखसारे सुरधुनि शरणं त्वं हि कारुण्यधारो-
दारेपारेत्र पारेभवजलधि भृशं गन्तुमन्यन्न चेति।
वाणी वाणीविलासावनिविबुधभवद्भावसंभावनीया
कारुण्याकांक्षिणी ते स्तवनविषयिणी त्वन्मनोरञ्जनी स्यात् ॥९॥

इति श्रीवाणीविलासपण्डितकृतं गङ्गाष्टकं समाप्तम् ॥

[ हे गङ्गादेवी ! हजुरको निगाहले यस काशी शहरमा सधैं मेरो वास भइरहोस्। बिहान सबेरै पञ्चगङ्गामा स्नान गर्न पाऊँ। जहाँको पवित्र बृह्मनालमा मध्याह्नमा प्राण छोड्ने शुभ समयमा नारायण र विश्वनाथले जुनसुकै प्राणीलाई पनि मुक्ति दिनुहुन्छ। ॥६॥

करुणाको धारा बगाउने उदार भएकी हे गंगाजी ! दुःखै दुःख भएको अपार यो संसारमा हजुर नै शरण हुनुहुन्छ। भवसागर पार गरी जानका लागि अरू कुरो के छ र? बृाह्मण वाणीविलासको मनमा फुरेको मात्र परेको, हजुरको स्तुतिविषयको, हजुरको दया चाहेको यो बोलीले हजुरलाई प्रसन्न पारोस् ॥ ९ ॥ ]

वाणीविलास पण्डितले बनाएको गङ्गास्तोत्र सिद्धियो। ]

पं. वाणीविलासको मृत्यु कहिले भयो ? भन्ने कुरा अहिलेसम्म निश्चित हुन सकेको छैन। यस स्तोत्रको पहिलो प्रतिमा संवत् १८९३को उल्लेख परेको छ। यही समय स्तोत्रचरनासमय हो कि, अथवा यो प्रति सारिएको मिति त्यो हो, निश्चित रूपमा भन्न सकिएको छैन।

"सम्वत्" इत्यादि अशुद्ध रूप यी पत्रमा लेखिनाले पं. वाणीविलास पाँडेका हातबाट लेखिएका मूल पत्र यी होइनन् भन्ने स्पष्ट छ।

## नवरत्नयुगलस्तोत्र

श्रीगुरु पं. नयराज पन्तको संग्रहमा नवरत्नयुगलस्तोत्रका २ प्रति छन् । पहिलो प्रति एकातिर हरिताल लाएको मड्याएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएको छ । यहाँ ३ पत्र छन् । यी पत्रको लमाइ १४ अंगुल चौडाइ ५ अंगुल छ । यहाँ १ पृष्ठमा बढीमा १२ घटीमा ६ पंक्ति लेखिएका छन् । अक्षर राम्रा छन् ।

दोस्रो प्रति पुस्तक मधिसे कागतमा देवनागरी लिपिले लेखिएको छ । यसमा जम्मा ६ पत्र छन् । यी पत्रको लमाइ ८½ अंगुल चौडाइ ४ अंगुल छ । यहाँ १ पृष्ठमा ७ पंक्ति छन् ।

यस स्तोत्रमा जम्मा १६ श्लोक छन् । यस स्तोत्रको मुख्य विषय काशी शहर र त्यहाँका विश्वनाथ गङ्गाजी आदिको महिमावर्णन रहेको छ । यसको रचनाशैली प्रौढ छ र यसले पं. वाणीविलास पाँडेको पाण्डित्यलाई प्रकट गर्छ ।

त्यसताका धेरैजसा पुगिसरी आएका मानिसहरू वृद्धावस्थामा काशीवास गर्न जान्थे । पं. वाणीविलास पाँडे पनि काशीवास गर्न गएका थिए × । त्यहाँ उनले विद्यार्थीहरूलाई पढाउने लेखपढ गर्ने आदि काम गरेका थिए । यो स्तोत्रको रचना त्यसै वेला काशीमै भएको देखिन्छ ।

---

× पं. वाणीविलास पाँडे वृद्धावस्थामा काशीमै बसेका थिए भन्ने कुरा मोहननाथ पाँडेको पुख्यौंली संग्रहमा रहेको एउटा तात्कालिक पत्रले पनि बुझाउँछ । सो पत्र यस प्रकारको छ—

श्रीमद्विश्वेश्वरो विजयते

१. स्वस्ति श्रीलीलानाथशर्माणं प्रति श्रीलक्ष्मीपतिशर्मणः
२. शुभाशीः पूर्वक पत्रं. संवत् १८८० सालमा गुमानुसिहस्ते
३. औ रामनारायण अरोडाका कोठिमा पठायाका स (म रु)–
४. पैया जमा गर्दा काशीका शिक्का पचिस शय पैता ( लिस )
५. २५४५ ठहऱ्या. तस्मा २१४२ रूपैयामा वाणीविलास पं–
६. डित नागेश्वर पंडित महादेव लोहनी ला( ल पं.)डित पर्वतीमा
७. आहाका भला मानिसमा नानु दूबे नागर बडन ( व )रा बल्ल( भ )-
८. राम तेवारी नागर अमृदावदी गोहाइ राखि सभ महनी बसाई
९. करारपत्र लेखाई. अघिका पुराना कवालापत्रसमेत हात गरी
१०. रजष्टली पत्र अंगरेजको गराई तेरा नामको सुक्री बि( क्री )
११. कवाला भयो. घरको अमल् तेरो चल्याको छ. घर लिदिनुहव –
१२. स् भथिस् लिदियाको छ. घर तेरो छ. बस्याको म महादेव लोह–
१३. नी लाल पांडे विष्व्यानि बुढि सिऱ्याका परियार छौं. सालबसाल–
१४. का भाडाका अर्थकन सभ आत्मीयै बस्याका छौं. काशीको जग–
१५. ह छ भाडा नलिया एतीलाई काशीवास गरायाको पुण्य अ(वश्य )

यस विषयमा यस स्तोत्रमा रहेका २ श्लोक यहाँ उद्धृ गरिन्छन्—

अहो परमभाग्यकं परमभाग्यकं मेऽधुना
यदत्र मणिकर्णिकाजलनिमज्जनोन्मज्जनम् ॥
शिवस्य करुणानिधेस्सुकरुणैव मे कारणं
न चान्यदिह साधनान्तरमणु प्रपश्याम्यहम् ॥४॥
इत्थं वाणीविलासः सकलवसुमतीसारकाशीनिवास-
प्राप्त्या जातप्रमोदः स्वमपि वृजिनिनं मन्यमानः कृतार्थम्॥
काशी गंगा च विश्वेश्वर इह शरणं मेस्त्विति प्रार्थयन् स—
न्मूर्तिं पश्यन् स्तुवन् सन् भुवि समुपदिशन् पाठयञ्छास्त्रमासे ॥१०॥

[अहो यो मेरो ठूलो भाग्य हो । ठूलो भाग्य हो । किनभने अहिले म मणिकर्णिकाको जलमा नुहाउन पाइरहेछु । दयाका खानि भएका विश्वनाथको ठूलो कृपा नै यसमा कारण भएको छ । योबाहेक अरू कुनै सानो साधन पनि म देख्दिनं ॥४॥

सबै पृथ्वीको सार जस्तो भएको काशीमा बस्न पाउनाले खुशी भएको, पापी भएको आफूलाई पनि भाग्यमानी संझने म वाणीविलास काशी गंगा तथा विश्वनाथ मेरा शरण होऊन् भनी प्रार्थना गर्दै देव-मूर्तिको दर्शन गर्दै, स्तुति गर्दै, उपदेश दिँदै ( पुराण सुनाउँदै ) पढाउँदै यहाँ ( काशीमा ) बसिरहेको छु । ॥१०॥ ]

---

१६. छ. तेरो षुसी. घरको कवालापत्र आहा हुज्जत तकार प...
१७. चाहिंछ तस्कारण तहा पठायाको छैन. आही राष्याको छ. बाँ-
१८. की जमा २५४५ काशिका सिक्का ठहऱ्या. तस्मा २१४२ घरमा पऱ्या
१९. बाकि रहल ४०३ रूपैया हुन्. तस्मा एक सय रुपैया घरका मर्म-
२०. तमा कोठा भडारी टाढ बनाउदा लाग्या. सय रुपैया कर्जाका ( ति )
२१. रिया. वास्तुपूजन ब्राह्मभोजन गुहाईलाई भोजन भैरवदिदे-
२२. वता— —सर्नी बाडदा ४० तक् षर्च भया. बाकि मेरा हातबाट ते-
२३. री आमाका काममा लाग्या. तेरा तांहाबाट घर किन्न्यानिमि-
२४. त्त पठायाका रूपैयाको सविस्तर हिसाब एही हो. यो पत्र रा-
२५. षि छोड़. कोहि दिन काम आउला. विज्ञेषु किमधिकमिति संव-
२६. त् १८८३ फागुनवदि ४ रोज ५ मुकाम काशीजी शुभम्भवतु-

किनारामा

१. श्रीमहादेव लोहनी लाल पण्डितको नमस्कार. घरषरीदको विस्तार एही हो.
२. विस्तार बुझी यो पत्र यादगारीलाइ राष्नुभया पछि कोही दिन काम लाग्ला.

यस पत्रबाट वि. सं. १८८३ मा पं. वाणीविलास काशीमै बसेका देखिन्छन् ।

यसरी पूर्णिमाका गताङ्कहरूमा तीनवटा र यस अङ्कमा चार वटा गरी पं. वाणीविलास पाँडेका सात–वटा कृतिको परिचय दिइसकियो ।

—०—

# स्थिति मल्लको पालाको वि. सं. १४४५ को मानचन्द्र शाक्यको ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या

—शङ्करमान राजवंशी

परिचय–

यो ताम्रपत्र कान्तिपुर लगन कीर्तिपुण्यविहारमा बुद्धमन्दिरको भित्तामा टाँसिएको छ। यसको लमाइ १४$\frac{3}{4}$ अंगुल छ चौडाइ ६$\frac{3}{4}$ अंगुल छ। १५ पंक्ति छन्। लिपि नेवारी छ। यो ताम्रपत्र मानचन्द्र शाक्यले सुनको बुद्धमूर्ति स्थापना गरी राखेको हो। मूर्तिकलाको दृष्टिले बुद्धमूर्ति अत्यन्त राम्रो छ। यो ताम्रपत्रको प्रतिलिपि संशोधनमण्डलको संग्रहमा छ।

मूलभाग–

यो बुद्धचिंतां प्रकरोति जन्मी कायेन वाचा मनसा च वित्तै: ।
स एव साक्षाद्भगवान्मुनीन्द्रस्तस्मै नमो धर्म्मधुरंधराय ॥ १ ॥

स्वस्तिश्रीमदनेकपुण्यनिलये नैपालदेशे शुभे
राजा राजगुणालयः प्रविदितः सर्वार्थिकल्पद्रुमः ।
सम्यग्धर्मनयप्रचारकुशलः षड्वर्गवांछारतः
श्रीमान् श्रीस्थितिराजमल्ल इति यो लोकार्तिरक्षाव्रती ॥२॥

तस्यावनीशस्य पृथुप्रसादात्प्रवर्द्धमानोरुयशोविभूतिः ।
श्रीरंगचन्द्रस्थविरात्मजोऽभूच्छ्रीमानचन्द्रो भुवि माननीयः ॥३॥

सर्व्वार्थिने सर्व्वमिदं मया स्वं सदा प्रदातव्यमिति प्रतिज्ञा ।
अशेषलोकव्यसनानि हन्तुमासीद्यदीय (या) महती च चिन्ता ॥४॥

यः कीर्तिपुण्याख्यमहाविहारे सलक्षहोमं पितुराज्ञयादौ ।
हैमं सकूटं वरकोष्ठपालं वज्रासनं स्थापयति स्म बुद्धं ॥५॥

तत्कोष्ठपालायतनंत्रिभौमं पुरं त्रिनिर्या(र्मा)य च तत्र देवं ।
श्रीहेरुकं यामलकं सलक्षहोमं प्रतिष्ठापितवान्स भूयः ॥६॥

पुनश्च तस्योपरि पंच हैमान्देदीप्यमानान्कलशान्सकेतून् ।
आरोप्य लक्षाहुतिदानपूर्व्वं तेषां प्रतिष्ठामकरोत्स एव ॥७॥

स्वात्मार्जितैः सद्‌द्रविणैर्व्ययित्वा सुश्रद्धया बुद्धपदाभिलाषी ।
सत्वोपकारैकरसाद्द(द्र) चेताः श्रीहर्स(र्ष)रामेण सहानुजेन ॥८॥

स शाक्यवंशोदधिजातचन्द्रः श्रीरंगचंद्रात्मजमानचन्द्रः ।
श्रीज्ञानचंद्रेण सुतेन भूयः प्रवेशितः श्रीजिनधर्ममार्गे ॥९॥

बुद्धालये रंगनके विहारे गांधूलिभट्टारकदेवतारं (तां) ।
निर्माय हैम्ना विधिवत्सलक्षाहुति प्रतिष्ठापयति स्म बुद्धं ॥१०॥

अष्टोत्तरे पंचशते गतेऽब्दे नैपालिके ज्येष्ठशि(सि)ते दशम्यां ।
तिथोत्तरे (तिथावुत्तरे) फाल्गुण(न)सङ्ज्ञके भे शुद्धयाख्ययोगे भृगुवासरे च ॥११॥

तस्य पुण्यबलेनैव सर्व्वेऽनुत्तरयायिनः ॥
सन्तु सत्वा महासत्वा बोधिचर्यापरायणाः ॥१२॥

श्रेयोऽस्तु संवत् ५०८ ज्येष्ठशुक्लदशम्यां उत्तरफाल्गुणनक्षत्रे शुद्धियोगे शुक्रवासरे ॥ राजाधिराज-परमेश्वरपरमभट्टारकश्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये ॥ शुभमस्तु ॥

अनुवाद—

जुन प्राणीले शरीरले वचनले मनले धनले बुद्धको ध्यान गर्छ, त्यही नै साक्षात् भगवान् बुद्ध हुन्छ । धर्मको भारलाई धारण गर्ने त्यसलाई नमस्कार छ ॥ १ ॥

कल्याण होस् । अनेक पुण्यको घर भएको असल नेपाल देशमा राजगुणले युक्त भएका, प्रख्यात भएका, सबै माग्नेहरूका कल्पवृक्ष जस्ता भएका, राम्ररी धर्म र नीति प्रचार गर्ने सिपालु भएका, षड्वर्ग+ चाहने, लोकको दुःख हर्ने व्रत लिएका श्रीस्थितिराज मल्ल राजा हुनुहुन्छ ॥ २ ॥

उहाँ राजाको ठूलो निगाहले यश र ऐश्वर्य बढेका स्थविर (थकाली) श्रीरंगचन्द्रका छोरा इज्जतदार श्रीमानचन्द्र छन् ॥३॥

सबै माग्नेहरूलाई यो सबै धन मैले सधैं दिनुपर्छ भन्ने उनको प्रतिज्ञा छ तथा सम्पूर्ण लोकको दुःख हटाउन उनी सधैं चिन्ता गर्दछन् ॥४॥

उनै मानचन्द्रले बाबुको आज्ञाले पहिले कीर्तिपुण्यमहाविहारमा लक्षहोम गरीकन सुनको कूट, कोष्ठपाल, वज्रासन बुद्धलाई स्थापना गरे । ॥५॥

उनैले फेरि ती कोष्ठपालको तीनतले मन्दिर बनाएर लक्षहोम गरीकन त्यहाँ यामलक, श्रीहेरुक देवतालाई स्थापना गरे ॥ ६ ॥

फेरि उनैले त्यसमाथि ध्वजासहित भएका पाँचवटा सुनका चहकिला गजूर राखेर लक्षहोम र दान गरी तिनीहरूको प्रतिष्ठा गरे ॥ ७ ॥

---

+ यस ताम्रपत्रमा परेका षड्वर्ग, वज्रासनबुद्ध, कोष्ठपाल, हेरुक, यामलक, कूट, गांधलिभट्टारक, अनुत्तरयायी, सत्त्व, महासत्त्व, बोधिचर्या यी पदको बौद्ध धर्मसँग विशेष संबन्ध देखिन्छ । यिनको विशेष व्याख्या पछि प्रकाश गरिनेछ ।

प्राणीहरूको उपकार गरूँ भनी चिताइरहने, मुक्त हुन चाहने शाक्यवंशी श्रीरंगचन्द्रका छोरा ती मानचन्द्रले भाइ हर्षराम र छोरा ज्ञानचन्द्रसाथ बुद्धमार्गमा श्रद्धापूर्वक मन लगाईकन आफैंले कमाएको पैसा खर्च गरेर फेरि रंगनक ( लगनको ) विहारको बुद्धमन्दिरमा गांधूलिभट्टारक बुद्धदेवको सुनको मूर्ति बनाएर विधिपूर्वक लक्षहोम गरी स्थापना गरे॥८–९–१०॥

ने. सं. ५०८ ( वि. सं. १४४५ ) ज्येष्ठशुक्ल दशमी तिथि उत्तरफाल्गुनी नक्षत्र सिद्धि योग शुक्रवारमा + ॥ ११ ॥

त्यस पुण्यको बलले सबै अनुत्तरयायी सत्त्व महासत्त्वहरू बोधिचर्यामा लागेका होऊन् ॥ १२ ॥

ने.सं. ५०८ ( वि.सं. १४४५ ) ज्येष्ठशुक्ल दशमी उत्तरफाल्गुनी नक्षत्र सिद्धि योग शुक्रवारमा महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयस्थितिराज मल्लदेवको विजयराज्यमा । शुभ होस् ।

व्याख्या—

लगन कीर्तिपुण्यविहारमा रहेको स्थितिमल्लको पालाको वि. सं. १४४५ को यस अभिलेखमा राजकाजको विशेष अवस्था बुझाउने कुरा परेको छैन तापनि तात्कालिक धार्मिक अवस्था साहित्य कलासम्बन्धी कुरा अध्ययन गर्न खोज्ने व्यक्तिलाई यस अभिलेखले केही मद्दत दिनेछ ।

यस अभिलेखका संस्थापक मानचन्द्रले स्थिति मल्लको आश्रय पाएका थिए। स्थिति मल्लको निगाहले मैले यश र ऐश्वर्य पाएको छु, आफैंले कमाएको पैसाले सुनको बुद्धप्रतिमा बनाउन लगाई प्रतिष्ठा गरेको हुँ, आदि कुरा मानचन्द्रले यस अभिलेखमा लेखाएको हुँदा स्थिति मल्लको आश्रयद्वारा मानचन्द्रले धनमान पनि कमाएको स्पष्ट देखिन्छ।

प्राचीन कालदेखि नेपालमा शैव बौद्ध आदि धर्म चलेर आएका थिए । यहाँका शासकहरू धर्ममा भेदभाव गर्दैनथे । स्थिति मल्लले देउपाटनको आफ्नो अभिलेखमा आफूलाई "श्रीश्रीपशुपतिपादपंकरुहमधुलिट् (श्रीश्रीपशुपतिनाथका चरण कमलका भ्रमरा) भनी लेखाएका छन् ÷ ।यसबाट उनी शैवधर्मानुयायी थिए भन्ने बुझिन्छ । यसो भए तापनि शुरूदेखि नै स्थिति मल्लले बौद्धधर्ममा पनि आदर देखाएका थिए भन्ने कुरा शमसुद्दीनले ध्वस्त पारेको स्वयम्भूनाथको मन्दिरको जीर्णोद्धार गर्दा राखिएको वि. स. १४२९ को अभिलेखले बताउँछ× । बौद्धधर्मानुयायी मानचन्द्रलाई आश्रय दिएको उल्लेख परेको यस

---

+ यसको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने.सं. ५०८ ( वि.सं. १४४५ ) ज्येष्ठशुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प |
|---|---|---|---|---|---|---|---|
| १६ | शुक्र | नवमी | १६ । ५४ | उत्तरफाल्गुनी | ३७।१२ | सिद्धि | ५८ । ८ |

÷ सो अभिलेख संस्कृत सन्देश १ वर्ष ८ अङ्कमा ऐ.शि. बाबुराम आचार्य र श्रीगुरु पं.नयराज पन्तद्वारा प्रकाशित भएको छ ।

× सो अभिलेख संस्कृत सन्देश १ वर्ष अङ्क१०–११–१२ मा भोलानाथ पौडेल, धनवज्र बज्राचार्य ज्ञानमणि नेपालद्वारा प्रकाशित भएको छ ।

अभिलेखले पनि धर्मको दृष्टिले कसैउपर स्थिति मल्लले भेदभाव गरेका थिएनन् भन्ने कुरा देखाउँछ।

लिच्छविपछि स्थिति मल्लभन्दा अघिको नेपालमा विद्याको तह गिरेको थियो। स्थिति मल्लको उदयले राजनीतिसम्बन्धी केही स्थिरता आएको हुँदा त्यस वेला फेरि विद्याको तह पनि केही बढ्यो। यसको केही अंशमा द्योतक यो अभिलेख पनि भएको छ।

मानचन्द्रले स्थापना गरिएको सुनको बुद्धमूर्ति अहिले पनि यस कीर्तिपुण्यविहारमा छ। दुइ हात जति अग्लो यो बुद्धमूर्ति अङ्ग ढङ्ग मिलेको हुँदा सुन्दर छ। निश्चित तिथिमिति भएको यो मूर्तिले त्यस वेलाको नेपालको मूर्तिकलाको अवस्था देखाउँछ।

—०—

# नरभूपाल शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

—देवीप्रसाद भण्डारी

**वि.सं १७७६ पौष २७ गते बृहस्पतिबारका दिन नरभूपाल शाहका जेठा छोरा पृथ्वीनारायण शाहको जन्म भयो।**

"७ महीना गर्भमा रही अघि शाके १६४४ (वि.सं. १७७६) सहकालमा पैदा भयाका राजकुमारकन श्रीपृथ्वीनारायण शाह भनी नाउँ राख्या।"

( भाषावंशावलीबाट )

" स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमन्नरभूपालसाहदेवानां सदा समरविजयिनां स्वशाखोक्तधर्मेण परिणीतायाः शरच्चन्द्रवदनायाःसर्वगुणालङ्कृताया अतिसौन्दर्यसच्छीलसत्यादिगुणसमूहविभूषिताया नित्यप्रहसितवदनायाः स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज्ञीश्रीश्रीश्रीश्रीश्रीकौशल्यावतीदेवीनां सदा सौभाग्यवतीनां सुवर्णकुक्षेः प्रथमपुत्रो जातः नक्षत्रनाम्ना विश्वदेवता लोकप्रसिद्धनाम्ना स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमन्नृपश्रीश्रीश्रीश्रीश्रीपृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनां जन्म—

संवत् १७७६ शालिवाहनशाके १६४४ चान्द्रेण पौषमासे कृष्णपक्षे अमावास्यातिथेर्घट्य: ४ पले २ तदुपरि शुक्लपक्षे प्रतिपदि तिथौ गुरुवासरे पूर्वाषाढानक्षत्रघट्यौ २ पलानि ५८ तदुपरि उत्तराषाढानक्षत्रे। व्याघातयोगे घट्यौ २ पले २ तदुपरि हर्षणयोगे। बवकरणे ॥ सौरेण पौषमासस्य गतदिनेषु २७ श्रीसूर्योदयतो गतघटीषु ३६ पलेषु १५ रात्रिगतघटीषु १० पलेषु १६ जन्म।

ग्रहाणां भोगा राश्यादयः। सूर्यस्य ८।२७।२०।५६ चन्द्रस्य ९।४।२३।४६ भौमस्य ८।२।५५।० बुधस्य ८।१५।३।२४ बृहस्पतेः ८।५।१८।२३ शुक्रस्य ९।१४।१७।३ शनेः ८।३।३९।५० राहोः २।१।३१।२३ केतोः ८।१।३१।२३ प्रथमलग्नम् राश्यादि ४।२२।२१।२२ दशमलग्नम् १।१५।२१।१७॥

[ हिज हाइनेस फील्डमार्शल श्रीकेसर शमशेर ज.व.रा. ज्यूकहाँ रहेको वंशावलीमा यो चिना छ। त्यहींबाट लिई मैले यो प्रकाश गराएको हुँ भन्ने ऐ. शि. बाबुराम आचार्यको भनाइ छ। संस्कृत-सन्देश १ वर्ष ६ अङ्क हेर्नुहोस् ]

[ स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, श्रीमन्महाराजाधिराज सधैं लडाइँ जित्ने श्रीश्रीश्रीश्रीश्रीनरभूपाल शाहका आफ्नो कुलधर्मअनुसार विवाह गरिएकी, शरद् ऋतुको चन्द्रमा जस्तो मुख भएकी, सबै गुणले सिंगारिएकी, ज्यादा सौन्दर्य असल स्वभाव र साँचो बोल्नु आदि गुणका थुप्राले सिंगारिएकी, सधैं हँसिलो मुख भएकी, स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएकी, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएकी, ठूलो इज्जत भएकी, बडामहारानी सौभाग्यवती श्रीश्रीश्रीश्रीश्रीकौशल्यावतीका असल कोखाबाट जेठा छोरा जन्मनुभयो। नक्षत्रको नामले विश्वदेवता, लोकमा प्रख्यात नाउँ स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, श्रीमन्महाराजाधिराजकुमार, सधैं लडाइँ जित्ने श्रीश्रीश्रीश्रीश्रीपृथ्वीनारायण शाहदेवको जन्म—

वि.सं. १७७९ शकसंवत् १६४४ चान्द्रमानले पौषकृष्ण अमावास्याको ४ घडी २ पलाउप्रान्त शुक्ल प्रतिपदा बृहस्पतिवार पूर्वाषाढा नक्षत्रको २ घडी ५८ पलाउप्रान्त उत्तराषाढा नक्षत्र व्याघातयोगको २ घडी २ पलाउप्रान्त हर्षणयोग बवकरणमा सौरमानले पौष २७ गते सूर्योदयदेखि ३६ घडी १५ पला गएमा रात्रिगत घडी १० पला १९ जाँदा पृथ्वीनारायण शाहदेवको जन्म भएको हो।

ग्रहको भोग राशि आदि ( स्पष्टग्रह )

| सूर्य | चन्द्र | मङ्गल | बुध | बृहस्पति | शुक्र | शनि | राहु | केतु |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ९ | ८ | ८ | ८ | ९ | ८ | २ | ८ |
| २७ | ४ | २ | १५ | ५ | १४ | ३ | १ | १ |
| २० | २३ | ५५ | ३ | १८ | १७ | ३९ | ३१ | ३१ |
| ५६ | ४६ | ० | २४ | २३ | ३ | ५० | २३ | २३ |

प्रथमलग्न राशि आदि ४।२२।२१।२२ +

दशमलग्न राशि आदि १।१५।२१।१७ ]

\+ \+ \+

---

\+ यसको चर्चा पृथ्वीनारायण शाहको उपदेशको ३८८—३९० पृष्ठमा पनि गरिएको छ। सो ग्रन्थ प्रकाशित हुँदैछ।

**वि. सं. १७८३ मार्ग ३ गते शुक्रबारका दिन नरभूपाल शाहको राज्यकालमा गोरखामा बसी लेखिएको बाल्मीकिरामायणको अयोध्याकाण्ड ११९ सर्ग सम्पूर्ण भयो।**

''इत्यार्षे रामायणे बाल्मीकिना विरचिते अयोध्याकाण्डे एकोनविंशत्युत्तरशततमः सर्गः॥ ॥संवत् १७८३ समय कार्तिकसप्तम्यां शुक्रवासरे लिषितं गोर्षाग्रामे नरभूपालसाहराज्यभोज्यमाने शुभ॥ ॥

( वीरपुस्तकालयको तेस्रो ६३ संख्याको बाल्मीकीय रामायणबाट। यो पुस्तक शङ्करमान राजवंशीले देखाइदिनुभएको हो । )

[श्रीबाल्मीकि ऋषिले बनाएको रामायण अयोध्याकाण्डको एक शय उन्नाइस सर्ग सकियो। वि.सं. १७८३ कार्तिक ( कृष्ण ) सप्तमी शुक्रबारका दिन लेखिएको ( ग्रन्थ ) पूर्ण भयो। गोरखा गाउँमा नरभूपाल शाहले राज्य गरिरहनुभएको वेलामा। कल्याण होस्।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७८३ कार्तिककृष्ण ( पूर्णान्तिमानले मार्गकृष्ण )

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| मार्ग ३ | शुक्र | सप्तमी | १७ | ४० |

**गोरखालीहरूले कान्तिपुर तथा ललितपुरसँग मिली कब्जा गरिएको ''ओभू किल्ला' भक्तपुरका राजा रणजित् मल्लले फिर्ता लिई त्यसको खुशियालीमा वि.सं. १७८७ फागुन १७ गते शनैश्चरबारका दिन प्रजालाई अनुग्रह गरी ताम्रपत्र गरिदिए।**

१ ''ॐ स्वस्ति॥ श्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरी–

२ ष्टदेवतावरलब्धप्रसादित रघुवंशावतार देदीप्यमान मानोन्नत नेपा( ल )भू–

३ मण्डलाखण्डल महाराजाधिराज श्रीश्रीजयरणजित मल्लदेव प्रभु थाकुलसन,

४ वाभु काग्रात तयाव सोमलिंग कोटस थाना बव वेलस, ञ, अला. गोर्षा सो–

५ ह्म राजायां थाना मानय याङाव,ओ कुन्हु वाभू लितेलाव, थ्यमि, बुदे, नकदे–

६ श, चोतपुरया पंचप्रजापनिस्त छ्पु रुस दाहा प्रसाद प्रसन्न जुया जुलो,

७ अत्र पत्रार्थे साक्षी, यज्ञनारायण, भागीराम, कृष्णसिंह, थेमिया पूर्णसिं–

८ ह, धनमानसिंह, रत्नाकरसिंह, शंकर दुवार॥ नेपालसम्वत् ८५१ माघकृ–

९ ष्ण द्वितीया पर तृतीया, हस्त नक्षेत्र, शूल योग शनैश्चरवार शुभं भूयात्॥

( ठिमी बालकुमारीमन्दिरको पूर्वतिरको मिदालमा टाँसिएको ताम्रपत्र। यो ताम्रपत्र ऐतिहासिक पत्रसंग्रह दोस्रो भाग-५२–५७ पृष्ठमा व्याख्यासहित छापिएको छ।)

[ श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्टदेवताको वरप्रसाद पाएका, रघुकुलमा जन्मेका, उज्याला, ठूलो इज्जत भएका, नेपालमण्डलका मालिक, महाराजाधिराज श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले कान्तिपुर, ललितपुर, गोरखाका राजाले 'ओभू कब्जा गरी सोमलिङ्गकोटमा टाना हालेर बसेको वेलामा ती तीनै राजाको ठाना हटाएर त्यही दिन ओभू फिर्ता

गराएको खुशियालीमा ठिमी, बोडे, नकदेश, चोपुरका पञ्च प्रजाहरूलाई एउटा सुनको दाहा ( ? ) निगाह गरी दिइयो ।

यस पत्रका साक्षी–यज्ञनारायण, भागिराम कृष्णसिंह । ठिमीका पूर्णसिंह, धनमानसिंह, रत्नाकरसिंह, शङ्कर द्वारे ॥

ने. सं. ८५१ ( विक्रम संवत् १७८७ ) माघकृष्ण द्वितीयाउप्रान्त तृतीया हस्त नक्षत्र शूल योग शनैश्चरवार । कल्याण होस् । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रम संवत् १७८७ ने सं. ८५१ माघकृष्ण पूर्णान्तमानले फाल्गुनकृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फागुन | १७ | शनैश्चर | द्वितीया | २।५६ | उत्तरफाल्गुनी | ५।३३ | शूल | २५।३५ |

यही विषयका वि. सं. १७८८ वैशाख, वि. सं. १७८८ माघ, वि. सं. १७८६ आषाढका अभिलेख पनि पाइएका छन्। ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ५२–५७ पृष्ठमा यिनको विशेष चर्चा परेको छ।

माथि उल्लेख गरिएका चारवटै अभिलेखमा गोरखाको उल्लेख आएको छ । यस बेला गोरखामा नरभुपाल शाह राजा थिए ।

\+ \+ \+

**वि.सं. १७६४ चैत्र २० गते शनैश्चरवारका दिन नरभूपाल शाहका जेठा छोरा युवराज पृथ्वीनारायण शाहबाट धर्माधिकार मोक्षेश्वर शर्माद्वारा लेखाइएको महाभारतको सनत्सुजात प्रकरणको पुस्तक संपूर्ण भयो।**

"श्रीशाके १६५६ चैत्रशुक्ल १० शनिवासरे स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि-विविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारयुवराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायणसाह-देवाज्ञया लिखितमिदं पुस्तकं श्रीमोक्षेश्वरशर्मणा धर्माधिकरणेन ।"

(वीरपुस्तकालयको. ते ६५ संख्याको महाभारत उद्योगपर्व सनत्सुजात प्रकरणबाट )

[ श्रीशाकसंवत् १६५६ ( विक्रमसंवत् १७६४) चैत्रशुक्ल दशमी शनैश्चरवारका दिन+ स्वस्ति श्री पहाडका राजाहरूमा श्रेष्ठ भएका नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका ठूलो इज्जत भएका श्रीमन्महाराजाधिराजकुमार युवराज श्रीश्रीश्रीमत् पृथ्वीनारायण शाहदेवको आज्ञाअनुसार धर्माधिकार श्रीमोक्षेश्वर शर्माद्वारा यो पुस्तक लेखियो । ]

\+ चैत्रशुक्ल दशमी शनिवारमा यो ग्रन्थ लेखियो भनी यहाँ लेखिएको छ । तर गणना गर्दा-नवमीको दिन शनिवार पर्छ । सो दिन नवमी ५७ घडी छ । यस कारण वि. सं. १७६४ चैत्र २० गते शनिवारको दिन ५७ घडी बितेपछि बिहानपख दशमी लागेपछि आदित्यवार नलाग्दै यो ग्रन्थ लेखिएको देखिन्छ ।

—— यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

शकसंवत् १६५६ ( विक्रमसंवत् १७६४ ) चैत्रशुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| २० | शनैश्चर | नवमी | ५७।० |

वि. सं. १७६६ माघ ११ गते बृहस्पतिवारका दिन नरभूपाल शाहले लमजुङ्का राजासँग एकानि शत्रु एकानि मित्र गरी सन्धि गरे ।

" लमजु गोर्षाको येकु शत्रु येकान मित्र गरी बन्दोबस्त भयो. भाषा कबुल लमजु ८ हजार-भित्र कसैको कुधोभ्फाको[1] पर्दा १२ हजारले [2] टानु. २० हजारको कर्नि भर्नि येक दासी दुर्जनका कुरा दुवैले नसुन्नु. काल कमाई तिलको गेड़ो घोटी मासको गेडो फोरी बरोबर बाँडी षानु. अघौंका बाटामहा बरोबर गरी लिनु. २ वर्षभित्र काठपात कास्की बुझाउनु. येति गर्दा कास्की नमान त ढालीदिनु. येती कुरो गर्दा गोर्षाले कुल[3] कपटगर्न लावत ४० हजार लमजुले षानु. पूर्वको काम गर्नु. यस वातका साक्षी श्रीदुर्गा श्रीगोरखनाथ भंन्या संवत् १७९६ माघवदि ७ रोज ५ मा श्रीनरभूपाल शाहबाट लंजुका राजालाइ.

( ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट )

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ-

बिक्रमसंवत् १७९६ माघकृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| ११ | बृहस्पति | सप्तमी | १८ | । १७ |

# श्री ५ रणबहादुर शाहले कुमाउँमा रहेका नेपाली राजदूत श्रीपति पन्थलाई लेखेको पत्र र त्यसको ऐतिहासिक व्याख्या

—दिनेशराज पन्त

श्रीदुर्गासहायः

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमा-
नमा( नोन्न )—

२. तश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेर्जङ्देवानां
स( दा सम )–

१. कुधोभ्फाको=जोरजुलुम, २. १२ हजार = गोरखा, ३. कुल=विद्रोह ।

३. रविजयिनाम्— — — — — — — — — — —

४. स्वस्तिश्रीसर्वोपमायोग्य निजगुणालंकृत श्रीश्रीपति पंथके प्रणामपूर्वकपत्रमिदं-
त्र (हाँ कुश)–

५. ल ताँहाँ कुशल चाहिय. आगे इहाको समाचार भलो छ. उप्रान्त कुमावको ×
र हाम्रो कन (कनिधि)

६. तिवारि र तिमि तहाँ गयि दोहोरी धर्मपत्र गरि साल्सुपूर्व हामिले मारि षानु-
सालसुप(श्चिम)

७. कुमावले मारि षानु भनी बाँधीयाको हो. पोरका समय जुम्लाले + भेरी[१] तरि
गोतामवाँफी[२] (का)

८. अम्बलमा कटक[३] गर्न आँउदा हान्यालाई हान्यै हो भनी जुम्लो हान्यु.
साल्सु साँध भयो. फत्य (गरी)

९. पाति[४] पगरि[५] षलिता[६] तिमिलाई चिठिसमेत मंसिरमा पठाञाथ्युँ. पुग्या
हुन्. ताहांबा(ट षलि)—

१० तापत्र लि श्रीकृष्ण पाँडे, दत्ताराम पाँडे त्राहाँ आइपुग्या. हिजोको बोल्या बाँध्या-
को (बुझि ष)—

११ लितापत्र लेषि आउन्या मानिसलाइ बिदा गरि पठाँञ्, ताहाँ पुगनन् सालसु-
(पश्चिम षा]—

१२ न्या भनि ताँहाँ बिंति गर.काज चलाउ.अलिक दिनपछि कनकनिधि तिवारि[७]
लाइ (हामी)...

---

× काठमाडौंबाट कुमाउँको मुकाम अलमोड़ा १५९ कोश जति पश्चिममा पर्छ। [यस लेख-
मा परेका ठाउँका परिचय शंकरमान राजवंशीले खोजिदिनुभएको हो।]

+ काठमाडौंबाट जुम्लाको मुकाम छिनाशिम १०१½ कोश जति उत्तर पश्चिममा पर्छ।

१ भेरी नदी काठमाडौंबाट ८४ कोश पर छ। २ मुसिकोटदेखि उत्तर, मुण्डकला डाँडादेखि पश्चिम,
भेरी नदीदेखि पूर्व काठमाडौंबाट ८३ कोश टाढा गोताम, भन्ने ठाउँ छ। ३ कटक=लडाइँ
४ पाति=प्रसाद। ५ पगरि=जागीरको पगरी। ६ षलिता=राजाले राजालाई पठाएको पत्र।

७ [एक जना कनकनिधि तिवारी पालपाली राजाका मन्त्रिवंशका देखिन्छन्। हेमिल्टनले नेपाल-
विषयको पुस्तक लेखता तिनै कनकनिधि तिवारीले हेमिल्टनलाई निकै कुरा भनेथे। (हेमिल्टनको नेपाल-
वर्णनको ४ पृष्ठ हेर्नुहोस्।) यी कनकनिधि तिवारी उनै हुन् वा अर्कै हुन्, अहिले यसै भन्न सकिंदैना]

—सम्पादक

१३ ज मतोजतो लि पठाँउछौं. तिवारि आउनज्या अलिक दिन तिमि तहाँ बस. पचंक-
(न पठाउँला) ८

व्याख्या

यो पत्र श्री ५ रणबहादुर शाहले कुमाउँमा राजदूत भइबसेका श्रीपति पन्थलाई लेखेको हो ।

पृथ्वीनारायण शाहले पूर्वतिर बढ्दै गई सिक्किम साँध लाएका थिए तापनि पश्चिममा गोरखाभन्दा पर आफ्नो अधिकार जमाउन सकेका थिएनन् । पृथ्वीनारायणपछि वि.सं.१८४३ भन्दा अघिसम्ममा तनहुँ, लमजुङ, कास्की आदि पश्चिमका केही राज्य नेपाल राज्यमा मिलाउने काम भए×। तर त्यसभन्दा पश्चिमपट्टि पनि अनेक राज्य बाँकी नै थिए । वि.सं. १८४३ मा पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहको हातमा शासनको बागडोर राम्ररी आएपछि उनले पश्चिमतिर बढ्ने योजना बनाए । त्यसैको फलस्वरूप वि.सं. १८४३ ज्येष्ठ १० गते देखि मार्ग ७ गतेसम्मको ६ महीनाभित्र गुल्मी, अर्घा, खाँची, धुरकोट, इस्मा, पर्वत, प्यूठाना, दाङ, रोलपा आदि राज्य जिती भेरी साँध लाग्यो ।÷

भेरीभन्दा पश्चिमपट्टिका जुम्ला, डोटी, कुमाउँ आदि राज्य केही बलिया थिए। यसो हुँदा केवल सैनिकशक्तिको भरले मात्रै अगाडि बढ्नु बढिया थिएन तथा सजिलो पनि थिएन। यसो हुँदा भेरीभन्दा पश्चिमपट्टि बढ्न गोरखालीहरूलाई राजकाजको दाउपेच गर्नु परेको थियो।

जुम्ला, डोटीभन्दा पश्चिमपट्टि कुमाउँ राज्य थियो। कुमाउँलाई पूर्वतिर बढी डोटी, जुम्लातिर आफ्नो अधिकार जमाऊँ भन्ने इच्छा हुनु स्वाभाविक थियो। गोरखालीहरूलाई पनि कुमाउँसम्म पुग्नुभन्दा पहिले जुम्लातिर अधिकार जमाउनुपरेको थियो। यसैले राजकाजको दृष्टिले कुमाउँ त्यस वेला नेपालको मित्रराज्यको रूपमा थियो+। यसो हुँदा सालसुपश्चिम कुमाउँले खानु, सालसुपूर्व नेपालले खानू भन्ने सन्धि भएको थियो भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

---

८ यो पत्र मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ।

× पूर्णिमा १वर्ष २ अङ्कमा प्रकाशित वि.सं. १८४३मा जितिएका राज्यका तिथिमितिबाट कालीभन्दा पूर्वतिरका तनहुँ, लमजुङ, कास्की आदि प्रदेशहरू त्योभन्दा पहिले नै जितिसकिएका थिए भन्ने देखिन्छ।

÷ पूर्णिमा १ वर्ष २ अङ्कमा प्रकाशित रामजी तेवारीको "वि.सं. १८४३ का केही मुख्य घटना" नामक लेख हेर्नुहोस्।

+ "तस्य समन्ततो मण्डलीभूता भूम्यनन्तरा अरिप्रकृतिः । तथैव भूम्येकान्तरा मित्रप्रकृतिः ॥ १८॥

(कौटलीय अर्थशास्त्र ६ अधिकरण १ अध्याय)

यसरी जुम्ला कब्जा गर्दा कुमाउँ चम्केर आउला कि भन्ने संभावनालाई गोरखालीहरूले चतुरतापूर्वक हटाए तथा कुमाउँसँगको यो सन्धिपछि जुम्लाले भेरी तरी लड्न आयो भन्ने कुरा देखाई गोरखालीहरूले अगाडि बढी जुम्ला फत्ते गरी सालसु साँध लाएको कुरा यस पत्रमा परेको छ ।

सालसुपश्चिमपट्टि डोटी, बैतडीभेकको प्रदेश कुमाउँले खाए हामीले थामौंला भनी नेपालले कुमाउँलाई वचन दिएको थियो तापनि त्यसताका कुमाउँको अवस्था राम्रो नभएको हुँदा कुमाउँले यस सन्धिबाट कुनै लाभ उठाउन सकेन । योभन्दा पहिले पनि गोर्खालीहरूले भेरी साँध लाएपछि वि. सं. १८४४ फागुन ३ गते कुमाउँसँग एकानि शत्रु, एकानि मित्र गरी गरेको सन्धिपत्र पाइएको छ × । त्यस बेला कुमाउँमा मोहनचन्द्र राजा थिए । केही समयपछि वि. सं. १८४५ मा जोशीहरूको प्रभाव बढ्यो र मोहनचन्द्र धपाइए + । यसपछि जोशीहरूसँग पनि सालसुपूर्व नेपालले खानू, सालसुपश्चिम कुमाउँले खानू भन्ने अर्को सन्धि भएको देखिन्छ ।

जुम्लाविजय वि. सं. १८४६ मा भएको हो≥ । यस पत्रमा जुम्लाविजय पोहर साल भयो भने उल्लेख परेको छ तथा कुमाउँ जितिएको छैन भन्ने कुरा पनि यस पत्रबाट बुझिन्छ । यस कारण यो पत्र कुमाउँ बिजय हुनुभन्दा पहिले वि. सं. १८४७ मा लेखिएको हो भन्ने सिद्ध हुन्छ । यो पत्र अपूरै हुँदा संवत् तथा तिथिमितिको उल्लेख यस पत्रमा नपरेको हो ।

---

[ सीमाना जोडिएको राज्य शत्रुराज्य हुन्छ । आफ्ना शत्रुराज्यको शत्रुराज्य मित्रराज्य हुन्छ । ]

× यो सन्धिपत्र ऐतिहासिक-पत्रसंग्रह ( दोस्रो भाग ) को ७-८ पृष्ठमा अनुवादसहित प्रकाशित भएको छ ।

+ बदरीदत्त पाँडेको "कुमाउँका इतिहास" को ३६३–३६४ पृष्ठ हेर्नुहोस् ।

≥ वंशावलीको आधारमा ऐ. शि. बाबुराम आचार्यले टिपोट गर्नु भएको तिथिमितिविषयक संग्रहमा वि.सं. १८४६ आश्विन ३ गते जुम्लाविजय भयो भन्ने उल्लेख परेको छ । जुम्लाविजय गर्न जाने काजी शिवनारायण खत्री सर्दार प्रबल रानाले जुम्लाविजयको लगत्तै वि.सं. १८४६ कार्तिकमा मुस्ताङ-का राजा आंग्याल दोर्जेलाई केही जग्गा दिई लेखिदिएको पत्र पाइएको हुँदा वंशावलीको उक्त कुराको पुष्टि हुन्छ । सो पत्र यस प्रकारको छ—

१. स्वस्ति श्रीकाजी शिवनारायण षत्रु श्रीसर्दार प्रबल रा—

२. नाकस्य लिषापत्रम्—

३. आगे मोस्ताँगि + राजा आँग्याल् दोर्जेके तिम्रो पुरा—

४. नु मुलुक जुम्लाले षायाको वांदरफट्कादेषि≥ पू—

---

×काडमाडौंबाट मुस्ताङ ६१ कोश जति उत्तर पश्चिममा पर्छ ।

+काठमाडौंबाट बन्दरफटका ७१ कोश जति उत्तर पश्चिममा पर्छ ।

# नेपाल–अंग्रेजयुद्ध

## नालापानीका लडाइँसम्बन्धी अरू ६ पत्र

—महेशराज पन्त

वीरपुस्तकालयमा रहेका पुराना चिठीपत्रहरू पढ्दै जाँदा नालापानीको लडाइँको बयान परेका ३ वटा पत्र पहिले पाइएका थिए। ती ३ पत्रका आधारमा पूर्णिमाको तेस्रो अङ्कमा नालापानीको लडाइँ–सम्बन्धी निबन्ध मैले प्रकाश गरेको थिएँ।

पूर्णिमा तेस्रो अङ्क छापिइसकेपछि वीरपुस्तकालयमा गई फेरि चिठीपत्रहरू पढ्दै जाँदा नालापानी-को लडाइँको बयान परेका ६ वटा अरू पत्र पनि फेला परे। केही नयाँ कुरा थाहा पाइने हुनाले र पहिले छापिएका पत्रका कति कुराको विशेष व्याख्या पनि हुने हुनाले ती पत्र यहाँ प्रकाश गरिन्छन्।

### १ संख्या

स्वस्ति श्रीसर्बोपमायोग्येत्यादिसकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीजर्नैल भीमसेण थापा

---

५. के उत्तर भर्जुँ षोला तराप् षोला + लाँघु षोला ÷ छार्का

६. गाँउ × (श्री ५ महाराजाधिराज) बाट बक्स्याको लालमोहोरब-

७. मोजिम् हामिले पनि बाहालि चलाइदिजुँ. आ-

८. फ्ना षातिर्जम्मासित सुप्रभोग्ये गर. टहल्मा

९. रुजु रहु. केहि जगा रह्याको सर्कार बिति गरि

१०. बनाइदिउँला. इति सम्बत् १८४६ साल कार्ति-

११. कशुदि १ रोज २ मुकाम छिनाशिम. शुभम.

(छेउमा)

हितान्का बसका बस्तिबाहेक शुभम्.

(यो पत्र मोहननाथ पाँडेको पुरयौली सङ्ग्रहमा छ। पत्रमा २ छाप पनि लाइएको छ।)

---

+ तराप खोला छार्का गाउँबाट बगेको छ।

÷ लाङ्घ खोला तराप खोलामा मिलेको छ।

× काठमाडौंबाट छार्का गाउँ ६८१ कोश जति उत्तर पश्चिममा पर्छ।

श्रीश्रीश्रीकाजी रणध्वज थापामहासयेषु श्रीकृष्णानन्द षंडुडि[१] श्रीधनबीर थापाको बेदोक्त आसीर्वाद सेवापूर्वकपत्रमिदम् .

इत नीक[२]. तांहां कुसल मंगल भयासै[३] हाम्रो प्रतिपाल उद्धार होला. आगे आहांको समाचार भलो छ.

उप्रान्त श्रीबुढाकाजीबाट[४] गढको[५] बन्दबस्त गर्नु. भाग्यानस्याका[६] रैतिलाई तसलह गरि[७] बांझा गांउमा बसाई उजारको गुलजार गर्नु भनी आंग्या भयाबमोजिम मुहुंडाबाट[८] श्रावणका महिनामा श्रीनगरमा[९] आईपुग्याथ्यौं. लायाका टहलमा जान्याबुझयासम्म भरसक्य लागीरह्याछौं.

हालसूरतका अर्थलाई[१०] प्रगनादूनमा[११] फीरंगीको[१२] बाकलो फौज आई आश्विनसुदि ११मा[१३] कार्त्तिकबदि २ मा[१४] नालापाणिका[१५] किलामा कंवर कपतानसग[१६] लडाई पर्दा आश्विनशुदि ११ मा[१७] बैरीका २२ जना षेत पऱ्या[१८]. ढेरै[१९] घाएल भै: हटी अघि बस्याका डेरा धामवाला आमवालामा गै बस्याको.

फेरि कार्तिकबदि २ मा[२०] भारि फौज लि हला दि[२१] नालापानि किलामा आईलागदा ७ प्रहरसम्म[२२] लडाई हुंदा बैरिका गोरा[२३] २७ काला[२४] १२० कीलाका[२५] ढोकैमा पऱ्याका घायेल भयाका र लोत[२६] लैगयाको.

— — .का[२७] प्रतापले हांम्रो अघिला पालामा पनि पछिलापालामा पनि[२८] फते भयाको र —.— पारी कपतान भक्ति थापाले तुझारमा लडाई गरि फते गऱ्याको बिस्तार भारादारहरुका चिठीले मालूम[२९] होला.

---

१. गढवालका ब्राह्मण सरोला, गंगाडी, दुमागी, देवप्रयागी यति ४ श्रेणीमा बाँडिएका छन्। सरोला ब्राह्मणहरूमा १ थरी खंडूडी थरका हुन्छन्। (राहुल सांकृत्यायनको "गढवाल"को २६६-२७० पृष्ठ हेर्नुहोस्। )

२. इत नीक = यहाँ निको ( सन्चै छ ) । ३. भयासै = भएदेखि । ४. श्रीबुढाकाजीबाट = काजी अमरसिंह थापाबाट।५. गढको = गढवालको ।६.भाग्यानस्याका = भागेनासेका(भागेर बिगारेर गएका)। ७. तसलह गरि = ढाढस दिई ।८. मुहुंडाबाट = बूढाकाजी अमरसिंह थापा बसेको ठाउँ ( अर्की )-बाट । ९. श्रीनगर गढवालको मुकाम हो । नालापानीबाट पूर्वमा श्रीनगर छ । १० हालसूरतका अर्थलाई = हालखबरका कुरालाई । ११. प्रगनादूनमा = देहरादूनमा । १२. फीरंगीको = अंग्रेजको ।१३. आश्विनसुदि ११ मा=कार्तिक १० गते। १४. कार्त्तिकबदि २ मा=कार्तिक १६ गते । १५ देहरादूनदेखि२कोस उत्तरपूर्वमा नालापानी छ।१६.कंवर कपतानसंग=कप्तान बलभद्र कुँवरसँग। १७.आश्विनशुदि ११मा= कार्तिक१०गते। १८. षेत पऱ्या = मरे। १९. ढेरै = धेरै। २०.कार्तिकबदि २ मा= कार्तिक १६ गते। २१. हला दि= कराई । २२. ७ प्रहरसम्म= कार्तिक१६ गते तीन साढे तीन बजेदेखि, कार्तिक १७ गते बाह्र एक बजेसम्म । २३. गोरा= अंग्रेज । २४. काला= हिन्दुस्थानी। २५. कीलाका= किल्लाका। २६.लोत=लाश। २७-.---का=श्री ५ महाराजाधिराजका। २८.अघिला पालामा पनि पछिला पालामा पनि=कार्तिक१०गते पनि कार्तिक१६।१७ गते पनि। २९.मालूम=थाहा।

आंहां गर्न्या चौकसी[१] गर्दैछुं.

दसैंको प्रसादलाई नालापानिमा आंहां भयाको षजाना[२] पठावन्या कामले ५। ७ दिनको ढिलो होन[३] गयाको हो. दसैंको प्रसाद ढिलायाको माफ गरिबक्स्याजाला. दसैंको प्रसाद पुगला.

अर्ति सिक्षा मेहर[४] रह्या बढिया होला.

इति सम्वत् १८७१ साल मिति [५]कार्तिकबदि ८रोज ७ मुकाम श्रीनगर शुभं.

## २ संख्या

अर्जि[६] ——————————————————————

उप्रांत अरू बिस्तार पहिले चह्राई पटायाका अर्जिबाट जाहेर भयो हो.

कुईन्याले[७] ——— को घाटो[८] छेकुदा हुलाँक् नचल्दा नहानबाट[९] काजि रणजोर थापाले[१०] जोगीछेउ बाटो फेरि[११] लैजानु भनि पठायाको अर्जि चीठि आईपुग्या. सर्कारमां चह्राइ पठायाको अर्जि चह्राइ पठायाको छ. बिस्तार उनैका अर्जिबाट जाहेर होला. मलाई लेष्याका चिठिको नकल पनि चह्राई पठायाको छ. जाहेर होला.

नहानबाट जोगी नालापानिमां[१२] कवर कप्तानछेउ[१३] आयेछ. कप्तानले[१४] चह्राइ पठायाको अर्जि पनि चह्राइ पठायाको छ. नालापानिको बिस्तार कवर कप्तानका अर्जिबाट जाहेर होला.

मलाइ लेष्याका चिठिमां कार्त्तिकवदि २।३ का दिन[१५] भयाको लडांइमा हरीफ्को[१६] काटियाको र घाइता भयाको अंताजापैले[१७] लेष्याको हो .

कुईन्याका लस्करबाट[१८]आफ्ना पेटका[१९] मानिस्छेउ बुझ्दा कुइन्याको जर्णैल १ कर्णैल १मेझर १ गोरा १५० काला सिपाहि २०० मारिया. घाइताको थाह रहेन. मर्‍याका र घाईता गरी हजार बाह्र सौ मानोस् षराप भया भनि सुनिंछ भनि षबर ल्यायो.

षजाना[२०] बिष सर[२१] पत्थर पठाइदिनु भनि लेष्याको रहेछ.

बारुद गोलि पत्थर बिष सर केहि बंदूक् आंहां भयाअनुसार काजि रेवंत कवरमार्फत्[२२] पठायाथ्युं.

---

१. चौकसी= होशियारी। २. षजाना= लडाइँका सरसामान। ३. होन= हुन। ४. मेहर= निगाह। ५. कार्तिकबदि ८ रोज ७= कार्तिक २२ गते शनिवार।

६. अर्जि= बिन्तीपत्र। श्री ५ महाराजाधिराजलाई लेखिएको चिठी अर्जी भनिन्थ्यो। ७.कुईन्याले= अंग्रेजले। ८. घाटो= मुख्य बाटो। ९. नालापानीदेखि पश्चिममा नाहान छ।

१०.काजी रणजोर थापा, बूढाकाजी अमरसिंह थापाकी साहिंली मुग्निनी धर्मदेवीतर्फका छोरा हुन्। यिनी काजी रणध्वज थापाका सहोदर भाइ हुन्। ('इतिहास- प्रकाश'' २ अङ्क ३ भागका ३१४-३१६ पृष्ठ हेनुं होस्।) यिनी वि.सं. १९०३ भाद्र ३१ गते कोतपर्वमा मारिए। (''अभिलेख संग्रह'' १भागका १२–१३ पृष्ठ हेर्नु होस्।)

११. फेरि= फेरेर।१२.देहरादूनदेखि २कोस उत्तरपूवमा नालापानीछ। १३.कवर कप्तानछेउ= कप्तान बलभद्र कुँवरकहाँ १४.कप्तानले= कप्तान बलभद्र कुवरले। १५.कार्तिकबदि २।३कादिन= कार्तिक१६। १७ गते। १६. हरीफ्को= शत्रुको। १७ अंताजापैले= अन्दाजैले(?)। १८. लस्करबाट= फौजबाट। १९. आफ्ना पेटका= आफ्ना पक्षका। २०.षजाना= लडाइँका सरसामान। २१. सर = बाण। २२.काजी रेवन्त कुवर, काजी रणजीत कुँवरका छोरा हुन्।

ढेर[1] अहां पनि नहुंदा थोरै गयो. काजि रेवन्त कवरलाइ पनि रातदिन गरि जानु भनि अह्राइ पठायाको छ.

किल्लाबाट बैह्राइ हान्दा[2] अलिक् हम्रा[3] मानिस् पनि षर्च हुन गयाछन्. बैढाइ नहान्नु भनि कवर कप्तानला इ लेषि पठाञां. कवर काजिलाई[4] पनि अह्राइ पठायाको छ.

नालापानिमां पनि बैह्राई हान्दा सुबेदारसमेत् पर्दा आजभोलि भन्या अलिक् पातलै[5] होला भन्या जस्तो देषिंछ.

सम्बत् १८७१ [6]कार्तिकसुदि १ रोज ७ मुकाम अल्मोडा[7] शुभम्— — — —

ईत[8] बम्साहको[9] सलाम सलाम सलाम शुभम्— — —

## ३ संख्या

श्रीदुर्गासहाय

स्वस्ति श्रीसर्बोपमायोग्येत्यादिसकलगुणगरिष्ट राज्यभारोद्धरणसामर्थ श्रीश्रीश्रीजर्नेल भीमसेन थापा श्री ३ काजी रणध्वोज थापाकैषु इतः श्रीबलभद्र कवर श्रीरिपुमर्दन् थापा श्रीचंन्द्रबीर थापा श्रीनाथु माझि श्रीचामु बरन्यात श्रीगंजसिं थापा श्रीदलजीत कवर श्रीदयाराम षडकाको सेवा आसिष पाइलागु सलाम.

इत निक[10]. तांहां कुसल मंगल भया हमारो[11] प्रतिपाल उद्धार होला. आगे आहांको समाचार भलो छ.

उप्रान्त कुइन्यासंग[12] २लडाइ भयाको र जर्नेल प्रभृति[13] ८ साहेब[14] पऱ्याको कार्तिकबदी ३० का दिन[15] किल्लाका उतरपट्टीको ए सुदि२का दिन[16] किल्लाका दखिनपट्टी नालापानिका पनेरानेराको[17] बाटो बनाउ( न )[18] लस्कर[19] बेलदारसमेत्[20] ली आयाको जंगलबाट हांन्न पठाउंदा ८।१० जना षेत् रह्याको[21] १०।१२जना घाइता भै षर्कि डेरामा गयाको बिस्तार अघिलेष्याका चिठीले मालुम[22] भयो हो.

---

१. ढेर = धेरै। २.किल्लाबाट बैह्राइ हान्दा = किल्लाबाट बाहिर निस्की लड्दा। ३.हम्रा = हाम्रा ।४.कवर काजिलाई = काजी रेबन्त कुँवरलाई । ५. पातलै = थोरै । ६. कार्तिकसुदि १.रोज७ = कार्तिक २६गते शनिवार । ७. अलमोडा कुनाउको मुकाम हो। नालापानीबाट अलमोडा पूर्व पर्छ । ८. ईत = यहाँबाट। ९. बम शाह, गोरखाली राजा पृथ्वीपति शाहका पनाति हुन् ।

१०.इत निक = यहाँ निको (सन्चै ) छ। ११. हमारो = हाम्रो । १२.कुइन्यासंग = अंग्रेजसँग । १३.प्रभृति = आदि । १४.साहेब = अंग्रेज सेनापति । १५. कार्तिकबदी३०का दिन = कार्तिक२८ गते। १६. ए सुदि २ का दिन = मङ्सीर १ गते । १७.पनेरानेराको = पानीबाटनजीकैको ।१८. पत्रमा टुटेको अक्षर ( ) भित्र थपिएको छ। १९. लस्कर = फौज ।२०. बेलदारसमेत् = खन्ने ज्यामीसमेत । २१. षेत् रह्याको = मरेको । २२. मालुम = थाहा ।

मर्न्या जर्नेलकी बहिनी[१] दाज्युका र लोगन्याका विरहले आइपुग्यो.[२] आजभोली घोडाको अस्‌बारी गरी[३] ५।४ साहेब साथमा ली तोपका दग्यांसबाट[४] दुर्बीनले किल्लाको चोरीपरी हेर्छे. २४।१८ पनिको[५] तोप आईपुग्यापछी टाटैबाट रातदिन गरी ७ दिनसंम तोपका सलक लाउंला[६]. आठौं दिनमा हेला गर्न[७] जाउंला भंन्या मन्‌सुबा गर्छ भंन्या सोहरा[८] ल्याउंछन्. लस्कर दिनकोदिन थपीदैछ.

काजी जस्‌पाउ थापालाई[९] पठायाको छ. पुगनन् भनि नाहानबाट× काजीको+ चिठी आयाको छ.

कार्तिकबदी १२ का दिन बुधबार≠काजी रेवत कवरलाइ पठाईदीञ्यु भंन्या चौतरीयाको* चिठी र १०।१५ दिनमा आइपुगुंला भनी काजी रेवंत कवरको चिठी आइरहेछ.

२ काजी÷ आईपुग्यापछी सलाह बांधी≶( कि )ल्लाको हुस्यारी m राषि श्रीईस्वरीका कृपाले र श्री ५ महाराजाका पुण्य प्रतापले आफुहरुका∽ जसले बैरीलाई काटी हटाउंन्या काम गरुंला.

काजी जसपाउ थापा तांहां पठायाका छन्. किलाबाट नबैढाइ हान्या● काम गरी किल्लाको संभार

---

१. कार्तिक १७ गते गतेको नालापानीको लडाईमा पर्ने अंग्रेज सेनापति जर्नेल जिलेस्पीकी बहिनीलाई "मर्न्या जर्नेलकी बहिनी" भनेको हुनुपर्छ । २. आइपुग्यो = आइपुगी । ३. घोडाको असबारी गरी = घोडा चढी । ४. तोपका दग्यांसबाट = तोपको गोला जति टाढाबाट आउन सक्छ, त्यति टाढाबाट । ५. " २४।१८ " यो संख्या तोपको नापो जस्तो देखिन्छ । ६. तोपका सलक लाउँला = तोपले हानुँला । ७. हेला गर्न = भिडिन । ८. सोहरा = हल्ला ।

९. काजी जसपाउ थापा, काजी देवदत्त थापाका छोरा हुन् । यिनी मगर हुन् । ("इतिहास-प्रकाश" २ अङ्क १ भागका १८७-१९० पृष्ठ तथा "जयरत्नाकरनाटक" का ८३ र १८७ पृष्ठ हेर्नुहोस् )।

×. नालापानीदेखि पश्चिममा नाहान छ। +.काजीको = काजी रणजोर थापाको। ≠. कार्तिकबदी१२ का दिन बुधबार = कार्तिक२६ गते बुधबारको दिन। *.चौतरीयाको = चौ.बम शाहको। ÷. २काजी = काजी जसपाउ थापा र काजी रेवन्त कुँवर । ≶सलाह बांधी = सल्लाह गरी । m. हुस्यारी = होशियारी । ∽.आफुहरूका = यहाँहरूका। ●. किलाबाट नबैढाइ हान्या = किल्लाबाट बाहिर ननिस्की लड्ने ।

राषनु. कालसीमा[१] १ पलटन् पठायाको छ. येसलाई हांन्या सायेत हेन्याको छ. हांन्या काम गरी पठाउंछौं भन्या चिठी नाहानबाट काजीले पठाउनुभयाको हो.

७ सै नाललस्कर[२] ल्याई काजीले कालसी रह्याको पलटन् हांन्या ७।८ सै बैरीका षेत रह्या भन्या षवर बैरीका लस्करबाट आइरहेछ.

स्यामसोठा पलटन् पनि बैरीको गुहारलाई रातोरात[३] गयो. कलमि[४] षबर आयाको छैन. हो होइन भनि निस्तूक[५] बुझ्न हल्कारा पठायाका छन्. निस्तूक षबर जो आउला. पछी बिंति गरी पठांउंला.

छेम कुसल अर्तिं सिद्द्या कृपापत्र औंदै[६] रह्या बढिया होला. बिज्ञेषु किमधिकमिति.

[७]कार्तिकसुदी ६ रोज ५ मुकाम नालापानि किल्ला शुभम्

## ४ संख्या

अर्जी[८] — — — — — — — — — — —

उप्रान्त पश्चिमका षबरका अर्थ

मार्गसीरका[९] १३ दिन जांदा गुरद्वारादेषि उत्तरपट्टि ३ कोस नालापानि किलादेषि डेड कोस राजपूर भन्याका गांउंका टिपामा[१०] नाहानबाट[११] काजी रणदीपसिंह बस्न्यात [१२] आईपुग्याथ्या.

त्यस्तै बीचमा धामावालादेषि फिरंगीले[१३] डेरा उठाई सर्ब फौज लि नालापानि किलाका नजीक आई घेरा दिंदा काजी रणदीपसिंह बस्न्यात किलाभेत्र[१४] आवन पायेनन्. राजपूरदेषि माथेका[१५] टिपामा गै बस्याका छन्.

नालापानि किलामा लडाई लागीरह्याको[१६] छ. तोपको र बंदूकका दोहरै सोरा लागीरहेछ.[१७] सांझ ब्याहानि ज्या[१८] नीस्तूक[१९] षबर अरु आवला. सो बिंति गरी चह्राई पठाउंला.

---

१. नाहानदेखि दक्षिणपट्टि, नालापानीदेखि पश्चिमपट्टि कालसी सहर छ। २. ७ सै नाललस्कर = बन्दूक लिएका ७ सय सिपाही। ३. रातोरात = रातारात। ४. कलमि = लिखित। ५. निस्तूक = वास्तव कुरा। ६. औंदै = आउँदै।

७. यस पत्रमा " कातिकसुदी ६ रोज ५ " लेखिएको छ। परन्तु वि. सं. १८७१ को पात्रो हेर्दा कातिकशुदि ५ को दिन रोज ५ पर्छ। कार्तिकशुदि पञ्चमी १८ घडी मात्र भएकोले पञ्चमीउप्रान्त षष्ठीको दिन यो पत्र लेखिएको हुनुपर्छ। यस कारण बि. सं. १८७१ मङ्सीर ४ गते बृहस्पतिवार यो पत्र लेखिएको देखिन्छ।

८. अर्जी = बिन्तीपत्र। ९. मार्गसीरका = मङ्सीरका। १०. टिपामा = अग्लो ठाउँमा। ११. नालापानीदेखि नाहान पश्चिममा छ। १२. काजी रणदीपसिंह बस्न्यात, काजी अभिमानसिंह बस्न्यातका माहिला छोरा हुन्। १३. फिरंगीले = अंग्रेजले १४. किलाभेत्र = किल्लाभित्र। १५. माथेका = माथिका। १६. लडाई लागीरह्याको = लडाइँ चलिरहेको। १७ तोपको र बंदूकका दोहरै सोरा लागीरहेछ = दुवैतर्फबाट तोप र बन्दूक चलिरहेछ। १८. ज्या = जो। १९. नीस्तूक = वास्तव।

मोहंडाबाट[१] गढका[२] कमीनसयानालाई तिमिहेरूले झारा गरी[३] बाटुला भै[४] आहां हामिछेउ आव भनी बुढाकाजीका दसषत[५] आयावमोजिम सयानाकमीनलाई बाटुला गर्न लागीरह्यो छु.

षंड्डिहरु[६] र षंड्डिहरुका ईष्टमित्र कुटंब सबै हजूरको निमिष[७] सिरमा राषि भारापांचका[८] सलाहबमोजिमका टहल चाकरीमा तत्पर भै: भरसक्य लागीरह्याछन्.

सिबराम चीत्रमणि सकन्याणिहरु[९] आफ्नो परिवार केंटाकेंटी गाई बक्सिस्मेत्[१०] ली दूनमा[११] गै: फिरंगीसंग मिल्या. नाहानमा सीसरामको छोरा कासीराम सकन्याणी थियो. त्यो पनि नाहानबाट भागी फीरंगीछेउ गयो. सीबराम डोभाल भन्याको डोभालहरुको[१२] मुषिया थियो. त्यो पनि सकन्याणिहरुका संगमा गै फीरंगीसंग मिल्यो.

आहां गर्न्या काम कुरालाई घाटाघाटामा चौकसी गर्न्या काम[१३] गर्न्याकै छ.

बिस्तार आहांबाट काजी बषताबरसिंह बस्न्यातले[१४] लेष्याका अर्जीपत्रले जाहेर होला.

आहां गढमा गर्न्या काम कुराका अघि जो पठाईबक्सनुभयाका मोहर[१५] जगदेउ थापाछेउ रह्याका छन्. चाहिन्या मोहरको अघि अर्जी चह्राई पठायाथ्यूं.

मेहर रह्या[१६] हुकुमबमोजिम बुढाकाजीबाट अह्राई पठावनुभयामाफीक लाग्याको[१७] टहल जानतभरसम्म[१८] गरी पुन्यायेन्याछु[१९].

भूलचूक सर अप्सर पर्‍याको भया माफ गरीबक्स्या सेब(क)को प्रतिपाल उद्धार होन्याछ.[२०]

सेवक बंदा[२१] धनबीर थापाको कोटि कोटि कुर्निस कुर्निस कुर्निस सलाम सलाम सलाम— —

इति सम्बत् १८७१ साल मिति [२२]मार्गसीर्षबदि ५ रोज ६ मुकाम श्रीनगर शुभम् ——— —

---

१. मोहंडाबाट = बूढाकाजी अमरसिंह थापा बसेको ठाउँ (अर्की)बाट। २. गढका = गढवालका। ३. झारा गरी = बेठबेगार गरी। ४. बाटुला भै = बटुलिई। ५. दसषत = हस्ताक्षर भएको पत्र। ६. खँड्डी = सरोला ब्राह्मणको भेद। ७. निमिष = निमक (नून)। ८. भारापांचका = भारादारका। ९. सकन्याणी = गंगाडी ब्राह्मणको भेद। १०. बक्सिस्मेत् = बाछीसमेत। ११. दूनमा = देहरादूनमा। १२. डोभाल = गंगाडी ब्राह्मणको भेद। १३. घाटाघाटामा चौकसी गर्न्या काम = मुख्य मुख्य बाटामा होशियारी गर्ने काम। १४. काजी बखताबरसिंह बस्न्यात, केहरसिंह बस्न्यातका कान्छा छोरा हुन्। १५. मोहर = लालमोहर। १६. मेहर रह्या = निगाह भए। १७. लाग्याको = लाएको (अह्राएको)। १८. जानतभरसम्म = जानेबुझेसम्म। १९. पुन्यायेन्याछु = पुऱ्याइनेछ। २०. होन्याछ = हुनेछ। २१. बंदा = सेवक।

२२. वि. सं. १८७१ मार्गकृष्ण चतुर्थी बृहस्पतिबार परेको छ। त्यसको भोलिपल्ट शुक्रवारको दिन यो पत्र लेखिएको देखिन्छ। मार्गकृष्ण पञ्चमी टुटेको छ तापनि सरासर गनी चतुर्थीको भोलिपल्ट पञ्चमी संझेर "मार्गसीर्षबदि ५ रोज ६" यहाँ लेखिएको देखिन्छ। यस कारण यो पत्र वि. सं. १८७१ मङ्सीर १६ गते शुक्रवार लेखिएको देखिन आउँछ।

## ५ संख्या

### श्रीदुर्गा सहायः .

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीश्रीश्री-महाराजाधिराजगीर्वाणयुद्धविक्रमसाहदेवेषु सदा समरविजयिषु — — — — — — — —

पूर्वकपत्रमिदम्

इत नीक[१] ताहा चरणारबृन्द कुशल मंगल आनन्द भया बन्दाको[२] प्रतिपाल उद्धार होला.

आगे आहाको हकिगत्[३] हजूरका पुण्य प्रतापले भलो छ.

उप्रांत नालापानि[४] किल्लामा कुइन्यासँग[५] लडाइ भै काटि हटायाको बिस्तार अघिअघिका अर्जिबाट[६] जाहार[७] भयो हो.

सो बिस्तार मुहुडामा[८] पुग्दा सुबा चन्द्रबिर थापा कालानलकंपनि गोरष् पल्टन्का २ पट्टि सुबेदार चामु बस्न्यात् नाहान्बाट[९] आइ किल्लामा सामेल भया.

फेरि अर्किबाट[१०] काजि जस्पाउ थापातैनाथ कंपनि ३ लद्मबिर साहि[११] ज्वालादलकंपनि काजि रणदिपसिं बस्न्यात् रणदल् रणजङ् २ कंपनि नाहानसंम आयाछन्[१२] .

काजि जसपाउ थापाका तैनाथका ३ पट्टि ज्वालादलकंपनिको १ पट्टि नालापानि किल्लामा आइपुग्या. किल्लाका उत्तरपट्टि बन्दुकूका दन्यासमा[१३] काठ्या[१४] षलंगा[१५] हाल्याको थियो उसै टिपामा[१६] बस्याका थिया.

---

१. इत नीक = यहाँ निको (सञ्चै छ) । २. बन्दाको = सेवकको । ३. हकिगत् = हालखबर । ४. देहरादूनदेखि २ कोस उत्तरपूर्वमा नालापानी छ । ५. कुइन्यासँग = अंग्रेजसँग । ६. अर्जिबाट = बिन्तीपत्रबाट । ७. जाहार = जाहेर । ८. मुहुडामा = बूढाकाजी अमरसिंह थापा बसेको ठाउँ (अर्की)मा । ९. नालापानीदेखि पश्चिममा नाहान छ । १०. नाहानदेखि उत्तरपश्चिममा अर्की छ ।

११. लक्ष्वीर शाहि, बम शाहका छोरा हुन् । ("ऐतिहासिक पत्रसंग्रह" पहिलो भागको १०५ पृष्ठ हेर्नुहोस् ।)

१२. "जसपाउ थापा, लक्ष्वीर शाहि, रणदीपसिंह बस्न्यात अर्कीबाट नालापानी आउन नाहानको बाटो गरी हिंडे" भनी यस पत्रमा लेखिएको छ । तर रिपुमर्दन थापाले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा ( यो पत्र "पूर्णिमा"को तेस्रो अङ्कको ६६—७२ पृष्टमा छापिएको छ । ) र यस अङ्कमा प्रकाशित ४ संख्याको पत्रमा चाहिं "जसपाउ थापा र रणदीपसिंह बस्न्यात नाहानबाट नालापानी आउन हिंडे" भनी लेखिएको छ ।

अर्कीमा बसेका प्रधान सेनापति बूढाकाजी अमरसिंह थापाले जसपाउ थापा, लक्ष्वीर शाहि, रण-दीपसिंह बस्न्यातको मातहतमा बलभद्र कुँवरको मद्दतको लागि नालापानीतर्फ फौज पठाए । त्यो फौज अर्कीबाट नालापानी जान नाहानको बाटो गरी आयो ।

यस कारण कसैले अर्कीबाट, कसैले नाहानबाट फौज आयो भनी लेखेका हुन् ।

१३. बन्दुकको दन्यासमा = बन्दूकको गोली जति टाढाबाट आउन सक्छ त्यहि टाढा। १४. काठ्या = काठको । १५ षलंगा = किल्ला । १६. टिपामा = अग्लो ठाउँमा ।

फेरि नाहान्‌बाट काजि रणदिपसिं बस्न्यात रणदल्‌ रणजं २ कंपनिको डेरा क्यार्कलि भन्याको गाउमा पन्यो.

मंशिरका ११ दिन जादा शुक्रवारका प्रहर १ दिन चढदा[२] चौतर्फ घेरा दि पानि बन्द गरि काडका षेवामा तोप ल्याइ जोरियो. ८।१० चोट गोला र २।३ चोट छर्रा किल्लातिर हानि फेरि ५ पट्टि बस्याकातिर तोप फिराइ गोला छर्रा ४।५ चोट चलाउदा ३ जना हाम्रा षेत रह्या[३]. वाँहाबाट ठहर्न नसकि निस्कदा किल्लाभित्र भिकियाछन्. चौतर्फी घेरा पुग्दा २ कंपनि र म[४] पनि भित्र पस्न नपाउदा तिमिलिकाँ[५] टिपामा आइबस्या[६] .

तोरका भकारि बसाइ माटो भरि[७] तोप हान्नलाइ आडवारि[८] तोप अघि सार्दै हान्दै गन्यो. एस्ता तरहले शुक्रवार शनिश्चरवार[९] २ दिनसंम तोप बंदुक्को दोहरै सोहरा भयो[१०].

चुनबट्‌बाहिक्‌ मांछको[११] मुडको[१२] ओत गर्नलाइ पछि चढायाका ढुंगा तोपका गोलाले उडाउदा केहि मानिस उनै ढुंगाले पनि जषम्‌ गन्यो. थपुवा ढुंगा उडाइ बुर्जामा चढायाका हाम्रा तिन तोप्‌ तयता-

---

१. मङ्सीरका १२ दिन जाँदा हुनुपर्छ । किनभने शुक्रवार १२ गते पर्छ । २. प्रहर १ दिन चढदा = बिहानको साढे नौ बजेतिर । ३. षेत रह्या = मरे । ४. म = रणदीपसिंह बस्न्यात । ५.नालापानीदेखि पश्चिममा तिमिली पर्छ ।

६. "नालापानी किल्लादेखि डेढ कोस परको राजपुर भन्ने ठाउँमा मङ्सीर १३ गते रणदीपसिंह बस्न्यात आइपुगे। योभन्दा अघि नै अंग्रेजी सैन्यले नालापानी किल्ला घेरिसकेकोले रणदीपसिंह नालापानी किल्लाभित्र पस्न नपाई राजपुरदेखि माथिको अग्लो ठाउँमा गई बसिरहेछन्" भन्ने कुरा ४ संख्याको पत्रमा परेको छ ।

"रणदीपसिंह राजपुर आइपुग्दा अंग्रेजी सैन्यले नालापानी किल्लामा घेरा दिएकोले उनी संरुनगाउँको अग्लो ठाउँमा गई बसे" भनी भीमसेन थापा र रणध्वज थापालाई रिपुमर्दन थापाले लेखेका छन् । यस पत्रमा चाहिं "तिमिलीको अग्लो ठाउँमा गई रणदीपसिंह बसे" भनी लेखिएको छ।

राजपुरदेखि माथिको अग्लो ठाउँ, संरुनगाउँ, तिमिली, वरपरका ठाउँ हुन्‌ कि जस्तो देखिन्छ ।

७. तोपका गोला लागी भत्केका किल्लाका पर्खालहरूको अवशेषलाई तोड वा तोर भन्छन्‌ । ("हिंदी–शब्दसागर" को १४५१ र १४५५ पृष्ठ हेर्नुहोस्‌ । )

यस कारण "तोरका भकारि बसाइ माटो भरि" भनेको "ती अवशेषलाई जम्मा गरी माटो हाली ढिस्को जस्तो बनाएको" हो कि जस्तो लाग्छ ।

"पूर्णिमा" को तेस्रो अङ्कको ६७ पृष्ठको ७ पङ्क्तिमा "तीरका कोठा बनाई" छापिएकोमा "तोरका कोठा बनाई" पढ्नु योग्य छ ।

८. बडे बडे मुढा र हाँगाबिंगा गाडी दोहरो पङ्क्तिको बीचमा ठूलठुला ढुङ्गा हाली मजबूत पर्खाल बनाई सो पर्खालभित्र फौजलाई बस्न बनाइएको ठाउँलाई आड भनिन्छ। ९. शुक्रवार शनिश्चरवार = मङ्सीर १२।१३गते । १०. तोप बंदुक्को दोहरै सोहरा भयो = दुवैतर्फबाट तोप र बन्दूक चल्यो । ११. मांछको = मान्छेको । १२. मुडको = टाउकोको ।

पांरा तोप फोरि बाहिरतिर षसायो. १ तोप भित्रतिर षसायो. बाहिर उत्तरतिर षस्याको तोप दषिनतिर जमिन्मा दबाउन पठाऔ. बाहिर सामु षस्याको तोप ठाउँमि रह्यो. १ तोप अगाडिका लडाइमा हाम्राले हान्दा फुस्याको थियो. गढवाल्या फलाम्या तोप् १ र अरु ३ तोप केहि बुर्जाका ढुंगा षस्दामा र हान्दामा तषता षल्बलि चल्न बन्द भयाको थियो. एकहोरा उस्का तोपको सोहरा बंगोला रालगोलाले भित्र बस्न्यालाइ जषम गर्दै रह्यो.

उत्तरपट्टि २ दिन २ रात हान्दा चिठ उडाइ २ पाटा जमिन् बरोबर गरायो. आदित्यवारका दिन[1] एकतरफ् तोपले हान्दै रह्यो. देउढा बाउढा बसि गर्गोच सोहरा ढुंगाले आयाका बैरि मार्दै रह्यौं. उस्का सोहराले हाम्रा सुबा चन्द्रबिर थापा सुबा नाथु माझि सुबेदार दलजित कवर म्लेछकालानकंपनिको ज्मादार दलजित् साहि लोत् रह्या[2]. उस्का तरफ् नाउज्यादा[3] ८ साहेब[4] ३।४ सय गोरा[5] षेत रहदा[6] पछि सरि भरिरात्[7] भरिरात् सोमवार २ प्रह ( र ) दिनसंम[8] तोप चलाउदै रह्यो. ताहापछि तोप बंद गरि लोत[9] मागन पठायो. भित्रतरफ् टाउका तषतामा पऱ्याका षसाइदिनु. लोत लैगयापछि फेरि बरोबर तोप चलाउदै रह्यो. भित्र उडायाफोऱ्याका बुर्जाबाट तोपको सोहोरा र बंगोला राल्गोलाले हाम्रा तरफ्का मानिस् षेत धेर रह्या. षजाना[10] पनि केहि पोलियो. जो भयाका मानिस् पनि ठहर्न नसकि निस्कदै रह्या.

सोमवारका[11] रात्मा सबै कंपनिका निसान्[12] निकास्याछन्. हामिले थाहा पायौ र बुझाइ सम्झाइ हप्काइ दप्काइ निसान् र केहि मानिस् किल्लामा ल्यायौ. केहि मानिस् उत्तिबेरै[13] हिड्याछन्. केहि मानिस् उहि जंगलमा दब्याछन्[14].

मंगलवारका दिन[15] हाम्रा बंदुक् उस्का तोपको सोहोरा दोहोरो चल्दै रह्यो[16]. जो रह्याका मान्छमा पनि निस्कदै गर्न लाग्याछन्. उस्ले पनि मानिस् निसक्याको थाहा पायो र तोप बढाइ फोऱ्याका चिठसंम तोप ल्याइ सोहोरा लाउ(न) लाग्येछ र वांहा रह्याका सुबा रिपुमर्दन् थापा सुबेदार चामु बस्न्यात् सुबेदार गंजसिं थापा ज्मादार बिजैसिं षत्री ज्मादार सिंहबिर घर्ति ज्मादार चन्द्रमनि रानाहरुले कपतानलाइ[17] समाति निकास्याछन्. दुबरा भन्याका गाउमा आइ रात बस्याछन्.

उसै रातमा डाँक हान्येछ[18]. सुबा रिपुमर्दन् थापालाइ गोलि लागेछ. ज्मादार मंगल रानाले ३ जनालाइ तरबारले षेत राषि आफुलाइ पनि तरवारको र संगिनको २ घा[19] लागिरहेछ.

किल्लामा सिपाहिले मिहिनत् गर्न्यैको थियो. गर्न्या पनि थिया. ५ रोजका १० छाक पानि

---

१. आदित्यवारका दिन = मङ्सीर १४ गते। २. लोत् रह्या = मरे । ३. नाउज्यादा = नामूद (?)। ४. साहेब = अंग्रेज सेनापति । ५. गोरा = अंग्रेज । ६. षेत रहदा = मर्दा । ७. भरिरात् = रातभर। ८. सोमवार २ प्रहर दिनसंम = मङ्सीर १५ गते मध्याह्नसम्म ।

९. लोत = लाश ।१०. षजाना = लडाइँका सरसामान ।११.सोमवारका = मङ्सीर १५ गतेका । १२. निसान् = पल्टनियाँ झण्डाविशेष । १३. उत्तिबेरै = उत्तिखेरै । १४. दब्याछन् = लुकेछन् । १५.मंगलवारका दिन = मङ्सीर १६ गते।१६. हाम्रा बंदुक् उस्का तोपको सोहोरा दोहोरो चल्दै रह्यो = हाम्रो बन्दूक र उसको(अंग्रेजको)तोप दुवैतर्फ चल्यो ।१७. कपतानलाई = कप्तान बलभद्र कुँवरलाई । १८. डाँक हान्येछ = अकस्मात् हमला गरेछ । १९. घा = घाउ ।

नपिउन नपाउदा[१] र तोपगोलाले किल्लाका चिठ भत्काइ जिमिबरोबर गरायाको थियो. उसै स्रेस्ताबाट[२] बंगाला छुर्रा पर्दा लस्कर ठहर्न सकेनन् .

अझ पनि ताहाबाट आयाका मदत्‌लाइ चाडो जाउ भंन्या ताकिति सर्कारबाट रह्या सामेल भै काम गर्न्याछौं. एस् जगाका दारजा राष्याकै छ .

नाहान्‌बाट आयाका जो रह्याका थिया. निसानसँग सामेल हुन गया .

हामि ३ को पनि नागिनि सेराको सिर चमुवाको फेदिमा भेट भयो . जो बिचल्‌कियाको[३] मानिस्‌हरुलाइ सामेल गरि षामिदको[४] सप्रन्या ठहराइ बलले षाम्यासंमको काज गरिन्याछ .

अब प्रांत चाहिन्या बल् षजाना शिक्षा हुकुम् चाडो बक्सि पठायाजाला. मुहुडा बुढाकाजिछेउ पनि सो बिस्तार लेषि शिक्षा सल्हा लिन चिठि मानिस् पठाञौ . पगडि[५] लोत् रह्याका बिन्ति र किल्लाका बिबस्ता[६] लेषि चह्राइ पठायाको छ .

छोलदारि सिपाहि[७] भन्या जंमा भैसकियाको छैनन्. सामेल गरि हाजिरि लि जो ठहऱ्याका जवान् षसोषास् लेषि चह्राइ पठौला ।

विज्ञे (षु) प्रभुषु किमधिकम् .

इति सम्वत् १८७१ साल मिति [८]मागशिरबदि १२ रोज ५ मुकाम चमुवा शुभम्— — —

इत बन्दा रणदिपसिं बस्न्यात् रेवन्त कुवर बलभद्र कुवरकस्य मेदनिमिलि कोटि कुर्णेश बन्दगी साष्टांग सलाम् सलाम् सलाम् — — — — — — — — —

## ६ संख्या

अर्जी[९]— — — — — — — — — — — —

उप्रांत नालापानिमा[१०] २ पटक आईलाग्याको[११] हरीप[१२] काटी जर्णैलस्मेत् ८ साहेब[१३] गोरा[१४] तिलंगा[१५] ढेरै मारि फर्जनसाहेबस्मेत् घायेत्या ढेरै भैगयाको ष्वामिन्दका[१६] प्रतापले लढाई फत्य भैः जीतबाजी भयाको बिस्तार अघि बिंन्ति गरी पठायाको अर्जी दाषिल भै जाहेर भयोहो.

---

१."पिउन नपाउदा" हुनुपर्थ्यो । २.उसै स्रेस्ताबाट = यसरी । ३. बिचल्‌कियाको = छरिएको । ४. षामिदको = मालिकको । ५. पगडि = अधिकारी पुरुषहरू । ६. बिबस्ता = व्यवस्था ।

७. "छोलदारी" शब्दको अर्थ "डेरा" हो भनी "हिंदी–शब्दसागर" को १०६३ पृष्ठमा लेखिएको छ ।

यस कारण "छोलदारि सिपाहि"भनेको "आफूसँगै डेरा गरी बस्ने सिपाही"हुन् कि जस्तो देखिन्छ । ८. मागसिरबदि १२ रोज ५ = मङ्सीर २५ गते बृहस्पतिवार ।

९.अर्जी = बिन्तीपत्र। १०.देहरादूनदेखि२ कोस उत्तरपूर्वमा नालापानी छ। ११.२पटक आईलाग्याको = कार्तिक१० गते र १६।१७ गते आइलागेको ।१२. हरीप = शत्रु ।१३. साहेब = अंग्रेज सेनापति। १४.गोरा = अंग्रेज । १५.तिलंगा = सिपाही । १६. ष्वामिन्दका = मालिकका ।

ताहांपछि आगरादेषि ठुला तोष ३ ल्याई जगाजगाको[1] बल[2] सामिल गरी मंगसीरका १२ दिन जांदा शुक्रबारका दिन बिहान एकमुष नागलको[3] बाटो येक मुष डांडागांउंको बाट येक मुष लषवनको बाटो येक मुष अस्थलको बाटो येक मुष नालापानिको बाटो येक मुष दूनतर्फका डांडाको बाटो गरी चारौंतर्फ समस्त गरि पानि छेकि घेरा दि साना तोप जताततैबाट ल्यायो. ठुला तोप नागलको बाटो गरी ल्याई उत्त(र)पट्टि ··का स्थानमाथिका थुमकामा कांडको दन्यास पुग्न्या जगामा[4] तोरका[5] कोठा राषि माटो पुरि आड[6] बनाई ठुला ३ तोप ल्यायो. अरु तोप जत्रतत्रैबाट ल्यायो. बंबगोला रालगोला रातदिन चारौंतर्फबाट लायो.

उत्तरपूर्वपट्टिको पर्खाल आधा भतगाईसक्यापछि आईतबारका दिन घरि ७ दिन चढ्दा[7] हल्ला दि[8] किल्लाका पर्खालसम्म उक्लन आउंदा सोहरा लाइ पर्खालमा उकल्याका षसालि दोहोरो सलक् लागदाका बीचमा[9] सुबा चन्द्रबीर थापा सुबा नाथू मांझी सुबेदार दलजीत कंवंर षेत रह्या. दिनभर येसै डवलसंग[10] लडाञी हुंदै गयो. ज्मादार हुँदा सिपाहि पनि ढेरै मऱ्या. घायेल भया. तिन घरी दिन बांकि छ[11] भंदा हटी तोपषानामा गै तोप चलाउन लाग्यो. तोपका छर्रा बंबगोला रालगोलाले हांदा किलाभित्रका सिपाहि मारी घाईता गरी ढेरै जषम गऱ्यो.

सोमबारका[12] आधा रातिमा सिपाहि हडबडाइ निसान[13] लि दूनतर्फ[14] कुधाबाहिर[15] सबै निस्की गयाछन्. कपतान[16] र म चामू बस्न्यात गंजसिं थापा ४ जना काचा चावंल् षान लागिरह्याथ्यूं. सबै निस्क्या भन्दा चारै जना गै: हर्तरहसंग हांमिले छेकता र बैरीले सोहरा लाउदा कोहि जान्या गैगया. कोहि निसान लि फिरि[17] किलाभेत्र[18] आया.

मंगलबारका दिन[19] हाम्रो लस्कर[20] सिपाहि ढेरै मऱ्या. किला पनि मैदान भयो. स्वामिन्दका षजाना[21] पनि षराप भयो त हांमिले मरिमेट्न्या हो. हांम्रो साथ दिंछौं भन्या भाईहरुले लेषिदेउ भन्दा येक येक गरि कबुलाउंदा तिमिहरुको साथ दिउंला मरिमेटौंला भनि लेषिदिन्या सब ८५ जबान ठहऱ्याका

---

१. जगाजगाको = ठाउँठाउँको । २. बल = फौज । ३. नालापानीदेखि दक्षिणपश्चिममा नागल छ । ४. कांडको दन्यास पुग्न्या जगामा = बाण जति टाढावाट आउन सक्छ, त्यति टाढा ठाउँमा । ५. तोरका = तोपले भत्काइएका पर्खालका अवशेषका । ६. आड = बडे बडे मूढा र हाँगाबिंगा गाडी दोहरो पङ्क्तिको बीचमा ठूलठूला ढुङ्गा हाली मजबूत पर्खाल बनाई सो पर्खालभित्र फौजलाई बस्न बनाइएको ठाउँ । ७. आईतबारका दिन घरि ७ दिन चढ्दा = मङ्सीर १४ गते बिहान सवा नौ बजेतिर । ८. हल्ला दि = कराई । ९. दोहोरो सलक् लागदाका बीचमा = दुवैतर्फबाट हतियार चलेको वेलामा । १०. डवलसंग = छाँटसँग । ११. तिन घरी दिन बांकि छ = दिनको ३॥ बजेतिर । १२. सोमबारका = मङ्सीर १५ गतेको । १३. निसान = पल्टनियाँ झण्डाविशेष । १४. दूनतर्फ = देहरादूनतिर । १५. कुंधाबाहिर = आडबाहिर । १६. कपतान = कप्तान बलभद्र कुँवर । १७. फिरि = फर्केर । १८. किलाभेत्र = किल्लाभित्र । १९. मंगलबारका दिन = मङ्सीर १६ गते । २०. लस्कर = फौज । २१. षजाना = लडाइँका सरसामान ।

थिया. फेरि हेला गर्न[1] आयो भन्या तरवार हालि मरीमेट्नु भंन्या सलाह ठह्न्याको थियो.

त्यसै रातमा[2] आफ्ना वोडादेखि[3] कसैलाई षबर नदि म्लेछकालानलकम्पनि आधा रातमा आफ्ना नालनिसान[4] लि निसकी हिंड्याछन्. अरु निस्कन्या पनि तिनैहरुको साथ गैगयाछन्.

जो रह्याका ५०।६० जमादार हुदा सिपाहि आई किल्ला मैदान भयो. लडूं भन्या मुंड[5] लुकाउन्या ठाउं पनि रहेन. मानिस मरि चोटाहा[6] भै सकिया. गुहार दिन आयाको म्लेछकालानल गैगयो त तिह्निहेरुले मरी सप्रदैन. हातका नालनिसान लि पाहाड बलियो गर्न्या काम गरियेला भनि कपतानका र मेरा पाषुरामा पक्रि घिचाई बाहिर ल्याया.

बैरिले पनि बन्दूकको सोहरा लायो[7]. हांमिले पनि काढि तरवारसंग[8] बन्दूक हांदै आड मिचि गोल फोरि दूनतर्फको बाटो गरी काजी अमृत थापाले[9] बनायाको षलंगामा[10] निस्की द्वारामा आईयो.

द्वाराको टिपा[11] पनि उसैको गम लागन्या[12] रहेछ र गोपिचन्दको दर्बारका टी(पा)मा बसियो गर्न्या हो भनी ४ पटि आघ टिपा उछिन पठाञ्युं.

बृहस्पतिबारका दिन[13] गोपिचन्दका टीपाको फेदिमा डेरा पन्याको थियो. आधा रातमा बैरि आई डाँक दियो[14]. बन्दूकको सलक लागदा[15] केहि हांम्रा षेत रह्या नजीक आइ सेपींदा[16] तरवार हालन्या हो भनि हांमिले काढि तरवारसंग जाईलागदा मेरा दाहिना पाषुरामा गोलि लाग्यो. मंगल राना जमादार-लाई गालामा तरवारको घा[17] लाग्यो. लस्कर.[18] बिचल्कीयो[19]

---

१. हेला गर्न = भिडिन। २. त्यसै रातमा = मङ्सीर १६गते राति। ३. वोडादेखि = आफ्नो रेखदेखको ठाउँदेखि। ४. नालनिसान = हातहतियार र पल्टनियाँ झण्डाविशेष। ५. मुंड = टाउको। ६. चोटाहा = चोट लागेका (घाइते)। ७. बन्दूकको सोहरा लायो = बन्दूकले गोली छोड्यो। ८. काढि तरवारसंग = नंगा तरवार हातमा लिई। ९. अमृतसिंह थापा, भीमसेन थापाका भाइ हुन्। १०. षलंगामा = किल्लामा। ११. टिपा = अग्लो ठाउँ। १२. गम लागन्या = पहुँच पुग्ने। १३. बृहस्पतिबारका दिन = मङ्सीर १८ गते। १४. डाँक दियो = अकस्मात् हमला गऱ्यो। १५. बन्दूकको सलक लागदा = बन्दूक चल्दा। १६. सेपींदा = देखिंदा। १७. घा = घाउ। १८. बिचल्कीयो = छरियो।

१९. रिपुमर्दन थापाले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा "गोपिचन्दका टीपाका पुछारका षेतमा" अंग्रेजी सैन्यसंग भिडन्त भएको कुरा लेखिएको छ।

माथि प्रकाशित ५ संख्याको पत्रमा 'दुबरागाउँमा" अंग्रेजी फौजसंग लडाइँ परेको कुरा लेखिएको छ। यस पत्रमा चाहिं "गोपिचन्दका टीपाको फेदिमा" अंग्रेजी सैन्यसँग लडाइँ भएको कुरा लेखिएकोछ।

"डूबरी वा डूबरा" गाउँमा अंग्रेजी सैन्यसँग जुधेको कुरा वीर बलभद्रको १२ पृष्ठमा लेखिएको छ।

माथिका यी उद्धरणबाट "गोपिचन्दका टीपाको पुछारको षेत, गोपीचन्दका टीपाको फेदि, दुबरा" एकै ठाउँका भिन्न नाउँ हुन् कि भन्ने अनुमान हुन्छ।

फौज गोपिचन्दका टीपामा पनि थामियेनछ. चमुंवांमा आई लस्कर थामन्या काम भयो.

भोलिबेर काजी रैवंत कंवंर पनि ताहीं सामिल भया.

जाहां बैद्य छैन. जो भयाका घायललाई श्रीनगर पठावन्या हो भंन्या सलाह गरि काजी रणदीपसिं बस्न्यात काजी रैबंत कंवर कपतान बलभद्र कंवंरले बिदा दिंदा सबै घायेल्यासमेत् म श्रीनगरमा आञ्युं.

जाहां काजी बषताबरसिं बस्न्यातले बैद्य लगाइदिनुभयो. जो नीका हुंछन्. लस्कर पठाउदै गर्छौं[1] मेरा पनि घाउ थाक्यापछि[2] लस्करमा सामिल भैः परिआयाको काज गरुंला.

किला नसिद्धियाको होंनाले[3] र हाम्रो बल थोरो[4] हांदा[5] उसले पानि बन्द गरी ठुला तोप उकालन पाई पर्षाल मैदान गर्दा तोपका छर्रा बंबगोला रालगोलाले मानिस ढेरै षराप गर्दा किल्ला छुटन जांदा गर्‍याको मिहीनत नगर्‍या जस्तो पर्न गयो तपनि उद्योग छंदैछ.

ष्वामिन्दका प्रतापले वाहाड थामि हांदा त्यो जगा पनि हात औन्यैछ[6]. निमिष[7] सिरमा राषि सेबकले गर्न्या काम गर्न्यैंछौं. सर अप्सर माफ भयाजाला.

इति सम्बत् १८७१ साल[8]पौषबदि १४ रोज १ मुकाम श्रीनगर शुभम्— — — —

इत सदा सेवक रीपूमर्दन थापाको बन्दगी कोटि कोटि कुर्नेस सलाम सलाम सलाम— — शुभम्

माथि प्रकाश गरिएका ६ पत्रमध्ये पहिलो पत्र कृष्णानन्द खँडूडी र धनवीर थापाले ज. भीमसेन थापा र काजी रणध्वज थापालाई गढवालको मुकाम श्रीनगरबाट वि. सं. १८७१ कार्तिक २२ गते लेखेका हुन् ।

---

१. लस्कर पठाउंदै गर्छौं = फौजमा पठाउँदै गर्छौं । २. घाउ थाक्यापछि = घाउ निको भएपछि । ३. होंनाले = हुनाले । ४. थोरो = थोरै । ५. होंदा = हुँदा । ६. औन्यैछ = आउनेनैछ । ७. निमिष = निमक (नून) ।

८. यस पत्रमा " इति सम्बत् १८७१ साल पौषवदि १४ रोज १ " लेखिएको छ । तर वि. सं. १८७१ को पात्रो हेर्दा पौषवदि १३ को दिन रोज १ परेको देखिन्छ । यही बेहोराको विस्तृत पत्र पूर्णिमाको तेस्रो अङ्कमा छापिएको छ । त्यहाँ चाहिं "पौषवदि १२ रोज १ " लेखिएको छ । हामीले त्यहाँ पौषवदि १२ भए तापनि वारको हिसाबले पौषवदि १३ मानी त्यहीअनुसार गते छापेका थियौं । कहीं १२, कहीं १४ यसरी दुइथरी तिथि दिइएको छ तापनि वारलाई मानेर हामीले यस पत्रको मिति पौषवदि १३ रोज १ निर्णय गरेका छौं । तदनुसार वि. सं. १८७१ पुस २७ गते आदित्यवार यो पत्र लेखिएको देखिन्छ ।

भरखरै जस्तो नेपालको अधीनमा भएको गढवालमा अंग्रेजहरूले नेपालको विरोधमा प्रचार गरेका थिए। गढवाली प्रजालाई यो प्रचारले असर गरेको थियो । यसैको फलस्वरूप केही गढवालीहरू आफ्नो घर छोड्दै जान थालेका थिए । यसरी प्रजाहरूले घर छोडी जाने गरेकाले त्यहाँका शासकलाई चिन्ता पर्नु स्वाभाविक थियो ।

बूढा काजी अमरसिंह थापाले घर छोडी गएका गढवालीहरूलाई घर फर्काई ल्याउन प्रयत्न गरेका थिए। उनले यही कामको लागि वि. सं. १८७१ श्रावणमा आफ बसेको ठाउँ अर्कीबाट कृष्णानन्द खँडूडी र धनवीर थापालाई श्रीनगरमा खटाएका थिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ।

यस पत्रमा तुझारमा कप. भक्ति थापाले लडाइँ जितेको कुरा लेखिएको छ । तुझार भन्ने ठाउँ कहाँ छ भन्ने कुरा हामीलाई अहिलेसम्म थाहा नभएकोले यस विषयमा बढ्ता बोल्नु ठीक ठहरोइन।

दोस्रो पत्र चौ. बम शाहले श्री ५ महाराजाधिराजको हजूरमा कुमाउको मुकाम अलमोडाबाट वि. सं. १८७१ कार्तिक २९ गते लेखेका हुन् ।

नाहानबाट नालापानी आउने मुख्य बाटो अंग्रेजहरूले छेकेकाले नाहानबाट नेपालीहरू नालापानी आउन सकेनन् । यसो भएको हुँदा काजी रणजोर थापाले जोगीको भेष लिएका एउटा मान्छेलाई अर्को बाटोबाट नालापानी पठाए । त्यो मान्छेले नाहानबाट नालापानी आई बलभद्र कुँवरलाई भेट्यो ।

कार्तिक १७ गतेको लडाइँपछि बलभद्र कुँवरले बम शाहसँग हातहतियार मागी पठाए। बम शाहकहाँ पनि पर्याप्त हतियार थिएनन् । यसैले बम शाहले बलभद्र कुँवरलाई पर्याप्त हतियार पठाउन नसके तापनि काजी रेवन्त कुँवरमार्फत केही हातहतियार नालापानीमा पठाइदिए। हातहतियारमा बारुद, गोली, पत्थर, विष, बाण बन्दूक थिए ।

बाणको टुप्पोमा विष लाएर बाणले हान्ने चलन हुनाले यसै गर्न बलभद्रले विष मागेको हुनुपर्छ । बन्दूक पड्काउनको लागि आगो बनाउन पत्थर ( ढुङ्गा ) मागिएको हो ।

श्री ५ पृथ्वीनारायण शाहको राज्यकालमा किरात विजय गर्न खटिएका अभिमानसिंह बस्न्यातसँग लड्न आएका किरातीहरूले विखालु हातहतियार प्रयोग गरेको कुरा पं. वाणीविलास पाँडेले लेखेका छन् । जस्तै —

तत्पश्चाज्जनिरन्वितो गुणगणैः कारुण्यलावण्यभूर्मेधावी ह्यभिमानसिंहसचिवो दाता महाधार्मिकः ।
यो भिल्लान् बहलान् हलाहलबलान् भल्लादिभिर्ध्वंसयन् हालामापिबतः किरातमजयद् देश समस्तं हठात् ॥

( धौकलसिंह बस्न्यातको नारायणहिटी नारायणमन्दिरको वि. सं. १८५० को शिलालेखबाट । यो शिलालेख योगी नरहरिनाथद्वारा "संस्कृत–सन्देश" १ वर्ष ५ अङ्कका ७–१० पृष्ठमा छापिएको छ । यसको अनुवादचाहिं त्यही अङ्कको ११–१३ पृष्ठमा बखतमानसिंह बस्न्यातद्वारा छापिएको छ ।)

[ उहाँ केहरीसिंहका भाइ गुणी, दयालु, राम्रा, मेधावी (एक चोटि देखेसुनेका कुरा कहिल्यै नबिर्सने), दानी, खूब धर्मकर्म गर्ने काजी अभिमानसिंह हुनुभयो । उहाँले विखालु अस्त्रशस्त्रले प्रहार गर्ने, मद खाएर चूर भइरहेका धेरै भिल्ल( किराती )हरूलाई भाला आदि अस्त्रशस्त्रले ध्वस्त पारेर सबै किरात देशलाई बलैले जित्नुभयो । ]

किल्लाबाट बाहिर निस्की लड्दा धेरै फौज चाहिन्छ । किनभने एकथरीले किल्लाको रक्षा गर्ने, अर्को थरीले बाहिर निस्की लड्ने काम गर्नु पर्छ । किल्ला छोडी लड्दा सैनिकहरूको पनि निकै खति हुन्छ । नेपालीहरूले नालापानीमा किल्ला छोडी लडेकाले नेपालतर्फका पनि निकै सैनिक परेका थिए । अबदेखि किल्ला नछोडी लड्नू भनी मैले बलभद्रलाई लेखी पठाएको छु तथा रेवन्त कुँवरलाई पनि भनी पठाएको छु भनी बम शाहले यस पत्रमा लेखेका छन् ।

तेस्रो पत्र नालापानी किल्लाबाट वि. सं. १८७१ मङ्सीर ४ गते बलभद्र कुँवर र उनका सहायकले भीमसेन थापा र रणध्वज थापालाई लेखेका हुन् ।

कार्तिक १७ गतेको नालापानीको लडाइँमा जिलेस्पीको मृत्यु भएपछि लडाइँ थामियो । यसपछि अंग्रेजहरू बाटो बनाउने, नेपालको चेवाचर्चा गर्ने काममा लागे । यो पत्रले त्यही बेलाको कुरा बुझाउँछ ।

नालापानीतिर घटेका विशेष घटनाको विवरण बलभद्रहरूले काठमाडौंमा पठाउने गरेका थिए । यो पत्र लेखिनुभन्दा ४ दिनअगाडि मङ्सीरको सङ्क्रान्तिको दिन बलभद्रहरूले काठमाडौंमा पठाएको पत्र "पूर्णिमा" को तेस्रो अङ्कको ६०–६१ पृष्ठमा छापिइसकेको छ । त्यो पत्र पठाइसकेपछि त्यतातिर घटेका घटनाका विवरण यस पत्रमा परेका छन् ।

कातिक १७ गतेको लडाइँमा जिलेस्पी पर्दा उनका बहिनेजुवाइँ पनि त्यही लडाइँमा परेका रहेछन् । आफ्ना लोग्ने र दाज्यूको मृत्यु भएपछि जिलेस्पीकी बहिनी नालापानी आई ४।५ जना सेनापति साथमा लिई घोडामा सवार भई उनीले नालापानी किल्लामा दूरबीनले हेरेको कुरा यस पत्रमा लेखिएको छ ।

आठ दिनपछि नालापानी किल्लामा हमला गर्ने अंग्रेजहरूको योजना छ भन्ने कुरा यस पत्रमा लेखिएको छ । हुन पनि यो पत्र लेखिएको ८ दिनपछि अंग्रेजी सैन्यले नालापानीको किल्लामा हमला गऱ्यो ।

नालापानीमा बसेका नेपालीहरूको मद्दतको लागि बूढाकाजी अमरसिंह थापाले अर्कीबाट पठाएको फौज नाहान भएर आउँदै थियो । नाहानको रक्षा गरी बसेका रणजोर थापाले "फौज आउँदैछ । किल्ला नछोडी लड्नू" भनी नालापानीमा चिठी लेखे ।

नाहानबाट आएको नेपाली फौजको बाटो छेक्न नाहानभन्दा दक्षिणपट्टिको सहर कालसीमा अंग्रेजहरूले १ पल्टन राखेका थिए । अंग्रेजी सैन्यमाथि हमला गर्न साइत हेराएको कुराको उल्लेख गरी रणजोरले नालापानीमा चिठी लेखे ।

पछि रणजोरले कालसीमा बसेको अंग्रेजी फौजमाथि [illegible] सिपाही लिई हमला गरी अंग्रेजपट्टिका ७। ८ सय सिपाही मारेको कुरा अंग्रेजपट्टिबाट हामीले सुन्या भनी यस पत्रमा लेखिएको छ ।

अंग्रेजहरूलाई हराई पठाएकोले नालापानीमा बसेका बलभद्रहरूको मन त्यस बेला उत्साहपूर्ण थियो । फेरि पनि अंग्रेजहरूलाई हामी हराई पठाउँछौं भन्ने उनीहरूको मनसाय यस पत्रबाट बुझिन्छ ।

चौथो पत्र गढवालको मुकाम श्रीनगरबाट वि. सं. १८७१ मङ्सीर १६ गते धनवीर थापाले श्री ५ महाराजाधिराजको हजूरमा पठाएका हुन् ।

यो पत्र पठाउनुभन्दा झण्डै १ महीनाअगाडि कृष्णानन्द खँड्डीसँग मिली यिनै धनवीर थापाले भीमसेन थापा र रणध्वज थापालाई पत्र पठाएका थिए। (माथि प्रकाशित १ संख्याको पत्र हेर्नुहोस्।)

गढवालका प्रमुख व्यक्तिलाई आफ्नो पक्षमा मिलाउन अंग्रेजहरूले कोशिश गरेका रहेछन्। त्यही कोशिशको फलस्वरूप सकल्याणी थरका र डोभाल थरका बाहुन नेपालसरकारको विरोधी भई अंग्रेजसरकारपट्टि मिल्न गएका रहेछन् । तर खँड्डी थरका बाहुनहरू र उनीहरूका इष्टमित्रहरूचाहिं नेपालसरकारकै पक्षमा रहेछन् भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

अंग्रेजपट्टि गढवाली प्रजा मिल्न नपाऊन् भनी बूढाकाजी अमरसिंह थापाले प्रयत्न गरेका रहेछन् र उनले गढवालका प्रमुख मानिसका नाउँमा "म भएको ठाउँमा तिमीहरू आओ, म तिमीहरूको बन्दोबस्त गरिदिन्छु" भनी पत्र पठाएको कुरा यताबाट बुझिन्छ ।

बलभद्रहरूले मङ्सीर १६ गते किल्ला छोडेको खबर मङ्सीर१६ गतेसम्म श्रीनगर पुगेको देखिंदैन । यताबाट नेपालीहरूको एक ठाउँको खबर अर्को ठाउँमा पुऱ्याउन नसक्ने कमजोरी व्यक्त हुन्छ ।

अर्कीबाट नालापानीमा मद्दतको लागि आएका, तर अंग्रेजले नालापानी किल्लामा घेरा हालेकोले नालापानीमा आउन नपाएका काजी रणदीपसिंह बस्न्यात र अलमोडाबाट मद्दतको लागि आएका काजी रेवन्त कुँवरसँग नालापानीको किल्ला छोडिसकेपछि बाटोमा चमुवा भन्ने ठाउँमा कप्तान बलभद्र कुँवरको भेट भयो । यसपछि वि. सं. १८७१ मङ्सीर २५ गते काजी रणदीपसिंह बस्न्यात, काजी रेवन्त कुँवर तथा कप्तान बलभद्र कुँवरले चमुवाबाट श्री ५ महाराजाधिराजको हजूरमा यो पाँचौं पत्र लेखेका हुन् ।

यस पत्रमा मुख्य गरी नालापानीको लडाइँको बयान गरिएको छ। यो पत्र ३ जना मिली लेखेका हुन् तापनि नालापानीको लडाइँमा नलडेका रणदीपसिंह बस्न्यात र रेवन्त कुँवरको भन्दा नालापानीको लडाइँमा नेपालतर्फका प्रधानसेनापति भई लडेका बलभद्र कुँवरको विचारलाई यस पत्रले बुझाउँछ ।

हार खाएर पछि हटे तापनि बलभद्रले हरेस नखाएको कुरा यस पत्रबाट बुझिन्छ। काठमाडौंबाट मद्दत आए फेरि सैन्यसङ्घट्टन गरी अंग्रेजसँग लड्ने बलभद्रको विचारसंग उनका सहयोगी रेवन्त कुँवर र रणदीपसिंह बस्न्यात पनि सहमत भएको कुरा पनि यस पत्रले देखाउँछ ।

छैटौं पत्रचाहिं सरदार रिपुमर्दन थापाले श्रीनगरबाट वि. सं १८७१ पुस २७ गते श्री ५ महाराजाधिराजको हजूरमा पठाएका हुन्। यही मितिमा भीमसेन थापा र रणध्वज थापाको नाउँमा उनैले लेखेको विस्तृत पत्र 'पूर्णिमा'को तेस्रो अङ्कमा प्रकाश गरिसकिएको छ।यो पत्र त्यही पत्रको संक्षिप्त रूप हुँदा त्यस पत्रमा परेका कुरा यस पत्रमा पनि पर्नु स्वाभाविकै भयो ।

रिपुमर्दन थापाले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्र र यस पत्रमा मुख्य गरी दुइ कुरा फरक छन्। भीमसेन थापाहरूलाई लेखेको पत्रमा अंग्रेजसँग हारिएको देहरादून फेरि जितौंला

भन्ने भाव परेको छैन । तर यस पत्रमा चाहिं "स्वामिन्दका प्रतापले पाहाड थामि हांदा त्यो जगा पनि हात औन्यैछ" भनो लेखिएको छ ।

भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा रिपुमर्दनले आफ्नो जागीर बढेकोमा खुशी प्रकट गरेका छन् । तर यस पत्रमा चाहिं यो कुराको चर्चा छैन ।

यस वेला राजगद्दीमा गीर्वाणयुद्ध बसे तापनि राज्यको सम्पूर्ण अधिकार भीमसेन थापाको हातमा थियो । उनका सहायक भई रणध्वज थापा बसेका थिए । यसो हुँदा भीमसेन थापा र रणध्वज थापालाई आफ्नो अनुकूल पार्न सके आफ्नो काम बन्थ्यो ।

भीमसेन थापा र रणध्वज थापालाई पठाएको पत्रमा एक एक कुराको खुलस्त बयान गरिएको छ । श्री ५ महाराजाधिराजको हजूरमा पठाइएको पत्रचाहिं छोटकरीमा लेखिएको छ । यति कुराबाट पनि त्यस वेलाको नेपाल राज्यमा भीमसेन थापाको कुन स्थिति थियो भन्ने बुझिन्छ ।

रणदीपसिंह बस्न्यात, रेवन्त कुँवर, बलभद्र कुँवरले मङ्सीर २५ गते पठाएको पत्रमा रिपुमर्दन थापासमेतका अरू सैनिकले बलभद्र कुँवरलाई किल्ला छोड्न विवश गरे भनी लेखिएको छ ।

तर रिपुमर्दनले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा र उनैले महाराजाधिराजको हजूरमा पठाएको यस पत्रमा भने बलभद्र र रिपुमर्दनलाई अरू सैनिकले किल्ला छोड्न विवश तुल्याए भनी लेखिएको छ ।

रिपुमर्दनले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा " मलेछकालानलकम्पनी " ले किल्ला छोडी गएको कुरा परेको छ । त्यो पत्र छपाउँदा " मलेछकालानलकम्पनी" को अर्थ हामीलाई ठीकसँग लाग्न सकेको थिएन । यस पत्रमा यही कुरा लेख्दा "म्लेछकालानलकम्पनी" को उल्लेख देखिंदा नेपालीहरूले " म्लेच्छकालानलकम्पनी " नाउंको पल्टन खडा गरेका रहेछन् भन्ने बुझिन्छ । अंग्रेजहरूलाई " म्लेच्छ " भन्ने चलन हुँदा अंग्रेजहरूको लागि कालाग्नि जस्तो भएको कम्पनी भनी " म्लेच्छकालानलकम्पनी " नाम राखेको देखिन्छ ।

यस कारण भीमसेन थापा र रणध्वज थापालाई पठाइएको पत्रमा नबुझिएको कुरा यस पत्रबाट बुझिएको छ भन्दा बढता बोलेको होओइन ।

यसरी यी ६ वटै पत्र नालापानीको लडाईंसम्बन्धी कुरा बुझ्न सहायक छन् भन्ने कुरा स्पष्ट छ ।

—०—

# राजज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा लेखेको सिद्धान्तज्योतिष

—रामजी तेवारी

[ मेरा मातामह पं. भुवननाथ पाँडे ( वि. सं. १९२०-२००० ) ले मेरो जिम्मा लाइदिनुभएका ( मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका) पुस्तक पात्राहरूमा विशेष गरेर दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५-१८८८) के पुस्तक पाता छन् ।

लक्ष्मीपति मेरा मातामहका प्रपितामह हुनुहुन्थ्यो। लक्ष्मीपतिको व्याकरण दर्शन आदि शास्त्रमा विशेष पाण्डित्य देखिंदैन, काव्यशक्ति पनि विशेष देखिंदैन, तर ज्यौतिषशास्त्रमा भने राम्रो विद्वत्ता देखिन्छ[१]। लक्ष्मीपतिले पाइएसम्मका ज्योतिषविषयका पुस्तकहरूको संग्रह गर्ने, तिनमा टीका टिप्पणी लेख्ने, ज्योतिषविषयका नयाँ ग्रन्थ तथा यन्त्र बनाउने काम जीवनभर गर्नु भएको थियो[२]।

मैले ज्योतिष पढाएर जीवननिर्वाह गरेको छु। पञ्चाङ्गसंशोधनको काम पनि ममा आइपरेको छ[३]। लक्ष्मीपतिका पुस्तक पात्रा मेरो अगाडि नभइदिएका भए पञ्चाङ्गसंशोधनको काम चलाउन म सक्तैनथें[४]।

१. कुनै पण्डितले लक्ष्मीपतिको अभिनन्दन गरी + बनाएको पद्यमा पनि लक्ष्मीपतिको ज्यौतिषविषयकै ज्ञानको प्रशंसा गरिएको छ। जस्तै—

शिरोमणिलसद्गलो गणकपुङ्गवानां स्वयं
शिरोमणिरहो सदाऽस्खलितबीज आजानतः।
स केशवकनीलकण्ठमतविच्च लीलावती-
विलासपरबन्मना जयति धीरलक्ष्मीपतिः॥

[ व्यक्तगणितलाई मनमा खेलाइरहने, बीजगणितमा राम्रो हात बसेका, सिद्धान्तशिरोमणि कण्ठस्थ भएका, करणग्रन्थ ( पात्रो बनाउने ग्रन्थ ) र मुहूर्त, जातक, ताजिक ग्रन्थ बुझेका विद्वान् दैवज्ञशिरोमणि लक्ष्मीपति ठूला हुनुहुन्छ। ]

यहाँ लीलावती भनी व्यक्तगणितलाई, बीज भनी बीजगणितलाई, शिरोमणि भनी सिद्धान्तशिरोमणिका गणिताध्याय र गोलाध्यायलाई, केशवमत भनी ग्रहलाघवकार गणेशदैवज्ञका पिता केशवदैवज्ञले बनाएका ग्रहकौतुक आदिलाई, नीलकण्ठमत भनी मुहूर्त्तचिन्तामणिकार रामदैवज्ञका दाजु नीलकण्ठ दैवज्ञले बनाएको ताजिकनीलकण्ठीलाई लिइएको छ।

२. लक्ष्मीपतिका एकजना छोरा लीलानाथ ( वि. सं. १८४३–१८८९ )पनि आफ्ना बाबुले देखाइदिएको बाटोमा हिंड्नुभएको थियो।

३. इतिहास-संशोधनको प्रमाणप्रमेयको पहिलो भागको उपोद्घातको ११–१४ पृष्ठ हेर्नुहोस्।

४. वि. सं. २०२० मा आश्विनमा अधिमास परेकोले कार्तिकमा दसैं गर्ने भन्ने निर्णय पञ्चाङ्गविवेचकसमितिले गऱ्यो। त्यसैअनुसार नेपालका पञ्चाङ्ग छापिए तथा गजेट निस्क्यो। भारत सरकारले आश्विनमै दसैं गर्ने निर्णय गरेको थियो। आश्विनमा अधिमास परेको छैन, कार्तिकमा अधिमास परेको छ, आश्विनमै दसैं गर्नु पर्छ भनी नेपालका केही मानिसले भारत सरकारको गजेट हल्लाई हल्ला मचाए। पञ्चाङ्गविवेचकसमितिले सप्रमाण आफ्नो मतको स्थापना गऱ्यो। भारत सरकारले पछि आफ्नो गजेट फेऱ्यो। श्री ५ को सरकारले आफ्नो गजेट फेर्नु परेन। लक्ष्मीपतिका लेख तथा पुस्तक पात्रा अघिल्तिर नभइदिएका भए पञ्चाङ्गविवेचकसमितिलाई आफ्नो मतमा दृढ रहन गाह्रो पर्ने थियो। ( विचारसत्ता १५ संख्या हेर्नुहोस्। )

+ यस अभिनन्दनको अर्को श्लोकबाट लक्ष्मीपतिकै जीवनकालमा यो लेखिएको देखिन्छ। पछि प्रसङ्ग मिलाई सो अभिनन्दन प्रकाश गरिनेछ।

मेरा मातामहले मेरो जिम्मा लाइदिनुभएको संग्रहमा लक्ष्मीपतिका पुस्तकहरू साबुत छैनन्[१]। लक्ष्मीपतिका पुस्तकलाई क्रम मिलाई प्रकाश गराउँला भन्दा भन्दै धेरै वर्ष बितिसके। लक्ष्मीपतिका पुस्तकलाई प्रकाश नगराई म मरें भने ज्यौतिषशास्त्र, लक्ष्मीपतिको विद्या तथा खुद आफैंलाई पनि मैंले धोका दिएको ठहरिनेछ भन्ने कुरो मेरो मनमा खेलिरहन्छ। यस कारण लक्ष्मीपतिका परम्पराका अप्रकाशित पुस्तकहरूको प्रकाशन जति सक्यो उति चाँडो गराउनु मैले भलो संझेको छु। तर लक्ष्मीपतिका ग्रन्थ ज्यौतिषशास्त्रका विभिन्न विभागसँग सम्बन्ध राख्ने र माथिल्लै तहका पनि भएकाले तिनको गुणदोष परीक्षा गरी तिनलाई प्रकाश गराउनु सजिलो कुरो छैन। हाम्रो देशमा विद्याको परम्परा राम्रोसँग चल्न सकेको छैन। ज्यौतिषशास्त्रको पढाइमा उन्नति गर्न म सफल हुन सकेको छैन[२]। एक्लै भएर यस्तो काम गर्न सकिंदैन। यो स्थिति यस काममा ठूलो बाधा भइरहेछ। तर जे भए तापनि घस्री पस्री पनि यस बाटोमा हिंड्नै परेकोछ।

मेरा माताहले मेरो जिम्मा लाइदिनुभएको सङ्ग्रहमा नेपाली भाषामा लेखिएको ज्यौतिष ग्रन्थका केही पत्र छन्। अब म तिनै पत्रका विषयमा बोल्न थाल्दछु।

यस ग्रन्थका जम्मा १० पत्र पाइएका छन्। यी पत्र १३ अङ्गुल लामा र ५॥ अङ्गुल चौडा छन्। यी पत्रमध्ये १ पत्र दुवैतिर हरिताल लाएको नेपाली पाको कागतको र ९ पत्र देशी कागतका छन्। यी पत्रमा देवनागरी लिपिले लेख लेखिएको छ। ती पत्रमध्ये पत्रसंख्या १ लेखिएका २ पत्र, पत्रसंख्या २ लेखिएका २ पत्र, पत्रसंख्या ६ लेखिएको १ पत्र, पत्रसंख्या ७ लेखिएको १ पत्र, पत्रसंख्या ७५ लेखिएको १पत्र, पत्रसंख्या ७६ लेखिएको १ पत्र, पत्रसंख्या७७ लेखिएको१ पत्र र पत्रसंख्या १०७लेखिएको १ पत्र छन्। पृष्ठैपिच्छे बढीमा १४ पङ्क्ति र घटीमा १० पङ्क्ति छन्। पङ्क्तिपिच्छे बढीमा ७५ अक्षर र घटीमा ४० अक्षर छन्।

यो ग्रन्थ कत्रो थियो, कसले कहिले लेखे भन्ने कुरा यी पत्रबाट थाहा पाउन सकिंदैन। तर पहिलो पत्र, एकशय सातौं पत्र र बीच बीचका पत्र पनि पाइएकाले यो ग्रन्थ ठूलै रहेछ भन्ने अनुमान हुन्छ।

लीलानाथका हस्ताक्षरका अरू अरू ग्रन्थ पाइन्छन्। लीलानाथले आफैंले रचना गरी आफ्नै हस्ताक्षरले लेख्नुभएको ३३६ पत्र भएको वृत्तशतकको टीका मुनिवाक्यार्थदर्पण[३] मेरो जिम्मामा रहेको सङ्ग्रहमा छ[४]। लीलानाथको हस्ताक्षरसंग यी १० पत्रका अक्षर मिलेकाले यो ग्रन्थ लीलानाथकै कलमबाट निस्केको हो भन्ने कुरा देखिन आउँछ। लीलानाथको जन्म वि.सं १८४३ मा भएको र मृत्यु वि. सं. १८८८ मा भएकोले वि.सं. १८९० भन्दा अगाडि लीलानाथको जीवनकालमा यसको रचना भएको देखिन्छ।

---

१. इतिहास-संशोधनको प्रमाणप्रमेयको पहिलो भागको उपोद्घातको १० पृष्ठ हेर्नुहोस्। नेपाल राष्ट्रिय पुस्तकालयमा लक्ष्मीपतिका निकै पुस्तक छन् भन्ने कुरा सो पुस्तकालयको प्रकाशित तथा अप्रकाशित सूचीपत्रबाट थाहा पाइन्छ। ऐ. शि. बाबुराम आचार्यज्यूले लक्ष्मीपतिको परम्पराको एउटा पुस्तक पाई मलाई दिनुभएको छ। उडुदायप्रदीपको लक्ष्मीपतिले बनाएको सज्जनरञ्जनी भन्ने टीका नानी देवीप्रसाद भण्डारीले पाएका रहेछन्।

२. इतिहास-संशोधनको प्रमाणप्रमेयको पहिलो भागको उपोद्घातको ७-१० पृष्ठ हेर्नुहोस्।

३. विक्रमको तेह्रौं शताब्दीका प्रसिद्ध ज्योतिषी भास्कराचार्यका बाबु महेश्वरले बनाएको शय श्लोक भएको मुहूर्तविषयको ग्रन्थ वृत्तशतक हो। वृत्तशतकको टीका मुनिवाक्यार्थदर्पण मूल ग्रन्थभन्दा करीब ५० गुना छ। ४. यो ग्रन्थ वीरपुस्तकालयमा र नेपालराष्ट्रियपुस्तकालयमा पनि छ।

यस ग्रन्थको नाम ग्रन्थकारले के राखेका थिए, सो अहिले हामीलाई थाहा छैन। तर यी पत्रमा परेका कुरा सिद्धान्तज्यौतिषका पाठ्यपुस्तकका हुनाले यसको नाम अहिले सिद्धान्तज्यौतिष भनी राखिएको छ। ग्रन्थकारले राखेको नाम पछि पत्ता लागेमा यो नाम फिर्ता लिई उही नामबाट यो ग्रन्थ प्रकाश गरिनेछ।

पाइएका यी दश पत्रमध्ये एक र दुइ पत्रसंख्या लेखिएका एकथरीका दुइ पत्रमा दिक्साधनको विषय लेखिएको छ। पहिलो पत्रमा दुवैतिर लेख लेखिएको छ, दोस्रो पत्रमा चाहिँ एकातिर मात्र लेख लेखिएको छ। दिक्साधनका जम्मा नौ प्रकार यी दुइ पत्रमा लेखिएका छन्। ती नौ प्रकारमध्ये दुइटा प्रकारलाई अहिले सम्पादन गरी प्रकाश गरिएको छ। दिक्साधनको बाँकी भाग र अरू बाँकी ८ पत्रलाई विस्तार विस्तार प्रकाश गर्दै जाने विचार लिइएको छ।

यसको सम्पादन भाइ रामजी तेवारीले गरेका छन्। यसमा परेका विषयलाई सिद्धान्तज्यौतिषका प्रामाणिक ग्रन्थसँग तुलना गर्ने काम मैले गरेको हुँ। नानी शङ्करमान राजवंशीले यसमा पर्ने चित्रका प्रतिलिपि बनाएका हुन्। नानी दिनेशराज पन्तले पनि यसमा काम गरेका छन्।

—नयराज पन्त ]

## अथ दिक्साधनको विषय[१]

सूर्य जौन्पट्टिका दिशामा उदायो. त्यो पूर्व दिशा। जसपट्टि अस्त भयो, त्यो पश्चिम दिशा। पूर्व दिशा सन्मुख[२] गरी षडा[३] हुनु र दक्षिण हातपट्टिको जो दिशा छ, सो दिशा दक्षिण[४] हो। वाम[५] हातपट्टिको उत्तर दिशा हो। परंतु यो स्थूल[६] हुन्छ। +

### दिक्साधनको दोस्रो विषय[७]

### प्रथम[८] दिक्साधनार्थ[९] जीमि बरोबर गर्न्या[१०] यंत्रको रचना[११]

---

१ अथ दिक्साधनको विषय = अब दिशा छुट्ट्याउने विषय(कुरा) भनिन्छ। २ सन्मुख (संमुख) = सामुन्ने। ३ षडा = खडा। ४ दक्षिण = दार्या। ५ वाम = बायाँ। ६ स्थूल = मोटामोटी।

+ यत्रोदितोऽर्कः किल तत्र पूर्वा
तत्रापरा यत्र गतः प्रतिष्ठाम्.........॥४५॥
(सिद्धान्तशिरोमणि गोलाध्याय भुवनकोश)

[ जहाँ सूर्य उदाउँछन्, त्यो पूर्व हुन्छ। जहाँ सूर्य अस्ताउँछन्, त्यो पश्चिम हुन्छ। ]

यो कुरो केटाकेटीलाई पढाउन बनेका भुवनकोश ( भूगोल ) का पुस्तकमा पनि पाइन्छ। जस्तै-

दिनमा सूर्यलाई हेरी दिशा पत्ता लाउन सक्छौं। सूर्य सधैं पूर्वबाट उदाई पश्चिमतर्फ अस्ताउँछन्। पूर्वपट्टि फर्केर उभिदा दाहिने हात दक्षिणपट्टि र बायाँ हात उत्तर पर्दछ औ पछाडि पश्चिम पर्दछ।

[श्रीनेत्रबहादुर थापाको संक्षिप्त आधुनिक भुगोल (पहिलो भाग) छैटौं संस्करणको १७ पृष्ठबाट]

७ विषय = प्रकार। ८ प्रथम = पहिले। ९ दिक्साधनार्थ = दिशा छुट्ट्याउनानिमित्त। १० जीमि बरोबर गर्न्या = भुइँ सम्म पार्ने। ११ यंत्र ( यन्त्र ) को रचना = यन्त्रको बनावट।

दुइ भुज बरोबर भयाको शिरपट्टि भुज दुईको संयोग[1] भयाको तस्मा चिह्न गरी तेस ठाउबाट एक लंब छोड्नु। ति दुई भुजको मुखपट्टि कर्णपट्टीका नाम भयाको काठ् राष्नु। तस्का मध्यमा[2] चिह्न दिनु[3]। त्यो यंत्रका एक तरफ्को भुजस्थान स्थिर गरी[4] अर्को भुज भ्रमण गर्नु[5] र लंबले कर्णपट्टिका मध्यका चिह्नकन छोडेन भन्या त्यो भूमि सम्म भयो भनि जान्नु। चिह्नमा लागेन भन्या जस्तो गरी त्यो लंब कर्णमध्यमा लागोस् तेस रीतिले भूमि सम्म गर्नु।


[६]यंत्रदर्शनं +

---

१ संयोग = जोर्नी। २ मध्यमा = बीचमा। ३ चिह्न दिनु = चिनो लाउनू। ४ स्थिर गरी = नहल्लने गरी टक अड्याई। ५ भ्रमण गर्नु = घुमाउनू।

६ यंत्रदर्शनं ( यन्त्रदर्शनम् ) = यन्त्र देखाइएको

+




[१ चित्र]

शिभु = पहिलो भुज।
शिज = दोस्रो भुज।
शि = शिर ( दुइ भुजको जोर्नी )।
कण = कर्णपट्टिका।
म = कर्णपट्टिकाको माझको चिनु।
शिल = लम्ब।
ल = लम्बमा झुन्ड्याइएको भुइँ नछुने गह्रुँगो वस्तु।

भु लाई भुइँमा टम्म अड्याई ज लाई वरिपरि घुमाउनू, यसो गर्दा म चिनुमा नै शिल लम्ब परिरह्यो भने भुइँ सम्म भयो।

बरोबर सम्म भयाका जीमिमा सोह्र अंगुल व्यास भयाका कर्काटकले१ अथवा सूत्रले२ एक वृत्त तुल्याउनु≈ । तस्का मध्यमा३ बाह्र अंगुल उचो मूलमा४ दुई अंगुल व्यास भयाको सूची जस्तो अग्र भयाको५

---

यो यन्त्रको कुरा कात्यायनशुल्बसूत्रको गङ्गाधरले बनाएको भाष्यमा छ।
जस्तै—

त्रिकाष्ठनिर्मितसाधिन्या भूसमत्वं कार्यं. तदुक्तं रामचन्द्राचार्यैः।
कीलेनैकीकृते मूले पृथक् सूक्ष्मसमाग्रयोः ।
दण्डयोरग्रनैकद्यो ऽन्यस्तिर्यङ् मध्यचिह्नितः ॥
कीलादिना योजनीयो दण्डः समतया द्वयोः।
मूलप्रोतं लम्बसूत्रमस्पृशद्भारवद्भुवम् ॥
भूस्थे ऽग्रयुग्मे मध्याङ्कात्तिर्यग् दण्डगताद् यतः ।
स्खलेत्तत् पूरयेदन्यन्निम्नयेच्चापि यत्नतः॥
अङ्के यावत् सूत्रमेति भूरित्थं समतां व्रजेत् । इति

[मिहीन, बराबरका फेद भएका दुइटा काठलाई माथितिर कीलाहरूले टम्म मिलाई जोड्नू। बीचमा चिनो लाइएको अर्को काठलाई अघिका दुइ काठका तल्लो भागको नजीकै बराबरसंग मिलाई कीला आदिले जोड्नू। ती दुइ काठका तल्ला भाग जमीनमा टक्क मिल्ने गरी सो यन्त्रलाई समाल्नू। गह्रुँगो पदार्थ झुन्ड्याइएको धागो भुइँमा नछुने गरी माथितिर जोर्नीमा अड्याइदिनू। तेर्सो काठको बीचको चिनुमा सो धागो पर्‍यो भने जमीन सम्म भयो भनी जान्नू। बीचको चिनुमा त्यो धागो न परेसम्म एकातिर जमीनलाई पुर्ने, अर्कोतिर जमीनलाई होच्याउने काम होशियारीसंग गर्दै रहनू।

"त्रिकाष्ठनिर्मितसाधिनी" नामको यन्त्र यो हो । यो यन्त्रको विषयमा लेखिएको कुरो रामचन्द्र आचार्यले बताएको हो।]

१ कर्काटक(ककंटक)=परकाल। २ सूत्र=धागो अथवा डोरी।

≈"सोह्र अंगुल व्यास भयाका कर्काटकले अथवा सूत्रले एक वृत्त तुल्याउनु"।

यहाँ सोह्र अंगुल व्यास भएको कर्कटकले भनेको अर्थ मुखमा सोह्र अंगुल फराकिलो भएको कर्कटकले भन्ने हो। सोह्र अंगुल फराकिलो मुख भएको कर्कटकको एउटा टुप्पो केन्द्रमा टप्प अड्याई अर्को टुप्पो त्यसको वरिपरि घुमाई वृत्त बनाउनू अथवा सोह्र अंगुल लामो डोरीको एक टुप्पो केन्द्रमा टक्क अड्याई अर्को टुप्पो त्यसको वरिपरि घुमाई वृत्त बनाउनू।

यताबाट सोह्र अंगुल त्रिज्या भएको अर्थात् ३२ अंगुल व्यास भएको वृत्त बनाउनू भन्ने अर्थ देखिन्छ। यस्तो वृत्त बनाउनुपरेको कारण लक्ष्मीपतिले वि. सं. १८५४ मा बनाएको "रत्नदीप" नामक ग्रन्थमा खुलाएर दिइएको छ। अलि पछि सो कुरो यहाँ पनि लेखिनेछ।

३. मध्यमा=केन्द्रमा। ४. मूलमा=फेदमा। ५. सूची जस्तो अग्र भयाको=सियो जस्तो टुप्पो भएको।

## शंकु× स्थापन गर्नु १

× शङ्कुको आकार यो हो




श = शङ्कुको टुप्पो ।

ङ्कुभि = शङ्कु अड्याउन भुइँभित्र गाडिने भाग ।

शङ्कु = भुइँभन्दा माथितिर रहेको भाग । यो भाग बाह्र अंगुल लामो छ ।

ङ्कु निरको रेखा शङ्कुको फेदको व्यासरेखा हो ।

भुइँभन्दा माथि देखिने भाग (शङ्कु) १२ भाग लाइएको छ । प्रत्येक भाग एक एक अंगुल ऊचा छ । फेदको भागको व्यास २ अंगुलको छ । यो शङ्कुको फेद वृत्ताकार हुन्छ । सो वृत्तको परिधि ६ अंगुल जतिको हुन्छ । डोलो परेको यो शङ्कु तिखारिदै टुप्पोमा पुग्दा सियो जस्तो बन्छ ।

शङ्कुको विषयमा कात्यायनशुल्बसूत्रको गङ्गाधरभाष्यमा तलको कुरा लेखिएको छ ।

षडङ्गुलपरीणाहं द्वादशाङ्गुलमुच्छ्रितम् ।
जरठं चाव्रणं चैव शङ्कुं कुर्याद्विचक्षणः ॥
मूले द्व्यङ्गुलविपुलः सूच्यग्रो द्वादशाङ्गुलायतिकः

[छिप्पिएको काठको, फेदमा ६ अङ्गुल परिधि भएको, १२ अङ्गुल अग्लो, खत नलागेको शङ्कु जान्ने मानिसले बनाउनू ।

शङ्कुको फेदमा दुइ अङ्गुल व्यास हुन्छ । शङ्कुको टुप्पो सियो जस्तो हुन्छ, शङ्कु बाह्र अङ्गुल अग्लो हुन्छ । ]

असावधानीले यहाँ देखाइएको चित्रमा डोलो भाग देखाइएको छैन तापनि बाह्र अङ्गुल, लामो, फेदमा २ अङ्गुल व्यास भएको, टुप्पोमा सियोको आकार भएको शङ्कु हुन्छ भन्ने यस चित्रबाट स्पष्टसंग बुझिन्छ ।

भुइँभित्र गाडिने भाग ६ अङ्गुलको बनाउनू भनी गङ्गाधरभाष्यमा लेखिएको छ । जति गाड्दा शङ्कु टक्क अड्छ, त्यति नै गाड्नू भन्ने त्यसको मनसाय संझी यहाँ ङ्कुभि भाग अलि छोटो बनाइएको हो ।


१. स्थापन गर्नु = टक्क अड्याएर राख्नू ।

[२ चित्र ]

त्यो शंकुको सूर्यले गर्याको छाया पूर्व कपालमा[१] सूर्य हुदा घट्दै आयाको वृत्तका पालिका[२] जौन् जगामा प्रवेश भयो[३] तस्मा चिह्न दिनु। त्यो पश्चिम दिशा जान्नु। पर कपालमा[४] सूर्य जादा बढ्दै गयाको छाया वृत्तका पालिमा[५] जौन् जगामा निर्गम भयो[६] तस्मा चिह्न दिनु। त्यो पूर्व दिशा जान्नु। ति छाया प्रवेश निर्गम चिह्न २ मा[७] लाग्याको एक सूत्र दिनु[८]। त्यो पूर्वापर सूत्र[९] हो।≡

---

१ पूव कपालमा = पूर्वपट्टिको भागमा (मध्याह्न नहुँदै)। २पालिका = परिधिको। ३ प्रवेश भयो = पस्यो। ४पर कपालमा = पश्चिम भागमा(मध्याह्न भएपछि)। ५पालिमा = परिधिमा। ६निर्गम भयो = निस्क्यो। ७ प्रवेश निर्गम चिह्न २मा = पसेको र निस्केको२चिह्नमा। ८ सूत्र दिनू = रेखा हाल्नू। ९पूर्वापर सूत्र = पूर्व र पश्चिममा जाने रेखा।




( ३ चित्र )

के = वृत्तको केन्द्र।
केश = केन्द्रमा उभ्याइएको बाह्र अङ्गुलको शङ्कु।
श = शङ्कुको टुप्पो।
केप्र = केनि = सो शङ्कुको छाया ( वृत्तको त्रिज्या जत्रा अर्थात् सोह्र अङ्गुल लामा )।
प्र = मध्याह्न नहुँदै परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायाप्रवेशबिन्दु = पश्चिम )।
नि = मध्याह्न भएपछि परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायानिर्गमबिन्दु = पूर्व )।
प्रनि = छाया पसेको र निस्केको ठाउँमा जाने रेखा ( पूर्वापरसूत्र )।


## तेस् पूर्वापर स्थानदेषि१ कर्काटकादिले२ मत्स्य बनाउनु + ।

१. पूर्वापर स्थानदेषि = पूर्व र पश्चिमका बिन्दुलाई केन्द्र मानी पूर्वापर रेखालाई त्रिज्या मानी।
२. कर्काटकादिले (कर्कटकादिले) = कर्कटक (परकाल) ले वा सूत्र (धागो अथवा डोरी) ले।

\+ प्रोक्तां रेखां त्रिज्यके रेखिकायास्तस्याः प्रान्तौ केन्द्रबिन्दू प्रकल्प्य ।
वृत्तद्वन्द्वं साधयेन्मण्डले ते स्यातां तुल्ये गाहमाने मिथश्च ॥
एतद्रीत्या सिद्धयोर्वृत्तयोः स्यादन्तःपाती मत्स्यरूपो विभागः ।
योगद्वन्द्वं पालिजं स्यात् तदीयं तत्रैकः स्यान्मत्स्यशीर्षाभिधानः ॥
अन्यं प्राहुर्मत्स्यपुच्छाह्वयं च सूत्रं कार्यं शीर्षपुच्छावगाहि ।
एतत् सूत्रं प्रोक्तसूत्रेण साकं यस्मिन् बिन्दौ युज्यते तत्र बिन्दौ ॥
प्रोक्ते सूत्रे लम्बरूपत्वमाप्य तुल्ये खण्डे प्रोक्तसूत्रस्य कुर्यात् ।

(रेखागणितको मत्स्योत्पादनप्रकार)

[निर्दिष्ट रेखालाई त्रिज्या मानी सो रेखाको दुइ प्रान्तलाई केन्द्र मानी दुइटा वृत्त बनाउनू। ती दुइटै वृत्त बराबरका हुन्छन् तथा एउटा वृत्तभित्र अर्को वृत्त पसेको हुन्छ। ती दुवै वृत्तको भित्रपट्टि पसेको भाग मत्स्य (माछो) जस्तो हुन्छ। ती दुइ वृत्तका परिधिको दुइ ठाउँमा योग हुन्छ। ती दुइमध्ये एउटालाई मत्स्यको शिर(टाउको)र अर्कोलाई मत्स्यको पुच्छ(पुच्छर) भन्ने चलन छ। मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू। मत्स्यको शिर र पुच्छरमा जाने यो रेखा निर्दिष्ट रेखामा लम्बरूप हुन्छ तथा यो रेखाले निर्दिष्ट रेखाको बराबर दुइ टुक्रा पार्छ।]





[४ चित्र]

## तस्का[1] मुख पुच्छमा लाग्याको[2] सूत्र दिनु[3] त्यो दक्षिणोत्तर सूत्र हो[4] ८ ।

मत्स्य यो रेखालाई बराबर दुइ टुका पार्ने तथा सो रेखाको उपरमा लम्ब पनि हुने रेखा खोज्नुपर्दा म बिन्दुलाई केन्द्र मानी **मत्स्य** रेखालाई त्रिज्या मानी **अशित्स्यपु** वृत्त बनाउनू। फेरि त्स्य बिन्दुलाई केन्द्र मानी **मत्स्य** त्रिज्याले **मशिकपु** वृत्त बनाउनू। यी दुइ वृत्तको **शिपु** यी दुइ ठाउँमा योग हुन्छ। दुवै वृत्तभित्र रहेको **मशित्स्यपु** भाग माछो जस्तो देखिन्छ। यस कारण सो भागलाई **मत्स्य** भन्ने परिभाषा चलेको छ। वृत्तका दुइटा योगमध्ये एउटा योग शि लाई **मत्स्य** को शिर (टाउको) भन्ने र अर्को योग पु लाई **मत्स्य** को पुच्छ (पुच्छर) भन्ने चलन छ। शिर र पुच्छरमा जाने **शिपु** रेखाले मत्स्य रेखालाई यो बिन्दुमा आधा गर्छ तथा मत्स्य रेखामा **शिपु** रेखा लम्ब पनि हुन्छ।

१ तस्का = सो मत्स्यका। २मुख पुच्छमा लाग्याको = शिर र पुच्छरमा जाने। ३ सूत्र दिनु = रेखा हाल्नू। ४ दक्षिणोत्तरसूत्र = दक्षिण र उत्तरमा जाने रेखा।

८




( ५ चित्र )

प = मध्याह्न नहुँदै परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायाप्रवेशबिन्दु = पश्चिम)।
पू = मध्याह्न भएपछि परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायानिर्गमबिन्दु = पूर्व)।
पूप = छाया पसेको र निस्केको ठाउँमा जाने रेखा ( पूर्वापरसूत्र )।

प बिन्दुलाई केन्द्र मानी पूप त्रिज्याले बनाएको वृत्तको परिधिको एक भाग उपूद हो।
पू बिन्दुलाई केन्द्र मानी पूप त्रिज्याले बनाएको वृत्तको परिधिको एक भाग उपद हो।
उपूदप मत्स्य हो, त्यसको मुख (शिर) उ हो तथा पुच्छ (पुच्छर) द हो। मुख पुच्छमा जाने सूत्र (रेखा) उ द हो। उ उत्तर हो, द दक्षिण हो। उ द रेखा दक्षिणोत्तर रेखा हो।

तस्तै मत्स्योत्पादनले गरीकन[१] आग्नेयादि दिशा[२] अथवा षोडश[३] द्वात्रिंशत्[४]

---

यसरी

पू = पूर्व

उ = उत्तर

प = पश्चिम

द = दक्षिण

यी चार दिशा छुट्टिए ।

यो रीति वि. सं. १५७७ मा गणेश दैवज्ञले बनाएको ग्रहलाघवमा दिइएको छ ।


> वृत्ते समभूगते तु केन्द्र-
>
> स्थितशङ्कोः क्रमशो विशत्यपैति।
>
> छायाग्रमिहापरा च पूर्वा
>
> ताभ्यां सिद्धतिमेरुदक् च याम्या ॥ २१ ॥
>
> ( ग्रहलाघवको त्रिप्रश्नाधिकार )

[सम्म भुइँमा वृत्त बनाउनू। त्यस वृत्तको केन्द्रमा शङ्कु खडा गर्नू। त्यस शङ्कुको छाया सो वृत्तमा जहाँबाट पस्छ, त्यहाँ पश्चिम दिशा हुन्छ। जहाँबाट निस्कन्छ, त्यहाँ पूर्व दिशा हुन्छ । पूर्व र पश्चिमबाट बनेको मत्स्यले उत्तर र दक्षिण छुट्ट्याउनू । ]

१. मत्स्योत्पादनले गरीकन = मत्स्य बनाई बनाई । २. आग्नेयादि दिशा = आग्नेय ( पूर्व र दक्षिणको बीच), नैऋत्य ( दक्षिण र पश्चिमको बीच ), वायव्य ( पश्चिम र उत्तरको बीच), ईशान ( उत्तर र पूर्वको बीच ) । ३. षोडश = सोह्र । ४. द्वात्रिंशत् = बत्तीस ।

प्रभृति दिशाको[१] साधन गर्नु[२] + ।

१ षोडश द्वात्रिंशत् प्रभृति दिशा = सोह्र अथवा बत्तीस इत्यादि दिशा। २ साधन गर्नु = छुट्याउनू।




[ ६ चित्र ]

प्र = मध्याह्न नहुँदै परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायाप्रवेशबिन्दु । )
नि = मध्याह्न भएपछि परिधिमा छायाको टुप्पो लागेको ठाउँ ( छायानिर्गम बिन्दु ) ।
प्रनि = छाया पसेको र नस्केको ठाउँमा जाने रेखा।
उद = प्र तथा नि बिन्दुबाट बनेको मत्स्यले साधन गरेको रेखा = दक्षिणोत्तर रेखा।

उ तथा द बिन्दुबाट बनेको मत्स्यले साधन गरेको रेखा पूप हो[१]। यो पूप रेखा पहिले बनाएको वृत्तको केन्द्रमा गएको छ। पूप तथा उद रेखाले पहिले बनेको वृत्तका बरावर चार टुक्रा पारेका छन्। पू तथा द बिन्दुबाट बनेको मत्स्यले साधन गरेको रेखा आवा हो।

यसरी ६ चित्रमा
पू = पूर्व
उ = उत्तर
प = पश्चिम
द = दक्षिण
वा = वायव्य
आ = आग्नेय
स्पष्टसँग देखाइएका छन्।

पू तथा द बाट मत्स्य बनाए भैं पू तथा उ बाट मत्स्य बनाए ईशान र नैऋर्त्य पनि छुट्टिन्छन्।

पूद चाप ९० अंशको छ। पूआ चाप ४५ अंशको छ। पू आ बिन्दुबाट मत्स्य बनाए पूआ चापको पनि आधा २२॥ अंशको चाप पाइन्छ। २२॥ अंशको फरक रहेका परिधिका दुइ बिन्दुबाट मत्स्य बनाए २२॥ को आधा ११। अंशको चाप पाइन्छ।

चार दिशा छुट्ट्याउँदा $\frac{३६०}{४}$ = ९० अंश
आठ दिशा छुट्ट्याउँदा $\frac{३६०}{८}$ = ४५ अंश
सोह दिशा छुट्ट्याउँदा $\frac{३६०}{१६} = \frac{४५}{२}$ = २२ अंश ३० कला
बत्तीस दिशा छुट्ट्याउँदा $\frac{३६०}{३२} = \frac{४५}{४}$ = ११ अंश १५ कला
फरक रहेका बिन्दु पाइन्छन्।

यो रीति सिद्धान्तज्यौतिषको प्रसिद्ध ग्रन्थ सूर्यसिद्धान्तमा दिइएको छ।

शिलातलेऽम्बुसंशुद्धे वज्रलेपेऽपि वा समे।
तत्र शङ्क्वङ्गुलैरिष्टैः समं मण्डलमालिखेत् ॥१॥
तन्मध्ये स्थापयेच्छङ्कुं कल्पनाद्द्वादशाङ्गुलम्।
तच्छायाग्रं स्पृशेद्यत्र वृत्ते पूर्वापरार्द्धयोः ॥२॥
तत्र बिन्दू विधायोभौ वृत्ते पूर्वापराभिधौ।
तन्मध्ये तिमिना रेखा कर्तव्या दक्षिणोत्तरा ॥३॥
याम्योत्तरदिशोर्मध्ये तिमिना पूर्वपश्चिमा।
दिङ्मध्यमत्स्यैः संसाध्या विदिशस्तद्वदेव हि ॥४॥

[सूर्यसिद्धान्तको त्रिप्रश्नाधिकार]

१ यो पूप रेखा निप्र रेखाको समानान्तर छ। यस कारण निप्र लाई पूर्वापर भने पनि पूप लाई पूर्वापर रेखा भने पनि हुन्छ। तर पहिलेको वृत्तको केन्द्रमा गएको पूप रेखालाई नै पूर्वापर रेखा भन्नु राम्रो हो।

[पानीले सम्म पारिएको[१] ढुङ्गामा अथवा वज्र लाई सम्म पारिएको भुईँमा[२] इष्ट अङ्गुल(जुन अङ्गुले शङ्कु नापेको छ,त्यही अङ्गुल नापो भएको )त्रिज्याले राम्रो वृत्त बनाउनू। सो वृत्तको केन्द्रमा बाह्र अङ्गुल ( बाह्र भाग ) भएको शङ्कु खडा गर्नूं। सो शङ्कुको छायाको टुप्पोले वृत्तको परिधिको पूर्वपट्टिको भागमा जहाँ छोयो ( जहाँबाट छाया निस्क्यो ) त्यहाँ पूर्व, छायाको टुप्पोले परिधिको पश्चिमपट्टिको भागमा जहाँ छोयो ( जहाँबाट छाया पस्यो ) त्यहाँ पश्चिम भनी जान्नू। यसरी पूर्व र पश्चिमका यी दुइटा बिन्दु निश्चय गर्नूं। पूर्व पश्चिम बिन्दुबाट मत्स्य बनाई बीचमा दक्षिणोत्तर रेखा हाल्नू। यसरी दक्षिण उत्तरको बिन्दु पत्ता लाईं दक्षिण उत्तरबिन्दुबाट मत्स्य बनाई पूर्वापर रेखा हाल्नू। यसै गरी दिशाका मध्यबिन्दुबाट मत्स्य बनाई विदिशा छुट्ट्याउनू। ]

यस विषयमा भास्करले वि.सं. १२०७ मा सिद्धान्तशिरोमणिमा लक्ष्मीपतिले वि. सं. १८५४मा रत्नदीपमा, सुधाकरले वि. सं. १९५६ मा दिङ्मीमांसामा बोलेका कुरा चाखलाग्दा छन। ती कुरा पछि लेखिनेछन्। वैदिक ग्रन्थ शुल्वसूत्रमा यो दिक्साधनको यो रीति दिइएको छ। सो कुरो उपपत्तिपूर्वक पछि लेखिनेछ।

—०—

१. समतलाग्रजलपूरितभाजने भुवि सम्यक् संस्थापिते सति यत्रापः स्खलन्ति तत्र निम्ना भूरिति संपूरणीया।

[ कात्यायनशुल्बसूत्रको गङ्गाधरको भाष्य]

(सम्म पींध भएको भाँडोमा पानी भरी हाली भुईँमा थ्यक्क राखिदिनू। जतातिर पानी बग्छ, त्यतातिर सलामी परेको हुन्छ। त्यस कारण त्यतातिर पुर्नुपर्छ। यसरी पानीले भुईँ सम्म पार्नूं।)

२. वज्र बनाउने विधि वि.सं. ५६२ का वराहमिहिरले बनाएको बृहत्संहितामा दिइएको छ। सो विधि पछि यहाँ दिइनेछ।

( क्रमागत )

# त्रिकोणमिति ( ज्योत्पत्ति )

—नयराज पन्त

अहिलेसम्म त्रिकोणमिति ( ज्योत्पत्ति ) का २१ वटा प्रक्रममा १६ वटा चित्र हाली १५ वटा प्रश्न-माला दिई ३३वटा पृष्ठ लेखिए। यतिबाद सिद्धान्तशिरोमणिका ६ वटा श्लोकका व्याख्यान भए। ती ६ वटा श्लोकमध्ये २१ वटा श्लोकलाई माथि उद्धरण गरिसकिएको छ, तैपनि भास्करको ग्रन्थसन्दर्भ यथार्थ रूपमा जिज्ञासुहरूको मनमा चढोस् भनी भास्करको ज्योत्पत्ति + जस्ताको तस्तै यहाँ उद्धरण गरी त्यसको अनुवाद तथा व्याख्या पनि दिइन्छ।

इदानीं गोलं विवक्षुरादौ ज्योत्पत्तिकथने कारणमाह–

पटो यथा तन्तुभिरूर्ध्वतिर्यग्
रूपैर्निबद्धोत्र तथैव गोलः।
दोःकोटिजीवाभिरमुं प्रवक्तुं
ज्योत्पत्तिमेव प्रथमं प्रवक्ष्ये ॥१॥

[अब गोल बताउने इच्छा हुँदा पहिले ज्योत्पत्ति बताउनुपरेको कारण भनिन्छ–

ठाडा र तेर्सा धागा ( तान र बान ) ले जसरी कपडा बनेको हुन्छ, त्यसै गरी ज्या र कोटिज्याले गोल बनेको हुन्छ। गोलको कुरा बताउन ज्योत्पत्ति नै पहिले भन्छु ( १ ) ]

इदानीं जीवाक्षेत्रसंस्थानं तावदाह–

इष्टा त्रिज्या सा श्रुतिर्दोर्भुजज्या कोटिज्या तद्वर्गविश्लेषमूलम्।
दोःकोट्यंशानां क्रमज्ये पृथक् ते त्रिज्याशुद्धे कोटिदोरुत्क्रमज्ये ॥२॥
ज्याचापमध्ये खलु बाणरूपा स्यादुत्क्रमज्या त्रिभमौर्विकायाः।
वर्गार्धमूलं शरवेदभागजीवा ततः कोटिगुणोऽपि तावान ॥३॥
त्रिभज्यकार्धं खगुणांशजीवा तत्कोटिजीवा खरसांशकानाम्।
क्रमोत्क्रमज्याकृतियोगमूलाद् दलं तदर्धांशकशिञ्जिनी स्यात ॥४॥
त्रिज्योत्क्रमज्यानिहतेर्दलस्य मूलं तदर्धांशकशिञ्जिनी वा।
तस्याः पुनस्तद्दलभागकानां कोटेश्च कोट्यंशदलस्य चैवम् ॥५॥
एवं त्रिषट्सूर्यजिनादिसंख्या अभीष्टजीवाः सुधिया विधेयाः।
त्रिज्योत्थवृत्ते भगणाङ्किते वा ग्राह्या अभीष्टा विगणय्य जीवाः॥६॥

---

+ भास्करले सिद्धान्तशिरोमणिको गोलाध्यायको बीचमा र अन्त्यमा गरी दुइवटा ज्योत्पत्ति दिएका छन्। तिनमा योचाहिं पहिलो हो। सिद्धान्तशिरोमणिको गणिताध्यायको स्पष्टाधिकारमा पनि ज्योत्पत्ति-का केही कुरा परेका छन्। सिद्धान्तशिरोमणिमा रहेका ज्योत्पत्तिका बाँकी भागलाई पछि प्रसङ्ग मिलाई उद्धरण गरी तिनको अनुवाद तथा व्याख्यान पनि गरिनेछ।

[ अब ज्याक्षेत्रको संस्थान बताइन्छ—

इष्ट (इच्छा लागे जति ) त्रिज्या मान्नू, सो कर्ण हुन्छ / ज्या भुज हुन्छ। ती दुइको वर्गान्तरको मूल कोटिज्या हुन्छ। भुजांश (इष्ट अंश ) र कोट्यंशका ज्या यी हुन् +।

ज्यालाई त्रिज्याबाट घटाउँदा कोट्युत्क्रमज्या आउँछ। कोटिज्यालाई त्रिज्याबाट घटाउँदा उत्क्रमज्या आउंछ (२)। ज्या र चापको बीचमा बाण जस्तो भई उत्क्रमज्या रहेको हुन्छ।

त्रिज्याको वर्गको आधाको मूल ४५ अंशको ज्या हुन्छ। ४५ अंशको कोटिज्या पनि त्यति नै हुन्छ (३)।

त्रिज्याको आधा ३० अंशको ज्या हुन्छ। ३० अंशको कोटिज्याचाहिं ६० अंशको ज्या हुन्छ।

इष्ट अंशको ज्या र उत्क्रमज्याको वर्गयोगको मूलको आधा गर्नू, इष्ट अंशको आधाको ज्या हुन्छ (४)।

अथवा इष्ट अंशको उत्क्रमज्या र त्रिज्याको गुणनफलको आधाको मूल गर्नू, इष्ट अंशको आधाको ज्या हुन्छ।

आधा अंशको ज्याबाट यही रीतले आधा अंशको पनि आधाको ज्या ल्याउनू। कोटिबाट कोट्यंशको आधाको ज्या पनि यसै गरी ल्याउनू (५)।

यसरी ३ वटा, ६ वटा, २४ वटा इत्यादि जति इच्छा लाग्छ, उतिवटा ज्या बुद्धिमान्ले ल्याउनू।

इष्ट त्रिज्याले बनाएको वृत्तको परिधिमा ३६० अंशको चिनु लाई इष्ट अंशको ज्यालाई नापेर ल्याए पनि हुन्छ (६)।]

यहाँ दोस्रो श्लोकको पूर्वार्धमा ज्या कोटिज्या त्रिज्याको संस्थान तथा गणित देखाइएको छ। यो कुरो ३ प्रक्रममा परेकोछ। दोस्रो श्लोकको उत्तरार्ध र तेस्रो श्लोकको पूर्वार्धको केही भागमा उत्क्रमज्या र कोट्युत्क्रमज्याको संस्थान तथा गणित देखाइएको छ। यो कुरो ५ र १५ प्रक्रममा परेको छ। तेस्रो श्लोकको पूर्वार्धको बाँकी भाग र उत्तरार्धमा गरी ४५ अंशका ज्या–कोटिज्या ल्याइएका छन्। यो कुरो १०–१२ प्रक्रममा परेको छ। चारौं श्लोकको पूर्वार्धमा ३० अंश र ६० अंशका ज्या ल्याइएका छन्। यो कुरो १० र १६ प्रक्रममा परेको छ। चारौं श्लोकको उत्तरार्धमा इष्ट अंशको ज्या र उत्क्रमज्या थाहा पाई इष्ट अंशको आधाको ज्या ल्याउने रीति दिइएको छ। यो कुरो १७ प्रक्रममा परेकोछ। पाचौं श्लोकको पूर्वार्धमा इष्ट अंशको उत्क्रमज्या र त्रिज्या थाहा पाई इष्ट अंशको आधाको ज्या ल्याउने रीति दिइएको छ। यो कुरो १८ प्रक्रममा देखाइएको छ। पाँचौं श्लोकको उत्तरार्धमा इष्ट अंशको आधाको पनि आधाको ज्या ल्याउने कुरा बताइएको छ। यसको उदाहरण १४ प्रश्नमालामा देखाइएको छ। छैटौं श्लोकको पूर्वार्धमा ३ वटा (३०, ६०, र ९० अंशका) ज्या, ६ वटा (१५, ३०, ४५, ६०, ७५ र ९० अंशका) ज्या, १२ वटा (७$\frac{१}{२}$, १५, २२$\frac{१}{२}$, ३०, ३७$\frac{१}{२}$, ४५, ५२$\frac{१}{२}$, ६०, ६७$\frac{१}{२}$, ७५, ८२$\frac{१}{२}$,

---

+ प्राचीन ग्रन्थमा ज्यालाई 'भुजज्या, बाहुज्या, दोर्ज्या, भुजक्रमज्या ( भु ), क्रमज्या अर्धज्या, ज्यार्ध, ज्या इत्यादि शब्दले र कोटिज्यालाई कोटिक्रमज्या, कोटिज्या ( को ), शब्दले प्रायः व्यवहार गरिएको छ।

९० अंशका ) ज्या, २४ वटा ( ३¾, ७½, ११¼, १५, १८¾, २२½, २६¼, ३०, ३३¾, ३७½, ४१¼, ४५, ४८¾, ५२½, ५६¼, ६०, ६३¾, ६७½ ७१¼, ७५, ७८¾, ८२½, ८६¼ र ९० अंशका) ज्या ल्याउने रीति बताइएको छ। तिनमध्ये १० र १९ प्रक्रममा ३ वटा ज्या, १९ प्रक्रममा ६ वटा ज्या ल्याइएका छन्। यसको विशेष चर्चा २०–२१ प्रक्रममा गरिएको छ। १२ वटा ज्या ल्याउने रीति १३ र १४ प्रश्नमालामा परेका छन्। २४ वटा ज्या ल्याउने विधि पछि आउँदैछ।

छैटौं श्लोकको उत्तरार्धमा नापी नापी ज्या ल्याउने विधि दिइएको छ। द्विगुणित इष्ट अंशको पूर्णज्याको आधा इष्ट अंशको ज्या हुने हुनाले सो पूर्णज्यालाई नापी ज्या ल्याउनू भन्ने यसको अर्थ हो। यो कुरो १० प्रक्रममा परेको छ। यसको सुन्दर व्याख्या भास्करले आफैं गरेका छन्।

भास्करले आफ्नो ग्रन्थको व्याख्या आफैंले लेखेका छन्। माथि उद्धरण गरिएका उनका श्लोकको उनको व्याख्या यस प्रकारको छ—

'अत्र त्रिज्योत्थवृत्ते भगणाङ्किते वेत्येतदन्त्यवृत्तस्योत्तरार्धमादौ व्याख्यायते। ज्योत्पत्तावभीष्टा त्रिज्या कल्प्यते। समायां भूमौ त्रिज्यामिताङ्गुलेन सूत्रेण वृत्तं विलिख्य दिगङ्कित चक्रांशकैश्चाङ्कितं कृत्वा तत्रैकस्मिन्नेकस्मिन् वृत्तचतुर्थांशे नवतिर्नवतिर्भागा भवन्ति। ततो यावन्ति ज्यार्धानि कार्याणि तावद्भिर्विभागैरेकैकं वृत्तचतुर्थांशं विभज्य तत्र चिह्नानि कार्याणि। तद्यथा यत्र चतुर्विंशतिर्जीवाः साध्यास्तत्र चतुर्विंशतिर्भवन्ति। एवं द्वितीयचतुर्थांशेऽपि। ततो दिक्चिह्नादुभयतश्चिह्नद्वयोपरि गतं सूत्रं ज्यारूपं भवति। एवं चतुर्विंशतिर्ज्या भवन्ति। तासामर्धानि ज्यार्धानि। तत्प्रमाणान्यङ्गुलैर्मित्वा ग्राह्याणि।

अथादितो व्याख्यायते। येष्टा त्रिज्या स कर्णः कल्प्यः। या भुजज्या स भुजस्तयोः कर्णभुजयोर्वर्गान्तरपदं कोटिः। कोटिज्येत्यर्थः। तत्र ये भुजकोटिज्ये ते भुजकोट्यंशानां क्रमज्ये ज्ञातव्ये भुजज्या त्रिज्यातो यावद् विशोध्यते तावत् कोट्यंशानामुत्क्रमज्यावशिष्यते। एवं कोटिज्योना त्रिज्या भुजांशानामुत्क्रमज्या स्यात्।

अथोत्क्रमज्यास्थानं दर्शयति। तत्र पूर्वलिखिते वृत्ते चिह्नयोरुपरि गतं सूत्रं किल ज्या। तदुपरि तयाश्चिह्नयोर्मध्ये यद् वृत्तखण्डं तच्चापं धनुः। चापमध्यस्य ज्यामध्यस्य च यदन्तरं बाणाकारं सोत्क्रमज्येत्युच्यते। त्रिभमौर्विकाया इत्यग्रे सम्बन्धः।

एवं साधारण्येन ज्याक्षेत्रं दर्शयित्वाथ निर्दिष्टांशानां गणितेन ज्यानयनम्। त्रिभमौर्विकाया यद्वर्गार्धस्य मूलं सा पञ्चचत्वारिंशदंशानां ज्या स्यात्। तस्या यावत् कोटिज्या साध्यते तावत् तावत्येव भवति। यतस्तत्र कोट्यंशा अपि पञ्चचत्वारिंशत्।

अत्रोपपत्तिः। त्रिज्या भुजस्त्रिज्या च कोटिस्तद्वर्गयोगपदं वृत्तान्तःसमचतुरस्रस्य भुजः स्यात्। सैव नवतिभागानां ज्या। तदर्धं ग्राह्यम्। अतो वर्गयोगस्य चतुर्थांशः कृतः। तदेव त्रिज्यावर्गार्धमतस्तन्मूलं शरवेदभागज्येत्युपपन्नम्।

अथ त्रिंशद्भागानां ज्या त्रिज्यार्धमिता स्यात् । तस्याः कोटिज्या षष्टिभागानां ज्या स्यात्।

अत्रोपपत्तिः।वृत्तान्तःपातिसमषडस्रस्य भुजो व्यासार्धमितः स्यादिति प्रसिद्धं गणिते ऽपि कथितम्। अतस्त्रिज्यार्धं त्रिंशद्भागज्येत्युपपन्नम्।

अतः प्राग्वदुत्क्रमज्या। षष्टिभागज्ययोना त्रिज्या राशेरुत्क्रमज्या। सा कोटिरूपिणी। क्रमज्या भुजरूपिणी। तदग्रयोर्निबद्धसूत्रं तत् कर्णः। तत् त्रिंशद्भागानां ज्यारूपम्। अतस्तदर्धं पञ्चदशभागानां ज्यार्धमित्युपपन्नम्। एवं सर्वत्र तदर्धांशकशिञ्जिनीनामुपपत्तिर्ज्ञेया।

अथ प्रकारान्तरेण तदार्धांशकशिञ्जिनीमाह । त्रिज्योत्क्रमज्यानिहतेरित्यादि।
अस्योपपत्तिः। तत्राद्याक्षरचिह्नैर्बीजप्रकारेण कथ्यते। तत्रोत्क्रमज्योना त्रिज्या किल कोटिज्या। तस्या वर्गोऽयम् । उव १ उत्रिभा २ त्रिव १★। अनेनोना त्रिज्याकृतिर्दोर्ज्याकृतिः स्यात्। उव १ उत्रिभा २। अयं क्रमज्यावर्ग उत्क्रमज्यावर्गयुतो जातः। उत्रिभा २। अस्य चतुर्थभागः। उत्रिभा $\frac{1}{2}$। अस्य मूलं ग्राह्यम्। अत उक्तं त्रिज्योत्क्रमज्यानिहतेरित्यादि। एवं तस्या अप्यन्या तदर्धांशकशिञ्जिनीति। एवं कोटिज्याया यावदभिमतखण्डानि स्युः।

तद्यथा। यत्र चतुर्विंशतिः खण्डानि तत्र राशेर्ज्याष्टमं खण्डम् ८। तत्कोटिज्या षोडशम् १६। शरवेदभागज्या द्वादशम् १२। अस्मात् खण्डत्रयात् कथितप्रकारेण चतुर्विंशतिः खण्डान्युत्पद्यन्ते। तत्राष्टमात् तदर्धांशकशिञ्जिनी चतुर्थम् ४। तत्कोटिज्या विंशम्२०। एवं चतुर्थाद् द्वितीयम् २। द्वाविंशं च २२। द्वितीयात् प्रथमम् १। त्रयोविंशं च २३। एवं दशमचतुर्दशपञ्चमैकोनविंशसप्तमसप्तदशैकादशत्रयोदशानीत्यष्टमात् १०।१४।५।१९।७।१७।११।१३। अथ द्वादशात् षष्ठाष्टादशतृतीयैकविंशनवमपञ्चदशानि ६।१८।३।२१।९।१५। त्रिज्या चतुर्विंशमिति २४। अतोऽवशिष्टां ज्योत्पत्तिमग्रे वक्ष्यामः।

[ छैटौं श्लोकको उत्तरार्धको व्याख्या पहिले गरिन्छ। ज्योत्पत्तिमा आफूलाई मनलागे जति त्रिज्या मान्ने चलन छ। सम्म मिलेको जग्गामा आफ्नो त्रिज्या जति छ, उति अंगुलको धागोलाई घुमाई वृत्त बनाउनू। त्यस वृत्तमा दिशा छुट्याउनू र ३६० अंशले त्यस वृत्तको परिधिमा चिनु लाउनू। त्यहाँ वृत्तको हरेक चौथाइ (पाद) मा ९०।९० अंश हुन्छन्। अनि जतिवटा ज्या ल्याउनुपरेको छ, प्रत्येक पादको त्यति नै भाग लाई चिनो लाउनू। जस्तै २४ वटा ज्या ल्याउनुपरेको भए पहिलो पादको २४ भाग लाई चिनु लाउनू। यसै गरी अर्को पादमा (चौथो पादमा) पनि २४ भाग लाई चिनु लाउनू। अनि दिक्चिह्न (पूर्वपदादि) बाट दुवैतिरका बराबर भागका दुइवटा चिह्नमा जाने रेखा हाल्नू। सो रेखा पूर्णज्या हुन्छ। यसरी २४ वटा पूर्णज्या आउंछन्। ती पूर्णज्याका आधा ज्या हुन्छन्। तिनलाई अंगुलले नापी तिनको मान ल्याउनू।

---

★"उव १ उत्रिभा २.' त्रिव १" को अर्थ "उत्क्रमज्या$^2$ – २ उत्क्रमज्या. त्रि + त्रि $^2$" हो।

अब माथिदेखि व्याख्या गरिन्छ । जति इष्ट त्रिज्या हुन्छ, त्यसलाई कर्ण मान्नू । जुन ज्या हुन्छ, त्यो भुज भएर रहेको हुन्छ । कर्ण र भुजको वर्गान्तरको मूल कोटि (कोटिज्या) हुन्छ । यहाँ जुन ज्या कोटिज्या आउंछन्, ती भुजांश (इष्ट चाप) र कोट्यंशका ज्या हुन् । ज्यालाई त्रिज्याबाट घटाइदियो भने कोट्यंशको उत्क्रमज्या (कोट्युत्क्रमज्या) आउंछ । कोटिज्यालाई त्रिज्याबाट घटाइदियो भने भुजांशको उत्क्रमज्या हुन्छ ।

अब उत्क्रमज्याको स्थान देखाइन्छ । अघि लेखिएको वृत्तमा दुइवटा चिह्नमा गएको जुन रेखा (पूर्णज्या) छ, सो दुरुस्त ज्या (ताँदो) जस्तो छ । त्यसको माथितिर तीदुइ चिह्नमा जाने परिधिको टुक्रो चाप जो छ, त्यो ठीक धनु जस्तो छ । चापको बीच र पूर्णज्याको बीच बाण जस्तो भएर रहेको टुक्रो उत्क्रमज्या भनिन्छ । +


यसरी साधारण रूपले ज्याक्षेत्रलाई देखाइयो । अब इष्ट अंशको ज्या गणितद्वारा ल्याइन्छ । त्रिज्यावर्गको आधाको मूल ४५ अंशको ज्या हुन्छ । ४५ अंशको कोटिज्या ल्यायो भने पनि त्यति नै हुन्छ । किनभने त्यहाँ कोट्यंश पनि ४५ अंश नै हुन्छन् ।

यसको उपपत्ति—त्रिज्या भुज, त्रिज्या कोटि, तिनको वर्गयोगको मूल जो हुन्छ, सो वृत्तभित्र बनेको वर्गक्षेत्रको भुज हुन्छ । ९० अंशको पूर्णज्या त्यही हुन्छ ( १० चित्र) । त्यस पूर्णज्याको आधा लिनुपरेको छ । यस कारण वर्गयोगलाई ४ ले भाग लिएको हो । त्रिज्याको वर्गको आधा त्यही हुन्छ । यस कारण त्रिज्यावर्गको आधाको मूल ४५ अंशको ज्या हुन्छ भनिएको हो।

अब ३० अंशको ज्या ल्याइन्छ । त्रिज्याको आधा ३० अंशको ज्या हुन्छ । ३० अंशको कोटिज्या ६० अंशको ज्या हुन्छ ।

यसको उपपत्ति—वृत्तान्तर्गतसमषड्भुजको भुज त्रिज्या तुल्य हुन्छ भन्ने कुरा प्रसिद्ध छ ( ९ चित्र )

---



१७ चित्र

+यस १७ चित्रमा पूर्वपदादिबिन्दु पूबाट प्रथम पदमा पू अ ३० अंशको चाप नापी अ चिनु लाइएको छ । यसै गरी पू बिन्दुबाट चतुर्थ पदमा पू क ३० अंश नापी क चिनु लाइएको छ । यस कारण क पू अ चाप ६० अंशको बनेको छ । सो क पू अ चापको पूर्णज्या अ क छ । सो अ क को आधा अ त छ । सो अ त रेखा पू अ ३० अंशको ज्या हो । सो अ त रेखा नापी हेर्दा ट्वाक्क त्रिज्याको आधा हुन्छ । यस कारण ३० अंशको ज्या त्रिज्याको आधा हुन्छ भन्ने देखिन आउँछ । यसै गरी ग च रेखा ६० अंशको ज्या हुन्छ। उ के चाहिं ९० अंशको ज्या हुन्छ । तीनवटा ज्या भनेका अ त, ग च, उ के यी हुन् ।

यस चित्रमा क पू अ चाप धनु, अ क पूर्णज्या ताँदो, त पू उत्क्रमज्या बाण बनेको स्पष्ट देखिन्छ ।

-यो कुरो मैले व्यक्तगणितमा ( लीलावती क्षे. व्य. ४५–४७ श्लोकमा ) पनि भनेको छु । यस कारण त्रिज्याको आधा ३० अंशको ज्या हुन्छ भन्ने सिद्ध हुन्छ ।

यताबाट अघि जस्तै गरी ( कोटिज्या ल्याई त्यसलाई त्रिज्याबाट घटाई ) उत्क्रमज्या ल्याउनू । ६० अंशको ज्यालाई त्रिज्याबाट घटाइदियो भने ३० अंशको उत्क्रमज्या आउंछ । उत्क्रमज्या कोटि भएर रहेको हुन्छ । ज्या भुज भएर रहेको हुन्छ । उत्क्रमज्या र ज्याको टुप्पोमा जाने रेखा कर्ण हुन्छ ( ७+ तथा १५ चित्र ) यहाँ त्यो कर्ण नै ३० अंशको पूर्णज्या हुन्छ । यस कारण त्यसको आधा १५अंशको ज्या हुन्छ भन्ने सिद्ध हुन्छ (१० प्रक्रम) । यसरी सबै ठाउँमा इष्ट अंशको आधाको ज्या ल्याउने रीतिको उपपत्ति बुझ्नुपर्छ ।

अब अर्को रीतिबाट इष्ट अंशको आधाको ज्या ल्याउने रीति बताइन्छ । उत्क्रमज्या र त्रिज्याको गुणनफलको आधाको मूल गर्नू, इष्ट अंशको आधाको ज्या हुन्छ ।

यसको उपपत्ति बीजगणितबाट गरिन्छ ।

$$\text{कोटिज्या} = \text{त्रि} - \text{उत्क्रमज्या}$$

$$\therefore \text{कोटिज्या}^2 = \text{त्रि}^2 - 2\,\text{त्रि}.\,\text{उत्क्रमज्या} + \text{उत्क्रमज्या}^2$$

$$\text{ज्या}^2 = \text{त्रि}^2 - \text{कोटिज्या}^2$$

$$= \text{त्रि}^2 - (\text{त्रि}^2 - 2\text{त्रि}.\,\text{उत्क्रमज्या} + \text{उत्क्रमज्या}^2)$$

$$= 2\text{त्रि}.\,\text{उत्क्रमज्या} - \text{उत्क्रमज्या}^2$$

$$\text{ज्या}^2 + \text{उत्क्रमज्या}^2 = 2\,\text{त्रि}.\,\text{उत्क्रमज्या} - \text{उत्क्रमज्या}^2 + \text{उत्क्रमज्या}^2$$

$$= 2\,\text{त्रि}.\,\text{उत्क्रमज्या}$$

$$\frac{\text{ज्या}^2 + \text{उत्क्रमज्या}^2}{4} = \frac{2\text{त्रि}.\,\text{उत्क्रमज्या}}{4} = \frac{\text{त्रि}.\,\text{उत्क्रमज्या}}{2} \; *$$

$$= \text{इष्ट अंशको पूर्णज्याको आधाको वर्ग ।}$$

---

+ छापाखानाको असावधानीले ७ चित्र तेर्सो छापिन गएको छ । यस कारण अ लाई दाँयातिर पारी हेर्नुपर्छ ।

* यद्वोत्क्रमज्यावियुता त्रिभज्या ( उ १ त्रि १ )
कोटिज्यका तत्कृति–( उ व १ उ. त्रि २ त्रिव १ ) वर्जिता च ।
त्रिज्याकृतिः ( उ व १ उ. त्रि २ ) सा क्रममौर्विकायाः
कृतिर्भवेदुत्क्रममौर्विकायाः ॥

कृतौ युतासा ( उ.त्रि२ ) द्विगुणोत्मक्रज्यात्रिज्याहतिस्तत्पदखण्डसिद्धयै ।
तदङ्घ्रिमूलं परिगृह्य पूर्वप्रकारसिद्धो गदितो द्वितीयः ॥
त्रिज्योत्क्रमज्यानिहतेर्दलस्य मूलस्वरूपानयनप्रकारः ।

( सिद्धान्ततत्त्वविवेक स्पष्टाधिकार ७८ श्लोकको उपपत्ति )

[ अथवा त्रिज्याबाट उत्क्रमज्या घटाइदियो भने कोटिज्या हुन्छ । त्रिज्याको वर्गबाट कोटिज्याको वर्ग

यस कारण इष्ट अंशको उत्क्रमज्या र त्रिज्याको गुणनफलको आधाको मूल इष्ट अंशको आधाको ज्या हुन्छ भनिएको हो।

यसै गरी इष्ट अंशको आधाको पनि आधाको ज्या ल्याउनू। यसरी नै कोटिज्याबाट पनि इष्ट ज्याहरू आउँछन्।

जस्तै—२४ वटा ज्या भए ३० अंशको ज्या आठौं (८) ज्या हुन्छ। ३० अंशको कोटिज्याचाहिं सोह्रौं (१६) ज्या हुन्छ। ४५ अंशको ज्या बाह्रौं (१२) ज्या हुन्छ। यी तीनवटा + ज्याबाट २४ वटा ज्या आउंछन्। आठौं ज्याबाट आधा अंशको ज्या ल्याउंदा चौथो (४) ज्या आउंछ। त्यसको कोटिज्याचाहिं बीसौं (२०) ज्या हुन्छ। यस्तै चौथो ज्याबाट दोस्रो (२) र बाइसौं (२२) ज्या आउंछन्। दोस्रोबाट पहिलो (१) र तेइसौं (२३) ज्या आउंछन्। यसै गरी आठौं ज्याबाट दशौं (१०), चौधौं (१४); पाँचौं (५), उन्नाइसौं (१९); सातौं (७), सत्रौं (१७); एघाह्रौं (११), तेह्रौं (१३); ज्या हुन्छन्। बाह्रौंबाट छैटौं (६), अठाह्रौं (१८); तेस्रो (३) एकाइसौं (२१); नवौं (९), पन्ध्रौं (१५) ज्या हुन्छन्। त्रिज्याचाहिं चौबीसौं (२४) ज्या हुन्छ। बाँकी रहेका ज्योत्पत्ति पछि भन्नेछौं।

[ मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन्। ]

---

घटायो भने ज्याको वर्ग हुन्छ। ज्याको वर्गमा उत्क्रमज्याको वर्ग जोड्यो भने त्रिज्या र उत्क्रमज्याको २गुणित घात आउँछ। त्यसको मूलको आधा ल्याउनाका लागि त्यसको चौथाइको मूल गरिएको हो। यसरी अघिको दोस्रो प्रकारको ' त्रिज्योत्क्रमज्यानिहतेर्दलस्य......( ७८श्लोक ) को उपपत्ति अर्को रीतिबाट हुन्छ। ]

+ यहाँ ३०,४५,९०, अंशका ज्या तीनवटा ज्या भनी लिएइका छन्। यी तीनवटा ज्याबाट अरू ज्या ल्याइएका छन्। यसबाट छैटौं श्लोकमा भनिएका तीनवटा ज्या ३०,४५,९०, अंशका ज्या नै हुन् कि भन्ने देखिन आउँछ। अन्तिम ज्या त्रिज्या लिएर नै २४ वटा ज्या पुऱ्याइएको हुनाले र ब्रह्मगुप्त–हरूले ६ वटा ज्या लिंदा पन्ध्र पन्ध्र अंश फरक पारी १५,३०,४५,६०,७५,९० अंशका ज्या लिएका हुनाले पनि तीस तीस अंश फरक पारी ३०, ६०, ९० अंशका ज्या नै तीनवटा ज्या हुन् भन्ने अर्थ माथि ६ श्लोकमा गरिएको हो।

—卐—

( क्रमागत )

# त्रिकोणमिति (ज्योत्पत्ति )

## पहिलो अध्याय

२२ प्रक्रम—

दुइवटा वृत्तभित्र रहेका समबहुभुजक्षेत्र [ बराबरका (उत्रैउत्रै) उतिउति (उतिवटा नै) भुज भएका क्षेत्र ] का सबै भुजको योगको निष्पत्ति र ती दुइ वृत्तका व्यासको निष्पत्ति बराबर हुन्छ ।




[ १८ चित्र ]

के बिन्दुलाई केन्द्र मानी के अ त्रिज्याले अ इ उ ऋ ......वृत्त बनाऊ । फेरि के बिन्दुलाई नै केन्द्र मानी के आ त्रिज्याले आ ई ऊ ॠ.....वृत्त बनाऊ । केन्द्रमा बनेका आ के ई,ई के ऊ,ऊकेॠ... सबै कोण बराबर हुने गरी केआ, केई, के ऊ,के ॠ,...त्रिज्या हाल।यी त्रिज्याले सानो वृत्तलाई क्रमैले अ, इ, उ, ऋ,... बिन्दुहरूमा काट्छन्। ठूलो वृत्तका आ,ई बिन्दुमा जाने आ ई पूर्णज्या हाल । यसै गरी ई ऊ, ऊ ॠ,...... पूर्णज्या हाल। सानो वृत्तमा पनि अइ, इउ, उऋ,... पूर्णज्या हाल।आ के ई तथा अ के इ दुवै समद्विबाहु त्रिभुज हुन् । यिनको शीर्ष बिन्दुको आ के ई कोण उभयनिष्ठ छ । यस कारण यी दुवै त्रिभुज समानकोणक हुन्छन् । ( रे.ग १।५,१।३२ ) । +

---

+ रेखागणितको १ अध्याय ५ प्रतिज्ञा

त्र्यस्रे बाहू चेद् भवेतां समानौ कोणौ तुल्यौ भूमिलग्नौ भवेताम् ।
आधाराधो वर्द्धनाद् दोर्युगस्य जातौ कोणौ भूम्यधःस्थौ च तुल्यौ ॥

[ समद्विबाहु त्रिभुजमा ( दुइवटा भुज बराबर भएको त्रिभुजमा ) आधारमा रहेका दुवै कोण आफुसमा बराबर हुन्छन् । दुवै भुजलाई आधारभन्दा तलतिर बढाउँदा आधारको तल्लो भागमा बनेका दुइवटा कोण पनि आफुसमा बराबर हुन्छन् । ]

रेखागणित १ अध्याय ३२ प्रतिज्ञा

त्र्यस्रे बाहोः कस्यचिद् वर्धनेन बाह्ये भागे जायमानस्तु कोणः ।

अन्तस्त्र्यस्रं तस्थुषोः कोणयोः स्याद् युत्या तुल्यः स्वाङ्गसक्तास्रवर्जम् ॥
अन्तस्त्र्यस्रं संस्थितायास्त्रिकोण्या योगो ऽस्राभ्यां स्यात् समाभ्यां समानः ।

[ त्रिभुजको कुनै एउटा भुज बढाउनाले त्रिभुजबाहिर उत्पन्न भएको कोण, आफूसँगै रहेको कोण-बाहेकका त्रिभुजभित्र रहेका दुइवटा कोणको योगले बराबर हुन्छ । त्रिभुजमा रहेका तीनवटा कोणको योग दुइ समकोणले बराबर हुन्छ । ]

रेखागणितका प्रतिज्ञालाई सम्झन सजिलो होस् भनी प्रत्येक प्रतिज्ञालाई चाहिने ठाउँमा उल्लेख गर्नु बढिया लाग्यो । अघि गएका अङ्कमा त्यसो गर्न सकिएन । यस कारण अघि गएका प्रतिज्ञालाई अहिले प्रक्रमको उल्लेख गरी यहाँ उद्धरण गर्ने र अरूलाई चाहिने चाहिने ठाउँमा उल्लेख गर्ने निधो गरिएको छ ।

३ प्रक्रममा— रेखागणित १. अ. २६ प्र.

पूर्वत्र्यस्रे संस्थितं कोणयुग्मं किञ्चिद् बाहुश्चेतरस्मिँस्त्रिकोणे ।
कोणद्वन्द्वे नोषुषा बाहुना च केनापि स्याच्चेत् समानं क्रमेण ॥
पूर्वत्र्यस्रे संस्थितं शिष्यमाणं कोणो बाहुद्वन्द्वमन्यत्रिकोणे ।
शेषेण स्यादूषुषा कोणकेन बाहुद्वन्द्वे नापि तुल्यं क्रमेण ॥
त्र्यस्रद्वन्द्वं तच्च निर्दिश्यमानमन्योन्यस्य स्यात् समानं तदानीम् ।

[ पहिलो त्रिभुजका कुनै दुइवटा कोण दोस्रो त्रिभुजका कुनै दुइवटा कोणसंग बराबर छन् तथा पहिलो त्रिभुजको कुनै एउटा भुज दोस्रो त्रिभुजको कुनै एउटा भुजसंग बराबर छ भने पहिलो त्रिभुजको बाँकी रहेको कोण दोस्रो त्रिभुजको बाँकी रहेको कोणसंग बराबर हुन्छ । पहिलो त्रिभुजका बांकी रहेका दुइवटा भुज दोस्रो त्रिभुजका बाँकी रहेका दुइवटा भुजसंग बराबर हुन्छन्. तथा ती दुइ त्रिभुज पनि आफुसमा बराबर हुन्छन् । ]

३ प्रक्रममा— रेखागणित १ अ. ४७ प्र.

दोष्णो वर्गः कोटिवर्गेण युक्तो जात्यत्र्यस्रे कर्णकृत्या समः स्यात् ।

[ जात्यत्रिभुजमा भुज र कोटिको वर्गयोग कर्णको वर्गले बराबर हुन्छ । ]

८ प्रक्रममा— रेखागणित १ अ. १ प्र.

प्रोक्तां रेखां त्रिज्यके रेखिकायास्तस्याः प्रान्तौ केन्द्रबिन्दू प्रकल्प्य ।
वृत्ते कृत्वा वृत्तसम्पातबिन्द्वोरूर्ध्वं बिन्दुं कल्पयेदिष्टबिन्दुम् ॥
केन्द्रद्वन्द्वादिष्टबिन्दुं च यावत् त्रिज्याकारं सूत्रयुग्मं विदध्यात् ।
एवं तुल्यैर्दोर्भिरुत्पद्यमानं त्र्यस्रं सिद्ध्येत् प्रोक्तरेखोपरिस्थम् ॥

[ निर्दिष्ट रेखालाई त्रिज्या मानी सो रेखाका दुइ प्रान्तलाई केन्द्र मानेर दुइवटा वृत्त बनाउनु । ती दुइ वृत्तका परिधिको दुइ ठाउँमा योग हुन्छ । ती दुइ योगबिन्दुमध्ये माथिल्लोचाहिँलाई इष्ट बिन्दु भनी कल्पना गर्नु ।निर्दिष्ट रेखाका दुइ प्रान्तबाट इष्ट बिन्दुसम्म जाने दुइवटा रेखा हाल्नू। ती दुवै रेखा

यस कारण $\frac{अ इ}{आ ई} = \frac{के अ}{के आ}$ ( रे. ग.६।४) +

ती दुइ वृत्तका त्रिज्या हुन्छन् । यसो गर्दा निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज ( तीनवटै भुज बराबर भएको त्रिभुज ) बन्दछ ।

८ प्रक्रममा- रेखागणित १ अ. ५ प्र. को अनुमान

त्र्यस्रक्षेत्रे बाहवश्चेत् समाः स्युः कोणाश्च स्युस्तुल्यतामाददानाः ।

[समभुज त्रिभुजमा ( तीनवटै भुज बराबर भएको त्रिभुजमा ) तीनवटै कोण बराबर हुन्छन् । ]

८ प्रक्रममा-रेखागणित ४ अ. १५ प्र. को अनुमान

वृत्ते परीणाहषडंशजाता पूर्णज्यका व्यासदलेन तुल्या ।

[ वृत्तको परिधिको ६ खण्डको एक खण्डको (६० अंशको) पूर्णज्या त्रिज्याले बराबर हुन्छ । ]

१० प्रक्रममा- रेखागणित १ अ. ४ प्र.

आद्यत्र्यस्रे संस्थितं बाहुयुग्मं तन्मध्यस्थः कोणकश्च क्रमेण ।
अन्यत्र्यस्रस्थेन बाहुद्वयेन कोणेनैतद्दोर्द्वयीमध्यगेन ॥
तुल्यं चेत् स्यात् त्र्यस्रयुग्मस्य तस्य भूमिर्भूम्या भूमिलग्नौ च कोणौ ।
भूमिस्थाभ्यां कोणकाभ्यां क्रमेण तुल्यौ स्यातां ते त्रिकोणे च तुल्ये ॥

[ पहिलो त्रिभुजका दुइवटा भुज र ती भुजको बीचमा रहेको कोण, दोस्रो त्रिभुजका दुइवटा भुज र ती भुजको बीचमा रहेको कोणसंग क्रमैले बराबर छन् भने ती दुइ त्रिभुजका आधार आफुसमा बराबर हुन्छन् । पहिलो त्रिभुजको आधारमा लागेका दुइवटा कोण दोस्रो त्रिभुजको आधारमा लागेका दुइवटा कोणसंग क्रमैले बराबर हुन्छन् तथा ती दुइ त्रिभुज पनि आफुसमा बराबर हुन्छन् ।]

१२ प्रक्रममा- रेखागणित १ अ. ३४ प्र.

युग्मं युग्मं बाहुजं सम्मुखीनं वेदास्रे चेत् स्यात् समानान्तरस्थम् ।
बाहुद्वन्द्वे सम्मुखीने समाने स्यातां क्षेत्रं तच्छ्रुती अर्धयेताम् ॥
कोणद्वन्द्वे एककर्णाभिषक्ते स्यातां तुल्ये सम्मुखीने च तत्र ।

[ जुन चतुर्भुजमा सामुन्ने सामुन्ने रहेका दुइ दुइ भुज समानान्तर हुन्छन् त्यसमा ( समानान्तर चतुर्भुजमा)सामुन्ने सामुन्ने रहेका दुइ दुइ भुज बराबर हुन्छन्। समानान्तर चतुर्भुजका कर्णले समानान्तर चतुर्भुजलाई बराबर दुइ टुक्रा पार्छन् तथा एउटै कर्णमा लागेका सामुन्ने सामुन्नेका कोण बराबर हुन्छन् । ]

+ रेखागणित ६ अध्याय ४ प्रतिज्ञा

आद्ये त्र्यस्रे वर्तमाना त्रिकोणी त्र्यस्रेऽन्यस्मिन् संवसन्त्या त्रिकोण्या ।
तुल्या स्याच्चेत् त्र्यस्रयुग्मस्य तस्य तुल्यं तुल्यं कोणमुत्पादयित्रोः ॥
बाह्वोर्बाह्वोरेकरूपो गुणःस्यात् तस्माद् दोष्णामत्र सिद्धोऽनुपातः।

[पहिलो त्रिभुजका तीनवटै कोण दोस्रो त्रिभुजका तीनवटै कोणसंग क्रमैले बराबर छन् भने

अ इ चापको पूर्णज्या अइ रेखा छ। आ ई चापको पूर्णज्या आ ई रेखा छ।

यस कारण $\frac{\text{सानो वृत्तको पूर्णज्या}}{\text{ठूलो वृत्तको पूर्णज्या}} = \frac{\text{सानो वृत्तको त्रिज्या}}{\text{ठूलो वृत्तको त्रिज्या}}$

यसै गरी ई के ऊ, इ के उ त्रिभुजका पनि

$$\frac{\text{सानो वृत्तको पूर्णज्या}}{\text{ठूलो वृत्तको पूर्णज्या}} = \frac{\text{सानो वृत्तको त्रिज्या}}{\text{ठूलो वृत्तको त्रिज्या}}$$

आ के ई कोण र ई के ऊ कोण बराबर गरी बनाइएका हुनाले आ ई पूर्णज्या=ई ऊ पूर्णज्या, अ इ पूर्णज्या=इ उ पूर्णज्या हुन्छन्।

(रे. ग. ३।२५, ३।२८)●

यदि वृत्तको परिधिको बराबर भाग लाई पूर्णज्या हाली १८ चित्र जस्तै क्षेत्र बनायो भने जुनसुकै पूर्णज्याबाट पनि माथिको रूप सिद्ध गर्न सकिन्छ।

आ के ई कोण २७ अंश जतिको छ। यस कारण आ के ई जस्ता कोण वृत्तको केन्द्रमा १३ वटा बन्दछन्॥। बराबर भएका पूर्णज्या १३ वटा बन्ने हुनाले ठूलो सानो दुवै वृत्तभित्र समत्रयोदशभुज क्षेत्र (बराबर १३ वटा भुज भएको क्षेत्र) बन्दछ।

१३ वटा समद्विबाहु त्रिभुजका आधार भएका १३ वटै पूर्णज्या बराबर छन्। ती १३ त्रिभुजका आधारको योगबाट समत्रयोदशभुज क्षेत्रको भुजको योग बनेको छ।

$$\frac{\text{सानो वृत्तको पूर्णज्या}}{\text{ठूलो वृत्तको पूर्णज्या}} = \frac{\text{सानो वृत्तको त्रिज्या}}{\text{ठूलो वृत्तको त्रिज्या}}$$

यस समीकरणको बायाँ पक्षका हर तथा अंश दुवैलाई १३ ले, दायाँ पक्षका हर तथा अंश दुवै-

---

बराबरका कोणलाई बनाउने दुइवटा दुइवटा भुजको निष्पत्ति एउटै हुन्छ। यस कारण यी दुइ त्रिभुज-भुजहरूमा अनुपात लाग्छ।]

● रेखागणित ३ अध्याय २५ प्रतिज्ञा

केन्द्रोत्पन्नाः केन्द्रजैर्वा वृतिस्थाः पालीभाग्भिः कोणकाः कोणकैश्च।

सम्पद्येरँस्तुल्यवृत्तेषु तुल्याश्चापाः स्युस्तत्कोणभाजः समानाः॥

[बराबरका वृत्तमा एउटा वृत्तको केन्द्रमा उत्पन्न भएको कोण अर्को वृत्तको केन्द्रमा उत्पन्न भएको कोणसंग बराबर छ भने अथवा एउटाको परिधिमा उत्पन्न भएको कोण अर्कोको परिधिमा उत्पन्न भएको कोणसंग बराबर छ भने ती वृत्तका ती कोणलाई उत्पन्न गराउने चाप आफुसमा बराबर हुन्छन्।]

रेखागणित ३ अध्याय २८ प्रतिज्ञा

सम्पद्येरन् कामुकाणां समानां तुल्याः पूर्णज्याः सदृङ्मण्डलेषु।

[बराबर वृत्तमा बराबर चापका पूर्णज्या बराबर हुन्छन्।]

॥ $\frac{३६०}{१३}$ अं = २७$\frac{९}{१३}$ अंशको आ के ई कोण भए माथिको कुरो ट्वाक्क मिल्छ।

लाई २ ले गुन्दा—

$$\frac{\text{१३ सानो वृत्तको पूर्णज्या}}{\text{१३ ठूलो वृत्तको पूर्णज्या}} = \frac{\text{२ सानो वृत्तको त्रिज्या}}{\text{२ ठूलो वृत्तको त्रिज्या}}$$

$$\text{वा,}\quad \frac{\text{सानो वृत्तभित्र बनेको समत्रयोदशभुज क्षेत्रका सबै भुजको योग}}{\text{ठूलो वृत्तभित्र बनेको समत्रयोदशभुज क्षेत्रका सबै भुजको योग}}$$

$$= \frac{\text{सानो वृत्तको व्यास}}{\text{ठूलो वृत्तको व्यास}} \quad \text{हुन्छ ।}$$

यताबाट दुइवटा वृत्तभित्र बनेका समबहुभुजका भुजयोगको निष्पत्ति र ती दुइ वृत्तका व्यासको निष्पत्ति बराबर हुन्छ भन्ने सिद्ध हुन्छ ।


क्षेत्रद्वय्या वृत्तयुग्मे वसन्त्यास्तुल्यान् बाहूँस्तुल्यसंख्यान दधत्या ः।

यः सम्बन्धो व्यासयोः स्यात् स एव सम्बन्धः स्यात् सर्वबाहूत्थयुत्योः ॥२४॥

[ दुइवटा वृत्तभित्र रहेका समबहुभुज क्षेत्र [ बराबरका ( उत्रैउत्रै ) उति उति ( उतिवटा नै) भुज भएका क्षेत्रका सबै भुजका योगको जुन निष्पत्ति हुन्छ, ती वृत्तका व्यासको पनि त्यही निष्पत्ति हुन्छ ।]

२३ प्रकम—

ज्याभन्दा पूर्णज्या ठूलो, पूर्णज्याभन्दा चाप ठूलो हुन्छ ।




[ १९ चित्र ]

१९ चित्रमा अ क चापको अ क सरलरेखा पूर्णज्या, क ग रेखा ज्या बनेको छ । अ क ग जात्यत्रिभुज भएकोले क ग भुजभन्दा अ क कर्ण ठूलो हुन्छ । यस कारण ज्याभन्दा पूर्णज्या ठूलो हुन्छ भन्ने कुरो स्पष्ट छ । अ, क बिन्दुमा जाने अ क पूर्णज्या र अ क चापमा पूर्णज्या सरलरेखा र चाप वक्ररेखा बनेको छ । यस कारण पूर्णज्याभन्दा चाप ठूलो हुन्छ भन्ने कुरो पनि स्पष्ट छ ।

यतिबाट ज्याभन्दा पूर्णज्या ठूलो, पूर्णज्याभन्दा चाप ठूलो हुन्छ भन्ने कुरो सिद्ध हुन आउँछ ।

जीवायाः स्याज्ज्यायसी पूर्णजीवा

पूर्णज्यायाश्चापमानं महीयः ।

ज्यापूर्णज्याकार्मुकाण्यङ्गुलाद्यैः


सम्यङ् मित्वा सूत्रमेतत परीक्ष्यम् ॥२५॥

[ ज्याभन्दा पूर्णज्या ठूलो, पूर्णज्याभन्दा चाप ठूलो हुन्छ । ज्या पूर्णज्या चापलाई अंगुलादि कुनै एउटै नापोले नापेर यो कुरो परीक्षा गर्न सकिन्छ । ]

२४ प्रक्रम—

जति जति चाप सानो हुन्छ, उति उति ज्या र चापको अन्तर पनि सानो हुँदै जान्छ र चाप ज्यादै सानो भएमा ज्या र चापको अन्तर थाहा नपाइने हुन्छ ।

७ अंगुल( =७×८ जौ =५६ जौ )★ व्यास भएको वृत्तको एक पाद(चौथाइ)यो पू कं उ क्षेत्र हो । सो वृत्तको पूरा परिधि २२ अंगुल =२२ × ८जौ = १७६ जौको हुन्छ। यस कारण यहाँ रहेको पू देखि उ सम्मको परिधिको चौथाइ भाग ४४ जौको छ। यो कुरो नापेर हेर्न सकिन्छ ।




[ २० चित्र ]

परिधिको १ अंश चापमा $\frac{१७६}{३६०} = \frac{२२}{४५}$ जौ हुन्छ ।

∴ पू उ ९०° चापमा $\frac{२२}{४५} \times ९० = ४४$ जौ हुन्छ ।

पू च ७५° चापमा $\frac{२२}{४५} \times ७५ = \frac{११०}{३} = ३६.६६७$ जौ

पू घ ६०° चापमा $\frac{२२}{४५} \times ६० = \frac{८८}{३} = २९.३३३$ जौ

पू ग ४५° चापमा $\frac{२२}{४५} \times ४५ = २२$ जौ

पू क ३०° चापमा $\frac{२२}{४५} \times ३० = \frac{४४}{३} = १४.६६७$ जौ

पू अ १५° चापमा $\frac{२२}{४५} \times १५ = \frac{२२}{३} = ७.३३३$ जौ

---

★ यवोदरैरङ्गुलमष्टसंख्यैर्हस्तोऽङ्गुलैः षड्गुणितैश्चतुर्भिः ।
हस्तैश्चतुर्भिर्भवतीह दण्डः क्रोशः सहस्रद्वितयेन तेषाम् ॥

(लीलावती परिभाषा ५ श्लोक)

[ पेट मिलाएका ८ जौ = १ अंगुल । २४ अंगुल = १ हात । ४ हात = १ दण्ड । २००० दण्ड = १ कोस । ]


यस वृत्तको त्रिज्या $\frac{७}{२}$ अंगुल = $\frac{७}{२}$×८ जौ = २८ जौ हुन्छ। त्रिज्या २८ जौ भएकोले पू उ ९० अंश चापको उ के ज्या २८ जौ हुन्छ। यस कारण पू उ चाप–उ के ज्या = ४४–२८ = १६ हुन्छ।

यस कारण ९० अंशमा ज्या र चापको अन्तर १६ जौ हुन्छ। त्यस्तै पू च ७५ अंश चापको च न ज्या २७·०४६ हुन्छ। यहाँ ज्या र चापको अन्तर ९·६२१ हुन्छ। यसरी १५।१५ अंश फरक पारी ९० अंशसम्मका ज्या चाप र तिनका अन्तर तलको सारणीमा दिइएका छन्।

५ सारणी

| चापको अंश | १ (जौ) त्रिज्या भएमा ज्या * | २८ जौ त्रिज्या भएमा ज्या | २८जौ त्रिज्या भएमा चापको जौमा मान | जौमा ज्याचापको अन्तर |
|---|---|---|---|---|
| ९०° | १ | २८ | ४४ | १६ |
| ७५° | ·९६५९३ | २७·०४६ | ३६·६६७ | ९·६२१ |
| ६०° | ·८६६०३ | २४.२४९ | २९·३३३ | ५·०८४ |
| ४५° | ·७०७११ | १९·७९९ | २२ | २·२०१ |
| ३०° | ·५ | १४ | १४·६६७ | ·६६७ |
| १५° | ·२५८८२ | ७·२४७ | ७·३३३ | .०८६ |

यो ५ सारणी हेर्नाले चाप जति जति घट्दै जान्छ, ज्या र चापको अन्तर पनि उतिउति घट्दै




[ २१ चित्र ]

जौ अंगुलको नापोको 'प्रमाणशलाका' यो हो। यो ६ अंगुलको छ। यसमा पहिलो दोस्रो २ अंगुललाई १०।१० भागमा अर्थात् .१ अंगुलमा, तेस्रो चौथो २ अंगुललाई ८।८ भागमा अर्थात् १।१ जौमा, पाँचौं छैटौं २ अंगुललाई ६।६ भागमा अर्थात् $\frac{१}{६}$ अंगुलमा बाँडिएको छ।

अहिलेभन्दा २२ वर्षजति अगाडि पं. श्रीनाथपाँडे शास्त्रीले यो प्रमाणशलाका बनाउनुभएको थियो। त्यसमा अलिकता संशोधन गरी नानी मङ्गलदास प्रधानाङ्गले अहिले यो बनाएका हुन्।

* ३ सारणीबाट।

जाँदो रहेछ भन्ने स्पष्ट देखिन आउंछ ।

पू अ चाप १५ अंशको छ । यहाँ ज्या र चापको अन्तर ·०८६ छ । सो अन्तर क्षेत्रमा पनि स्पष्ट देखिन्छ । चाप यसभन्दा पनि घट्दै गएमा सो अन्तर घट्दै जाने कुरो माथिको सारणीबाट स्पष्ट छ ।

नाङ्ला वा साइकलका पाङ्ग्राहरूका घेरा बाटुला देखिन्छन् । तर ती घेराका बराबर १०० टुक्रा पार्दा बनेको १ टुक्रो सोझो जस्तो देखिन्छ । यस कुरालाई परीक्षा गरी अनुभव गर्न सकिन्छ । यस कारण भास्करले "समो यतः स्यात् परिधेः शतांशः" – गोलाध्याय भुवनकोश १३ श्लोक [ परिधिको शय भागको एक भाग सोझो हुन्छ । ] भनी बोलेका हुन् ।

परिधिको शय भागभन्दा अलिकति कम अर्थात् ९६ भाग गरे तापनि सो भाग सोझो जस्तो देखिन्छ भनी प्राचीन आचार्यहरूले अनुभव गरी सोही कुरो आफ्नो ग्रन्थमा लेखेका छन्–"वृत्तस्य षण्णवत्यंशो दण्डवत् परिदृश्यते ।" [ परिधिको ९६ भागको १ भाग लट्ठी जस्तो सोझो देखिन्छ । ] शाकल्यको यो उक्ति प्रसिद्ध छ ।

यताबाट $\frac{३६०}{९६}$ अं $= \frac{१५}{४}$ अं $= \frac{१५}{४} \times ६०$ कला $=$ २२५ कला सोझो जस्तो देखिन्छ भन्ने कुरा देखिन आउंछ । अर्थात् २२५ कलासम्मको ज्या र चापमा फरक देखिन सकिंदैन भन्ने देखिन आउंछ ।

चापभन्दा पूर्णज्या सानो, पूर्णज्याभन्दा ज्या सानो हुन्छ भनी २३ प्रक्रममा सिद्ध गरिएको हो । यहाँ २२५ कलासम्म ज्या र चापमा अन्तर भेट्टाउन गाह्रो पर्ने देखिन आयो । यस कारण ज्या र चापको बीचमा परेको पूर्णज्यासंग ज्या र चापको अन्तर भेट्टाउन झन् गाह्रो पर्ने भयो । यस कारण २२५ कलासम्म ज्या, पूर्णज्या र चापको अन्तर थाहा पाइंदैन भन्ने कुरो स्पष्ट हुन्छ ।

यथा यथा ह्रासमुपैति चापस्तथा तथा ज्याधनुषोर्विभेदः ।

प्रतीयते राशिगजांशतोऽल्पे चापे न लक्ष्यो गुणचापभेदः ॥२६॥

[ जति जति चाप घट्दै जान्छ, उति उति ज्या र चापको अन्तर पनि घट्दै जान्छ । एक राशिको आठ भागको एक भाग ( २२५ कला )भन्दा सानो चाप भएमा ज्या र चापको भेद थाहा पाउन सकिंदैन । ]

( क्रमशः )

# हाम्रो वक्तव्य

यस चारौं अङ्कद्वारा 'पूर्णिमा' ले पहिलो वर्ष निर्विघ्नपूर्वक पार गरेको छ भनी लेख्न पाउँदा हामीलाई खुशी लागेको छ। यस वर्ष 'पूर्णिमा' मा जम्मा ४०वटा विविध ऐतिहासिक लेख छापिए÷। प्रत्येक लेखमा नयाँ नयाँ विषयमा केहीनकेही प्रकाश पारिएका छन्। यसरी 'पूर्णिमा' को प्रकाशनले नेपालको इतिहासमा पूर्णता ल्याउँदै जाने हाम्रो लक्ष्यतिर हामी केही अगाडि बढेका छौं भन्ने हामीलाई लागेको छ। यसको ठीक ठीक परीक्षा परीक्षकहरूबाट हुनेनैछ भन्ने हामीलाई आशा छ।

हाम्रो देशमा ग्राहकको भरबाट मात्र राम्ररी पत्रिका चल्न सक्ने अवस्था आएको देखिंदैन। त्यसमा पनि एउटा विषयमा मात्र सीमित भएको पत्रिका चलाउन गाह्रो हुनु स्वाभाविक छ। यसै हुँदा 'पूर्णिमा' लाई यस रूपमा चलाउन हामीले निकै अर्थभार बोक्नुपरेको छ।

हामीले कुनै कुरामा पनि रहस्य राखेका छैनौं, सबै कुरा खुलस्त रूपमा लेखी आएका छौं। यस कारण 'पूर्णिमा' को आय-व्ययको विवरण पनि पाठकछेउ प्रस्तुत गर्नु आवश्यक सम्झेका छौं। यस वर्षको 'पूर्णिमा' को आय-व्ययको विवरण संक्षेपमा यस प्रकारको छ।

## आय–व्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी— | | —५४५७।७४ |
| ग्राहकबाट | १५४५। | |
| फुटकर बिक्रीबाट | २६३।२५ | |
| श्री ५ को सरकार शिक्षामन्त्रालयबाट संशोधन-मण्डलले पाएको अर्थ-सहायता | १०००। | |
| प्रत्येक रचयिता (संशोधन-मण्डलका सदस्य)—बाट महीनाको १५ रू. को दरले उठाइएको | १८००। | |
| लेखमा परेका चित्रफलक बनाउन रचयिताबाट आएको | ४८। | |
| गणितविषयक लेख छपाउन सो लेखका रचयिताबाट आएको | ७०१।४९ | |

÷यस वर्ष 'पूर्णिमा' मा जम्मा ४७$\frac{3}{4}$ फर्मा परेका छन्। तिनमा इतिहासविषयका लेख ३८$\frac{1}{2}$ फर्मा परेका छन्।

| | | |
|---|---|---|
| खर्च— | — — — — — — — — — — — | ४८७५।६३ |
| पहिलो अङ्कमा— | — — — — — — — | ६६५।५० |
| दोस्रो अङ्कमा— | — — — — — — — | ११४५।६८ |
| तेस्रो अङ्कमा— | — — — — — — — | ११६७।४० |
| चौथो अङ्कमा— | — — — — — — — | १४७५।२५ |
| विज्ञापनमा— | — — — — — — — | ६४। |
| डाँकखर्च— | — — — — — — — | २७।८० |
| बाँकी | — — — — — — — — — — — | ५८२।११ |

## शुद्धिपत्र

**पहिलो अङ्कको ६७ पृष्ठमा—**

| | अशुद्ध | शुद्ध |
|---|---|---|
| ५$\frac{१}{२}$ श्लोकमा | वृत्तखण्ड | नेमिखण्ड |
| त्यसको अर्थमा | वृत्तको | परिधिको |

**तेस्रो अङ्कमा—**

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ८६ | २६ | $0$ | $३०^\circ$ |
| ८७ | २७ | $=\frac{\sqrt{३\text{ त्रि}}}{२}$ | $=\frac{\sqrt{३\text{ त्रि}^२}}{२}$ |
| ८६ | १४ | $=\sqrt{}^{\frac{२\text{त्रि}^२+\sqrt{३\text{त्रि}^२}}{४}}$ | $=\sqrt{\frac{२\text{त्रि}^२+\sqrt{३\text{त्रि}^२}}{४}}$ |
| ६१ | १ सारणीमा | $\sqrt{}\frac{\text{त्रि}^२}{२}$ | $\sqrt{\frac{\text{त्रि}^२}{२}}$ |
| ,, | ,, | $\frac{\text{त्रि}^२}{\sqrt{२}}$ | $\sqrt{\frac{\text{त्रि}^२}{२}}$ |
| ,, | ,, | $\frac{\text{त्रि}}{\sqrt{२}}$ | $\frac{\text{त्रि}}{२}$ |

**चौथो अङ्कमा—**

८६ पृष्ठमा १ चित्रमा भुशिज न्यूनकोणको सट्टा समकोण हुनु राम्रो ।

का. मे. अ. द नं. १५५/२४६

कार्यालय—
संशोधन—मण्डल
१०/४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२१ माघ-संक्रान्ति

वार्षिक मूल्य- मो. रु. ५।
(डाँकखर्च अलग)
यस अङ्कको मूल्य मो.रु. २।

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
काठमाडौं, नेपाल